सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

१९ वैशाख २०८०, मंगलबार (2 May 2023, Tuesday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १९ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

# आठ वर्षपछि तातोपानी नाकाबाट निर्यात

## पहिलोपटक हस्तकलाका तीन कन्टेनर सामान पठाइयो खासा



नेपाली सामान बोकेर खासातर्फ जाँदै गरेको कन्टेनर

सिन्धुपाल्चोकमा **रामकृष्ण थापा**

१२ वैशाख ०७२ को भूकम्पपछि बन्द उत्तरी नाका तातोपानीबाट आठ वर्षपछि निर्यात सुरु भएको छ। नेपाल-चीन जिल्लास्तरीय सरकारी अधिकारीको उपस्थितिमा सोमबार तीन कन्टेनर सामान पठाएर निर्यात खुला गरिएको हो। हुम्लाको हिल्सा नाका पनि सोमबारदेखि नै मानिस र कार्गो ओहोर-दोहोरका खुला गरिएको छ।

यसअघि १५ जेठ ०७६ मै तातोपानीबाट आयात खुला गरिए पनि चीनले निर्यात भने रोकेको थियो। त्यसपछि कोभिडको समयमा संक्रमणको जोखिमले आयात रोकिएकोमा डिसेम्बर २०२२ देखि भने नियमित छ। निर्यात पनि खुला गर्न नेपालले पटक-पटक आग्रह गरेकोमा चीनले बल्ल सहमति दिएको छ।

पहिलोपटक सिल्क ट्रान्सपोर्ट कम्पनीका दुई र नमस्ते ट्रान्सपोर्ट कम्पनीको एक कन्टेनर सामान खासा पठाइएको छ। नेपालमा उत्पादित हस्तकलाका सामग्री झाङ्मु पोर्ट (खासा) प्रवेश गराएर निर्यात सञ्चालन गरिएको तातोपानी भन्सारका प्रमुख भन्सार अधिकृत दयानिधि केसीले बताए। 'नेपालमा उत्पादित म्याट्रेस, कुर्सी र मुढा खासा पठाएर निकासी सुरु गरिएको छ,' उनले भने। निर्यात उद्घाटन गर्दा कुनै औपचारिक कार्यक्रम भने गरिएन।

निकासी खुलाउन सिन्धुपाल्चोकका प्रमुख जिल्ला अधिकारी रमेश न्यौपाने र चीनतर्फ न्यालम काउन्टी प्रमुख मिस्टर झुओमाजीले बैठक बसेर सहमति गरेका थिए। चैत र वैशाखमा दुवै देशका अधिकारीबीच मितेरीपुलमा बैठक बसेर आयात-निर्यातका लागि सबै पूर्वाधार पूरा गर्ने सहमति भएको थियो। सहमतिअनुसार क्रस बोर्डर क्राइम नियन्त्रण गर्न दुवै देश मिलेर काम गर्ने उल्लेख छ। स्वतन्त्र तिब्बत गतिविधिबारे पनि सरकारी अधिकारीले छलफल गरेका थिए। नेपाल एक चीन नीतिमा रहेकाले दुवै मुलुक मिलेर काम गर्ने अनौपचारिक सहमति छ। नेपाल चेम्बर अफ कमर्स भोटेकोसीका अध्यक्ष फुनु शेर्पाले निकासी

» पृष्ठ ११ मा क्रमशः

### तीन नाका अझै खुलेनन्

नेपाल-चीन पारवहन सन्धिको प्रोटोकलले दुई देशबीचका ६ वटा नाकाबाट अन्तर्राष्ट्रिय व्यापार गर्न सकिने व्यवस्था गरेको छ। प्रोटोकलले रसुवाको केरुङ, सिन्धुपाल्चोकको तातोपानी, हुम्लाको हिल्सा, संखुवासभाको किमाथांका, मुस्ताङको कोरला र ताप्लेजुङको ओलाङचुङगोला नाकामार्फत पारवहन ढुवानी गर्न सकिने व्यवस्था गरिएको छ। तर, किमाथांका, कोरला र ओलाङचुङगोला नाका अझै खुलेका छैनन्। ओलाङचुङगोला नाका खोल्न केही दिनअघि दुई देशको स्थानीय अधिकारीहरूबीच छलफल भएको थियो।

### पूर्वाधार स्तरोन्नति गर्दै निर्यात बढाउनुपर्छ

● **रवि सैँजू**, पूर्वसहसचिव



नेपाल र चीनबीचको पुरानो नाका तातोपानी दुईतर्फी रूपमा चल्नु सकारात्मक हो। अहिले आयात-निर्यात मात्रै खुला गरिएको छ। अब यात्रुसमेत आवतजावत गर्न सकिने बनाइनुपर्छ। निर्यात बढाएर नेपालले लाभसमेत लिनुपर्छ। तर, यसका लागि नेपालतर्फका सडकलगायत पूर्वाधारको स्तरोन्नति गर्नु अत्यावश्यक छ। दुई देशबीचको पारवहन प्रोटोकलले बन्दरगाहमा दिएको पहुँच तथा नाकाको नेपालले सदुपयोग गर्न सक्नुपर्छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

# ■ उपाधिनजिक नेपाल




**नेपाली दर्शकको क्रिकेट मोह** : घरेलु मैदानमा भइरहेको एसिसी प्रिमियर कपको फाइनलमा नेपाल र युएईबीचको खेल हेर्न पुगेका दर्शकले त्रिवि क्रिकेट मैदान खचाखच भरिएको थियो। बिहान ९ बजे खेल सुरु भयो। टस जितेर नेपालले फिल्डिङ रोज्यो। युएईको २७.३ ओभर सकिँदा वर्षाका कारण ११:४८ मा दोस्रोपटक खेल रोकियो। आयोजकले मैदान पालले ढाके। वर्षा बढ्दै गए पनि दर्शकले स्थान छाडेनन्। खेलको प्रतीक्षामा उनीहरू छाता ओढेर तीन घन्टाभन्दा धेरै समय मैदानमै बसे। पानी पर्न नरोकिएपछि दिउँसो ३ बजे अम्पायरले खेल स्थगित गर्दै यही अवस्थाबाट मंगलबार सुरु गर्ने निर्णय गरे। त्यसपछि मात्रै दर्शक मैदानबाट बाहिरिए।

**रमेश सुवेदी**/नयाँ पत्रिका
तस्बिर : **दिपेन्द्र ढुंगाना**

सोमबार त्रिवि क्रिकेट मैदानमा युएईलाई १०६/९ को कमजोर अवस्थामा राखेको नेपाल एसिसी प्रिमियर कपको उपाधिनजिक छ। वर्षाका कारण फाइनलको पहिलो इनिङ्स २७.३ ओभरबाट अगाडि जान सकेन। मंगलबार 'रिजर्भ डे'मा युएईले यही अवस्थाबाट खेल्नेछ। ह्याट्रिकनजिक रहेका नेपालका ललित राजवंशीले बलिङ गर्नेछन्।

युएईको अन्तिम एक विकेट लिँदा नेपालले सहज लक्ष्य प्राप्त गर्न सक्छ। सोमबार वर्षाका कारण खेल रोकिनुअघि ललितले लगातार बलमा विकेट लिएका थिए। प्रतियोगिताको विजेतालाई सेप्टेम्बरमा पाकिस्तानमा आयोजना हुने एसिया कपमा प्रतिस्पर्धा गर्ने अवसर छ। एसिसी प्रिमियर कपको विजेताले सीधै एकदिवसीय फर्म्याट र टी-२० विश्वकपका पूर्वविजेता भारत र पाकिस्तानसँग खेल्नेछ।

युएई र नेपालबीच चलिरहेको उपाधि भिडन्तको रिजर्भ डेमा फेरि वर्षाले खेल बिथोलिदिन सक्छ। यदि, नेपालले लक्ष्य पछ्याउँदा झरीले प्रभावित पारे डिएलएस नियमअनुसार नयाँ लक्ष्य पाउनेछ। तर, यसका लागि नेपालले २० ओभरको खेल खेल्नुपर्छ। डिएलएस नियम लागू भएन भने उपाधिको छिनोफानो सम्भवतः सुपर ओभरबाट हुन सक्छ। सुपर ओभरमा समेत खेल गएन भने आइसिसीको एकदिवसीय वरीयताअनुसार विजेता घोषणा हुनेछ। यस्तो अवस्थामा नेपाल युएईभन्दा वरीयतामा माथि छ। आइसिसी एकदिवसीय वरीयतामा नेपाल १४औँ र युएई १९औँ स्थानमा छन्।

(विस्तृत पृष्ठ १२)

### ७० वर्षे इतिहासमा सगरमाथा आरोहणको अनुमति लिने यसपटक धेरै



यो सिजनका लागि चार सय ६६ आरोहीले लिए अनुमति, सबैभन्दा धेरै चिनियाँ, दोस्रोमा अमेरिकन

### दुई महिनामा अमेरिकामा तेस्रो बैंक टाट पल्टियो

फेडेरल डिपोजिट इन्स्योरेन्स कर्पोरेसनले गऱ्यो अमेरिकाको चौथौँ ठूलो फर्स्ट रिपब्लिक बैंक टाट पल्टिएको घोषणा

(विस्तृत पृष्ठ ९)




## ■ रास्वपा केन्द्रीय समिति बैठक

# सरकारमा गएर उत्कृष्ट काम गर्नुपर्ने अधिकांशको मत

बैठकमा सबै सदस्यलाई सरकारमा जाँदा र प्रतिपक्षमा बस्दाका फाइदा-बेफाइदाबारे अनिवार्य मत राख्न भनिएको थियो, धेरैजसोले सरकारको स्थिरता र मन्त्रालय सञ्चालनको स्वायत्तता हुँदा सरकारमा गएर उत्कृष्ट काम गर्न सकिने मत राखे



**अनिल यादव**/नयाँ पत्रिका

राष्ट्रिय स्वतन्त्र पार्टीका अधिकांश केन्द्रीय सदस्यले सरकारमा जाँदा उत्कृष्ट कार्यसम्पादन गरेर जनताको मन जित्न सकिने धारणा राखेका छन्। तर, त्यसका लागि सरकारको स्थिरता र मन्त्रालय सञ्चालनको स्वायत्तता चाहिने उनीहरूको भनाइ छ। रास्वपाको

» पृष्ठ ११ मा क्रमशः



● **मुकुल ढकाल**, महामन्त्री

हामीसँग अब्बल सांसद छन्। अवसर पाउँदा काम गर्न सकिन्छ भन्ने एक महिनामै देखिएकै थियो, त्यसैले सरकारमा सहभागी भएर जनतालाई डेलिभरी दिँदा अर्को चुनावमा बहुमत सिट जित्ने पार्टीको लक्ष्य पूरा हुने धेरैको मत थियो। चार वर्षपछि भोलि चुनावमा जाँदा काम के गरिस् भनेर जनताले प्रश्न गर्न सक्छन्, त्यसैले पनि स्थिर सरकारको ग्यारेन्टी र काम गर्न सक्ने स्वतन्त्र वातावरण बनेको अवस्थामा सरकारमा जाँदा नै फाइदा हुने साथीहरूको मत थियो।

### रास्वपाले समर्थन फिर्ता लिने स्थिति मैले देखेको छैन

नोट गर्नुहोला- यो सरकार पाँच वर्ष नै चल्छ। सरकार यताउता हुन्छ कि भन्ने निकै ठूलो भ्रम हो।

रविजी (रास्वपा सभापति)सँग मैले गरेको कुराकानीअनुसार उहाँले सरकारलाई दिएको समर्थन फिर्ता लिनुहुन्न। बरु सरकारमा आउनेबारे छलफल चलिरहेको छ। उहाँले पनि आफ्नो पार्टीमा र मैले गठबन्धनमा सल्लाह गर्ने कुरा भएको छ।




**पुष्पकमल दाहाल प्रचण्ड**, प्रधानमन्त्री

(प्रधानमन्त्रीसँग साक्षात्कार पृष्ठ ४)

■ सामुदायिक विद्यालय शिक्षा सुधारमा महानगर

# विद्यालय तह पूरा गर्दा कम्तीमा एउटा सीपयुक्त बनाइने

शिवहरि घिमिरे/नयाँ पत्रिका

पार्किङ व्यवस्थापन, अव्यवस्थित साइनबोर्ड हटाउने अभियानपछि काठमाडौं महानगरको नजर सामुदायिक विद्यालयको शिक्षा सुधारतर्फ परेको छ। यसका लागि मेयर साहले विद्यालयलाई व्यवस्थित र विद्यार्थीमैत्री बनाउन विभिन्न निर्णय र निर्देशन जारी गरिसकेका छन्।

उनले सामुदायिक मात्रै नभएर निजी र संस्थागत विद्यालयलाई समेत व्यवस्थित बन्न निर्देशन दिँदै आइरहेका छन्। निजी तथा संस्थागत विद्यालय जेहेनदार तथा न्यून आय भएकाहरूको पहुँचमा समेत पुऱ्याउन उनले जोड दिएका छन्। नयाँ शैक्षिक सत्र सुरु भएसँगै उनले विद्यालयले सुधार गर्नुपर्ने पक्षबारे भटाभट निर्देशन र निर्णय गरिरहेका छन्। उनले सामुदायिक विद्यालयका विद्यार्थीले ऐच्छिक रूपमा टाई लगाउन सक्ने, हरेक शुक्रबार बुक फ्री डे मनाउनुपर्ने, निजी तथा संस्थागत विद्यालयले अनिवार्य छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने, विद्यालयले किताब, कापी र ड्रेस बेच्न नपाउने, झोलाभरि किताब बोकेर विद्यालय आउन बाध्य नपार्ने, विद्यालयमा राजनीतिक कार्यक्रम गर्न नदिने, सीपमूलक शिक्षामा जोड दिनुपर्नेलगायत निर्देशन जारी गरेका छन्।

उनले शिक्षा क्षेत्र सुधारमा देखाएको कदमको चर्चासमेत हुन थालेको छ। उनको योजनामा सामुदायिक विद्यालयले साथ दिए विद्यार्थी बढ्ने विज्ञहरू बताउँछन्। राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष महाश्रम शर्माका अनुसार सामुदायिक विद्यालयको गुणस्तर सुधार स्थानीय सरकारले नै गर्नुपर्ने बताए। उनले शिक्षा प्रणाली व्यावहारिक भए मात्रै मानव जीवन परिवर्तन हुन सक्ने बताए। 'विद्यालय शिक्षा प्रणाली स्थानीय सरकारमातहत गइसकेको छ, विद्यालयलाई गुणस्तरीय बनाउने जिम्मा उनीहरूकै हो,' उनले भने, 'उपत्यकामा केही सामुदायिक विद्यालयले उदाहरणीय काम पनि गरेका छन्।' राज्य पुनर्संरचनासँगै विद्यालय शिक्षा स्थानीय तहको अधीनमा पुगेको हो। स्थानीय सरकारले नै क्षेत्र-क्षेत्रको शिक्षा र विद्यालय सुधार गर्नुपर्ने जिम्मा केन्द्र सरकारले तोकेको छ।

महानगरपालिकाका शिक्षा विभाग प्रमुख सीताराम कोइरालाले महानगरको नियमावली र नियमावलीमा समेत व्यवस्था नभएका राम्रा नियम लागू गर्न खोजेको बताए। 'मेयरसाबलाई सामुदायिक विद्यालय सुधार गर्ने हुटहुटी छ, कतिपय राम्रा काम गर्न कानुन चाहिँदैन,' उनले भने, 'यो वर्ष सामुदायिक विद्यालयलाई विद्यार्थीमैत्री र व्यावहारिक शिक्षा सिकाइतर्फ केन्द्रित गर्ने मेयरसाबको योजना छ।'

## ■ अघिल्ला मेयरले ल्याएकै नियमावली कार्यान्वयन

मेयर साहले पछिल्लो समय दिइरहेको निर्देशन र निर्णय तत्कालीन मेयर विद्यासुन्दर शाक्यले बनाएको विद्यालय शिक्षा नियमावलीमै व्यवस्था भएका विषय हुन्। महानगरले सामुदायिक र निजी विद्यालय शिक्षा व्यवस्थापन गर्न ०७४ मा 'विद्यालय शिक्षा व्यवस्थापन नियमावली २०७४' जारी गरेको थियो। 'मेयरसाबले गर्न खोजेको शिक्षा सुधारको काम नियमावलीअनुसारकै हो, यसअघि नियम बने पनि कार्यान्वयन भएको थिएन,' विभाग प्रमुख कोइरालाले भने, 'उक्त ऐनमा व्यवस्था गरिएका व्यवस्था अहिले लागू भएका हुन्।' तत्कालीन मेयर शाक्यका पालामा नियमावली लागू नहुँदा महानगरको शिक्षा प्रणाली भद्रगोल बन्न पुगेको छ।



## ■ के छ नियमावलीमा ?

महानगर विद्यालय शिक्षा व्यवस्थापन नियमावलीमा सामुदायिक र निजी विद्यालयमा टाई अनिवार्य गर्न नहुने, विद्यालयको नाम र चिह्नमा एकरूपता हुनुपर्ने, व्यावहारिक शिक्षामा जोड दिनुपर्ने, आत्मनिर्भर बनाउन व्यावहारिक शिक्षा दिनुपर्ने, बुक फ्री डे कार्यक्रम गर्नुपर्ने, शिक्षकको दरबन्दी बढाउने र दरबन्दी मिलान गरिनुपर्ने, निजी विद्यालयले अनिवार्य छात्रवृत्ति कार्यक्रम लागू गर्नुपर्नेलगायत व्यवस्था गरिएको छ।

## ■ सामुदायिक विद्यालयमा टाई अनिवार्य नहुने

विद्यार्थीलाई स्कुल जाँदा टाई अनिवार्य नहुने सूचना महानगरपालिकाले जारी गरिसकेको छ। अर्को वर्ष निजी स्कुलमा पनि यो नियम लागू गरिने महानगरका शिक्षा विभाग प्रमुख कोइरालाले बताए। 'महानगरभित्रका कुनै पनि सामुदायिक विद्यालयले विद्यार्थीलाई टाई अनिवार्य गर्न पाउँदैनन्,' उनले भने, 'यो नियम अर्को वर्षदेखि निजी विद्यालयमा पनि लागू हुन्छ।' विद्यार्थीलाई टाई लगाउनुपर्ने बाध्यकारी नियम तोड्न र विद्यालयले टाई किन्न विद्यार्थीसँग रकम असुलेको जानकारी पाएपछि महानगरले एक साताअघिदेखि त्यसलाई अनिवार्य नगर्ने निर्णय गरेको हो।

महानगरभित्रका विद्यालयले नाम र चिह्न नियमावलीअनुसारकै गर्नुपर्ने उल्लेख छ। विद्यालयको चिह्न र नाममा एकरूपता ल्याएर मौलिक र मापदण्डअनुरूप रहन विद्यालयहरूलाई महानगरका मेयर बालेन्द्र साहले निर्देशन दिएका छन्। उनले आइतबार सामाजिक सञ्जालमा लेख्दै विद्यालय शिक्षा व्यवस्थापन नियमावली ०७४ अनुसार नै यो नियम लागू गर्न खोजिएको बताएका छन्।

विद्यालयको नामकरण सम्बन्धमा समाज तथा राष्ट्रका लागि उल्लेखनीय योगदान गर्ने वा ऐतिहासिक व्यक्ति, देवीदेवता, तीर्थस्थल वा प्राकृतिक सम्पदा आदिका नामबाट नेपालीपन झल्कने गरी नामकरण गर्नुपर्ने व्यवस्था नियमावलीमा छ।

## ■ विद्यालयमा राजनीति नगर्न निर्देशन जारी

महानगरले विद्यालयमा राजनीतिक कार्यक्रम नगर्न र नगराउन सबै विद्यालयलाई निर्देशन जारी गरेको छ। विद्यालयलाई पत्र लेख्दै महानगरको शिक्षा विभागले सचेत गराएको हो। केही विद्यालयमा राजनीतिक दल तथा तिनका भ्रातृ संगठनका कार्यक्रम सञ्चालन भएकोमा ध्यानाकर्षण भएको जनाउँदै अबउप्रान्त यस्ता कार्यक्रम गरे कारबाही गरिने महानगरले ध्यानाकर्षण गराएको छ। शिक्षा ऐन तथा नियमावलीअनुसार पनि विद्यालयमा राजनीतिक गतिविध गर्न निषेध गरिएको छ। सरकारी कार्यालय तथा माथिल्लो तहका सरकारी कलेजहरूमा राजनीतिक दबदबा बढिरहेका वेला महानगरले त्यस्ता गतिविधि रोक्ने प्रयास गरेको छ। विद्यालय शान्ति क्षेत्र भएको र त्यस क्षेत्रमा राजनीतिक कार्यक्रम तथा गतिविधि गर्न नहुने भन्दै महानगरले कुनै पनि सरकारी तथा निजी विद्यालयमा राजनीतिक कार्यक्रम गर्न निषेध गरेको छ।

## ■ फ्राइडे : बुक फ्री डे

महानगरले विद्यार्थीलाई एक दिन पुस्तक र ब्याग बोक्नुपर्ने बाध्यताबाट छुटकारा दिने निर्णय गरेको छ। हरेक शुक्रबार विद्यार्थीले किताबकापीविनै विद्यालय जान सक्नेछन्। गत शुक्रबार विद्यालयलाई पत्राचार गर्दै महानगरले यो नियम कार्यान्वयन गर्न सामुदायिक विद्यालयलाई निर्देशन दिएको छ। यसको विपरीत विद्यार्थीलाई दबाब दिने र महानगरको निर्देशन पालना नगर्नेमाथि कारबाही गरिने चेतावनी महानगरका मेयर साहले दिएका छन्। विद्यार्थीलाई मनोरञ्जन, व्यावहारिक ज्ञान र उनीहरूको इच्छाअनुसारको सिकाइ क्रियाकलाप गर्नका लागि यस्तो नियम ल्याएको हो। सो कार्यक्रम कार्यान्वयन गर्न महानगरले प्रत्येक माध्यमिक विद्यालयलाई एक लाखका दरले बजेट वितरण गरिसकेको छ। यो बजेट आगामी वर्ष बढाएर कम्तीमा दुई लाख बनाउने महानगरका शिक्षा विभाग प्रमुख कोइरालाले बताए। त्यस्तै, यो नियम अर्को वर्षदेखि निजी विद्यालयलाई पनि अनिवार्य गरिनेछ।

## ■ आत्मनिर्भर बनाउन सीप

महानगरले विद्यार्थीलाई धोकन्ते तथा विदेशी शिक्षाभन्दा स्वदेशमै काम लाग्ने किसिमको सीपयुक्त सिकाइ गर्न खोजेको छ। सबै सामुदायिक विद्यालयले कम्तीमा गरिखान सक्ने किसिमको शैक्षिक जनशक्ति उत्पादन गर्नुपर्ने महानगरका शिक्षा विभाग प्रमुख सीताराम कोइरालाले जानकारी दिए। 'सामान्य र दैनिक जीवनमा काम लाग्ने शिक्षामा हामी जोड दिन्छौं, जे पढिन्छ त्यही व्यवहार लागू गर्न सक्ने किसिमको शिक्षा सरकारी विद्यालयले दिनुपर्छ,' उनले भने, 'शैक्षिक प्रमाणपत्रले गरिखान दिँदैन।' उनले त्यसका लागि प्राविधिक, व्यावहारिक, सीपयुक्त पढाइको योजना विद्यालयले तय गर्नुपर्ने बताए।



■ **महाश्रम शर्मा**, अध्यक्ष, राष्ट्रिय परीक्षा बोर्ड

**सामुदायिक विद्यालयको गुणस्तर सुधार स्थानीय सरकारमातहत गइसकेको छ। विद्यालयलाई गुणस्तरीय बनाउने जिम्मा अब उनीहरूकै हो। उपत्यकामा केही सामुदायिक विद्यालयले उदाहरणीय काम पनि गर्न थालिसकेका छन्। स्थानीय सरकारले नै क्षेत्र-क्षेत्रको शिक्षा र विद्यालय सुधार गर्नुपर्ने जिम्मा केन्द्र सरकारले तोकेको छ।**



■ **सीताराम कोइराला**, प्रमुख, शिक्षा विभाग, काठमाडौं महानगर

**सामान्य र दैनिक जीवनमा काम लाग्ने शिक्षामा हामी जोड दिन्छौं, जे पढिन्छ, त्यही व्यवहारमा लागू गर्न सक्ने किसिमको शिक्षा सरकारी विद्यालयले दिनुपर्छ। शैक्षिक प्रमाणपत्रले गरिखान दिँदैन। त्यसका लागि प्राविधिक, व्यावहारिक, सीपयुक्त पढाइको योजना विद्यालयले तय गर्नुपर्छ।**

## ■ शिक्षक दरबन्दी मिलान गरिने

महानगरभित्र रहेका केही सरकारी विद्यालयमा शिक्षकको संख्या चाहिनेभन्दा बढी छ भने केहीमा निकै कम छ। उक्त अवस्थालाई व्यवस्थानपन गर्न महानगरले दरबन्दी मिलान गरिने बताएको छ। कतिपय विद्यालयमा विषयशिक्षक नहुँदा अन्य विषय पढाउने शिक्षकले पठनपाठन पनि गरिरहेका छन्।

## ■ महानगरमा निजी विद्यालय हाबी

काठमाडौं महानगरमा सरकारी स्कुलको तुलनामा निजी स्कुल अत्यधिक बढी छन्। महानगरभित्र ५९ माध्यमिक विद्यालय र ३० प्राथमिक विद्यालय गरी ८९ वटा सामुदायिक विद्यालय छन् भने पाँच सय चारवटा निजी विद्यालय रहेका छन्। निजी विद्यालय संख्या धेरै रहेको महानगरको शिक्षा प्रणालीमा उनीहरूको हाबी छन्। सीमित संख्यामा रहेको सामुदायिक विद्यालयको गुणस्तरमा चासो नदिँदा ती विद्यालयमा विद्यार्थीको संख्या कम हुँदै गइरहेको छ भने सरकारी विद्यालय पछि पर्दै आइरहेका छन्। त्यसबाहेक केही सामुदायिक विद्यालयमा भने विद्यार्थीको संख्या थेगिनसक्नु छ।

---

सोमबार उपत्यकामा

**दक्षिणकाली** : १२ वर्षीया बालिका बलात्कार अभियोगमा दक्षिणकाली नपा-८, छैमलेका ३७ वर्षीय पूर्णबहादुर बलामीलाई प्रहरीले पक्राउ गरेको छ। बलामीले बालिकालाई गत १० वैशाखमा बलात्कार गरेको आरोप छ। पीडितको उजुरीपछि प्रहरीवृत्त कीर्तिपुरबाट खटिएको प्रहरीले उनलाई आइतबार पक्राउ गरेको हो। घटना सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

**पुतलीसडक** : दुःख र पापबाट मुक्तिको कामनासहित प्रत्येक वर्ष वैशाख शुक्ल एकादशीका दिन मनाइने मोहिनी एकादशी व्रत यस वर्ष सोमबार मनाइएको छ। एकादशी माहात्म्यको चर्चा भगवान् श्रीकृष्णले युधिष्ठिरलाई गरेको विभिन्न धार्मिक ग्रन्थहरूमा उल्लेख रहेको धर्मशास्त्रविद् एवं नेपाल पञ्चांग निर्णायक समितिका सदस्य प्रा.डा. देवमणि भट्टराईले जनाए। वैशाख शुक्ल एकादशीका दिनमा पर्ने मोहिनी एकादशी व्रतका विषयमा त्रेता युगमा रामचन्द्रले पनि गुरु वशिष्ठसँग प्रश्न गरेको उल्लेख छ। सीता वियोगका वेला दुःख र कष्ट नाशका लागि भगवान् रामचन्द्रले गुरु वशिष्ठसँग यो जिज्ञासा राखेपछि यसको महत्त्वबारे उनले प्रस्ट पारेको कथा रामायणलगायत ग्रन्थमा पनि उल्लेख गरिएको छ।

**जडीबुटी** : जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडका कर्मचारीले आफूहरूलाई सामाजिक सुरक्षा कोषमा समावेश गर्न माग गरेका छन्। सरकारले १ मे अर्थात् १३८औं अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाइरहेका वेलामा कर्मचारीहरूले सामाजिक सुरक्षा कोषमा समावेश गर्न माग गरेका हुन्। जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड कामदार संघका सचिव दीपेन्द्रबहादुर क्षेत्रीले २० वर्षदेखि काम गर्दै आएका कर्मचारीलाई अहिलेसम्म नियुक्तिपत्रसमेत नदिएको गुनासो गरे। 'जडीबुटी प्रशोधन केन्द्रमा कार्यरत श्रमिकलाई नियुक्तिपत्रको व्यवस्था गर्नुपर्ने, सामाजिक सुरक्षा कोष लागू गर्नुपर्ने, कामदारलाई चाडपर्व खर्च दिनुपर्ने, बिरामी बिदा दिनुपर्नेलगायत हाम्रो माग रहेको छ,' उनले भने।

## अखाद्य मह उद्योगमा प्रहरीको छापा



**काठमाडौं**/ अखाद्य मह उत्पादन गरी बिक्री-वितरण गरेको आरोपमा प्रहरीले एक व्यक्तिलाई पक्राउ गरेको छ। प्रहरी प्रभाग बुढानीलकण्ठले बुढानीलकण्ठस्थित गार्डेन एपिअरी उद्योग प्रालिमा सोमबार छापा हानी सञ्चालक पवन सत्याललाई पक्राउ गरेको हो।

उनले उद्योगमा अस्वास्थ्यकर मह बनाउने गरेको प्रहरीको दाबी छ। चिनीमा केमिकल राखेर मह बनाउँदै आएको पुष्टि भएपछि पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंले जनाएको छ।

उनको उद्योगबाट सात सय बट्टा तयारी मह, ४० बाल्टिन कच्चा पदार्थ बरामद गरिएको बुढानीलकण्ठ प्रहरी प्रभागका इन्सपेक्टर दीपेन्द्र चन्दले बताए। महमा अखाद्य वस्तुहरू मिसावट गरेर बिक्री हुँदै आएको उनले बताए। पक्राउ परेकाउपर सामाजिक अपराध ऐनअन्तर्गत कारबाही हुने प्रहरीले जनाएको छ।

---

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय

**सेती राजमार्ग (दक्षिण खण्ड) टिकापुर-लोडे-चैनपुर सडक योजना**

साँफेबगर, अछाम

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति : २०८०/०१/१९ **(2023-05-02)**

यस कार्यालयबाट निम्न बमोजिम निर्माण कार्यका लागि मिति २०७९/११/२५ (2023-03-09) मा नयाँ पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरीएकोमा निर्धारित म्याद भित्र पेश हुन आएका बोलपत्रहरुमध्ये मिति २०८०/०१/१५ मा खोलिएका आर्थिक प्रस्तावमा तपशिल बमोजिम बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S.N. | Contract Identification No./Description of Works | Bidder | Bid Price (Including PS & VAT) NRs. |
|---|---|---|---|
| 1 | SRRP/337011264/Works/NCB-03/079/80 Roadway Cutting and Construction of Structural works on Dogadichaur-Tamail Road Section (Chainage 205+000 to 232+000 Km), Bajhang District. | M/S Shree Surma Sarobar Nirman Sewa, Daulichaur-08, Bajhang | 3,93,67,491.05 |

**योजना प्रमुख**

---

**Government of Nepal**
**Ministry of Water Supply**
**Department of Water Supply and Sewerage Management**

**Federal Water Supply & Sewerage Management Project**
**Surkhet**

**INVITATION FOR BIDS (NCB)**

First Date of Publication: 2080/01/19 BS (2022/05/02 AD)

Federal Water Supply and Sewerage Management Project, Surkhet invites electronic bids under e-Procurement system of PPMO from eligible and qualified bidders for the procurement of following works.

| Contract Identification No. | Description of work | Work experience of similar size and nature | Average Annual Turnover | Bid Security Amount | Last date of bid submission | Cost of Bid Document |
|---|---|---|---|---|---|---|
| 05/FWSSMP-Surkhet/NCB/WORKS/79-80 | Construction of Siddhakumakh Water Supply Project, Salyan | 1 Contract within last 10 years with a value of at least NRs. 9,75,00,000/- | NRs. 8,94,00,000/- of best 3 years within last 10 years | NRs. 46,00,000/- | 2080/02/18 12:00 Noon | NRs. 10,000/- |

1. A complete set of Bidding Documents need to be purchased from e-Procurement system of PPMO http://www.bolpatra.gov.np/egp only, upon payment of a non-refundable fee of 10,000 NRs. on below account number before 2080/02/18, 12:00 Noon.
   A/C No.: 1000100200010000, Name of the Bank: Rastriya Banijya Bank Ltd., A/C Name: Revenue, Office Code No.: 313016801, Revenue Code No.: 14229.
2. Eligible Bidders may obtain further information from Federal Water Supply & Sewerage Management Project, Surkhet Telephone No.:083-523248, Email: fwssmp.surkhet@gmail.com or may visit PPMO website http://www.bolpatra.gov.np/egp.
3. Bid must be valid for a period of 120 days after bid opening and must be accompanied by a bid security amounting to as mentioned above which shall be valid for 30 days beyond the validity period of the bid.
4. The technical bids will be opened electronically in the presence of bidders' representatives, who choose to attend 13:00 hour onwards on the last day of bid submission (2080/02/18) at Federal Water Supply & Sewerage Management Project, Surkhet. In case, the last date of purchasing, submission or opening of bid happens to be a holiday, the next working day will be deemed as the due date but the time will be the same as stipulated above.
5. After the completion of evaluations of technical bids, the substantially responsive evaluated bidders will be invited to attend the opening of price bids. The date, time and location of opening of price bid shall be notified in writing.
6. Bidders are advised to visit site and access the actual site conditions before attending pre bid meeting on 2080/02/05 B.S. at 1:00 PM and before submitting their bid.
7. Other related rules and regulations are as per Public Procurement Act, 2063 and Public Procurement Regulations, 2064 following all revision and other prevailing law of Nepal.

**Project Chief**

---

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना**

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पत्ति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दै-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण | धितोको विवरण |
|---|---|---|
| १) | **गुरु प्रसाद थारु**<br>स्थायी ठेगाना : बाँके जिल्ला, टिटिहिरिया गा.वि.स. वडा नं. ५<br>हालको ठेगाना : बाँके जिल्ला, बैजनाथ गा.पा. वडा नं. ८<br>बाबु : हरिश चन्द्र चौधरी<br>बाजे : पतिलाल चौधरी | शिवनारायण चौधरीको नाती, पतिलाल चौधरीको छोरा, बाँके जिल्ला, हसनापुर गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, बैजनाथ गा.पा. वडा नं. ८ बस्ने हरिश चन्द्र चौधरीको नाममा मालपोत कार्यालय नेपालगंज, बाँके को लगतमा दर्ता कायम रहेको, बाँके जिल्ला, टिटिहिरिया गा.वि.स. वडा नं. ६ (हाल बैजनाथ गा.पा. वडा नं. ८) स्थित किता नं. ६६३ र ६६६ को क्षेत्रफल क्रमशः ४२७.५० र ९२०२.५० (व.मी.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । |
| | **जमानीकर्ताहरुको विवरण** | |
| | **१) रिता कुमारी थारु**<br>स्थायी ठेगाना : बाँके जिल्ला, टिटिहिरिया गा.वि.स. वडा नं. ५<br>हालको ठेगाना : बाँके जिल्ला, बैजनाथ गा.पा. वडा नं. ८<br>बाबु : कृष्ण प्रसाद थारु<br>ससुरा : हरिश चन्द्र चौधरी<br>पति : गुरु प्रसाद थारु | **२) हरिश चन्द्र चौधरी**<br>स्थायी ठेगाना : बाँके जिल्ला, हसनापुर गा.वि.स. वडा नं. ३<br>हालको ठेगाना : बाँके जिल्ला, बैजनाथ गा.पा. वडा नं. ८<br>बाबु : पतिलाल चौधरी<br>बाजे : शिवनारायण चौधरी | **३) कृष्ण कुमारी चौधरी**<br>स्थायी ठेगाना : बाँके जिल्ला, टिटिहिरिया गा.पं. वडा नं. ५<br>हालको ठेगाना : बाँके जिल्ला, बैजनाथ गा.पा. वडा नं. ८<br>बाबु : झरफाही चौधरी<br>ससुरा : पतिलाल चौधरी<br>पति : हरिश चन्द्र चौधरी |
| | **ऋणीको विवरण** | **धितोको विवरण** |
| २) | नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य कार्यालय रुपन्देहीमा प्रा.फ.र.नं. ४२६८६/०७५ स्थानीय व्यापार अन्तर्गत मिति २०७५/०४/३० मा प्राईमेट फर्म रजिष्ट्रेशन ऐन २०७४ बमोजिम दर्ता भएको रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ११ स्थित ॐ शान्ती ज्वेलर्स<br><br>प्रोप्राईटर तथा जमानीकर्ता : सचिन रिसाल<br>स्थायी ठेगाना : पाल्पा जिल्ला, बौद्ध पोस्खराथोक गा.वि.स. वडा नं. ५<br>हालको ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ११<br>बाबु : दिल बहादुर विश्वकर्मा<br>बाजे : धनविर विश्वकर्मा | १) लिले कामीकी छोरी, धनविर विश्वकर्माकी बुहारी, दिल बहादुर विश्वकर्माकी पत्नी, पाल्पा जिल्ला, बौद्धपोस्खराथोक गा.वि.स. वडा नं. ५, स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ११ मा बस्ने शान्ता विश्वकर्माको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको, रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. २/स (हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ११) स्थित किता नं. ४६१५ को क्षेत्रफल ०-०-४-० (बिगाहा) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगालगापात समेत ।<br>२) ॐ शान्ती ज्वेलर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |
| | **जमानीकर्ताहरुको विवरण** | |
| | **१) बिजय वि.क. रिसाल**<br>स्थायी ठेगाना : पाल्पा जिल्ला, बौद्ध पोस्खराथोक गा.वि.स. वडा नं. ५<br>हालको ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ११<br>बाबु : दिल बहादुर विश्वकर्मा<br>बाजे : धनविर विश्वकर्मा | **२) शान्ता विश्वकर्मा**<br>स्थायी ठेगाना : पाल्पा जिल्ला, बौद्ध पोस्खराथोक गा.वि.स. वडा नं. ५<br>हालको ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ११<br>बाबु : लिले कामी<br>ससुरा : धनविर विश्वकर्मा<br>पति : दिल बहादुर विश्वकर्मा | **३) विपना खड्का**<br>स्थायी ठेगाना : रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. २<br>हालको ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ११<br>बाबु : रवि विश्वकर्मा<br>ससुरा : दिल बहादुर विश्वकर्मा<br>पति : सचिन रिसाल | **४) दिल बहादुर विश्वकर्मा**<br>स्थायी ठेगाना : पाल्पा जिल्ला, बौद्ध पोस्खराथोक गा.वि.स. वडा नं. ५<br>हालको ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ११<br>बाबु : धनविर विश्वकर्मा<br>बाजे : मनविर विश्वकर्मा |

**नोट:** ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

# नेपाल–भारत सीमास्तम्भको पुनर्स्थापना र मर्मत सशस्त्र प्रहरीले गर्ने

## आठ हजार आठ सय ५३ सीमास्तम्भमध्ये आधा भारत तथा आधा नेपालले मर्मत गर्ने समझदारी




नेपाल-भारत सीमास्थित कचनकवल- ५ पाठामारीमा रहेको ११२ नम्बरको सीमास्तम्भ। मेची नदीको कटानका कारण यो सीमास्तम्भ जोखिममा छ। तस्बिर : नयाँ पत्रिका

**नवराज मैनाली**/नयाँ पत्रिका

सरकारले निर्णय गरेको करिब तीन वर्षपछि सशस्त्र प्रहरी बलले सीमाक्षेत्रका सीमास्तम्भको पुनर्स्थापना तथा मर्मतसम्बन्धी काम सुरु गर्ने भएको छ। सशस्त्र प्रहरीले सीमास्तम्भको मर्मतसम्भार पुनर्स्थापनासम्बन्धी कार्यविधि २०७९ बनाएर स्वीकृतिका लागि अघि बढाएको छ। कार्यविधि स्वीकृत भएलगत्तै सीमास्तम्भ मर्मतको काम अघि बढाइने सशस्त्र प्रहरी बलका प्रवक्ता एसएसपी राजेन्द्र खड्काले बताए। यससम्बन्धी कार्यविधि नबन्दा सीमास्तम्भ मर्मत रोकिँदै आएको थियो।

सीमा सुरक्षाको डेडिकेटेड फोर्स रहेको सशस्त्र प्रहरीलाई ०७७ साउनमा सरकारले सीमास्तम्भको मर्मतसम्भार पुनर्स्थापनाको जिम्मेवारी दिएको थियो। तर, यससम्बन्धी कार्यविधि नहुँदा काम सुरु हुन सकेको थिएन। 'भारतको सशस्त्र सीमाबलले हामीसँगको समन्वयमा ६ सय २७ वटा सीमास्तम्भको मर्मत गरिसकेको छ,' सोमबार सशस्त्र प्रहरी प्रधान कार्यालय हचलोकमा आयोजित पत्रकार सम्मेलनमा सशस्त्र प्रहरीका प्रवक्ता एसएसपी खड्काले भने, 'कार्यविधि स्वीकृत भएलगत्तै हामी पनि मर्मतको काम सुरु गर्छौं।'

नापी विभागको तथ्यांकअनुसार नेपाल भारत खुला सीमामा आठ हजार आठ सय ५३ सीमास्तम्भ छन्। त्यसमध्ये कतिपय हराएका छन् भने कतिपय भत्किएका छन्। तीमध्ये आधा भारतले तथा आधा नेपालले मर्मत गर्ने समझदारी छ। भारतले आफ्नो भागमा परेको मर्मत गरिहँदा नेपालले भने प्रक्रिया नमिलेको भन्दै अझै सुरु गरेको छैन। सशस्त्र प्रहरीले बल्ल यसमा सक्रियता देखाएको छ।

### ■ सीमा सहजीकरण समिति गठन हुने

सीमा सुरक्षामा स्थानीयको अपनत्व बढाउन सीमाक्षेत्रमा सीमा सहजीकरण समिति गठन हुने भएका छन्। स्थानीय वडाध्यक्षको नेतृत्वमा यस्तो समिति गठन गर्न लागिएको छ।

यसका लागि सशस्त्र प्रहरीले सीमा सुरक्षा सहजीकरण कार्यविधि २०७९ बनाएको छ। कार्यविधि स्वीकृति भएलगत्तै कार्यान्वयनमा लगिने सशस्त्र प्रहरी प्रवक्ता खड्काले बताए। 'हरेक बिओपीले आफ्नो कार्यक्षेत्रमा जनप्रतिनिधिको अध्यक्षतामा सीमा सुरक्षा सहजीकरण समिति बनाउनेछन्,' उनले भने, 'त्यसमा सशस्त्र प्रहरी, नेपाल प्रहरी तथा अन्य स्थानीयको प्रतिनिधित्व हुन्छ, यसबाट स्थानीयको अपनत्व हुने भएकाले सीमा सुरक्षा अझै बलियो हुनेछ।' यससँगै सीमाक्षेत्र विकास कार्यक्रम पनि सशस्त्रले अघि बढाउन लागेको छ। सीमाक्षेत्रको सुरक्षा मजबुत गर्न सशस्त्र प्रहरीमार्फत सीमाक्षेत्रमा विकासका साना कार्यक्रम लैजान लागिएको छ। यसका लागि सरकारले बजेट भने दिएको छैन। भारतको एसएसबीले पनि यस्तो कार्यक्रम सञ्चालन गरेको छ।



● **एसएसपी राजेन्द्र खड्का**, प्रवक्ता सशस्त्र प्रहरी बल

**भारतको सशस्त्र सीमाबलले हामीसँगको समन्वयमा ६ सय २७ वटा सीमा स्तम्भको मर्मत गरिसकेको छ। कार्यविधि स्वीकृत भएलगत्तै हामी पनि मर्मतको काम सुरु गर्छौं।**

### ■ एकैदिन २१ बिओपी स्थापना

सशस्त्र प्रहरी बलले आइतबार २१ वटा बिओपी स्थापना गरेको छ। हालकै जनशक्तिबाट व्यवस्थापन गरी सशस्त्र प्रहरीले बिओपी विस्तार गरेको हो। सशस्त्र प्रहरी प्रवक्ता एसएसपी राजेन्द्र खड्काका अनुसार आइतबार २१ बिओपी थपिएसँगै सीमामा सशस्त्रको बिओपी दुई सय ४९ पुगेको छ। थप पाँचवटा स्थापना हुने क्रममा रहेको उनले बताए।

आइतबार झापाको डाँगाबारी र आल्तामारी, सुनसरीको हर्वोनी, मोरङको तारीगामा र मधुमल्ला, सप्तरीको काचन, बाराको सनफुलवामा बिओपी स्थापना भएको छ। त्यस्तै, बर्दियामा सात, दाङमा पाँच र बाँकेका दुई नाकामा बिओपी स्थापना भएको छ। बर्दियाको मानपुर, शक्तिपुर, खैरीचन्दपुर, जमुनी, सानो डाँफे, टेपरी, शंकपुर, दाङको भोरेसाल, बोक्यास्यारी, सुक्खा नाका, फोहारी र छेंग्रिया तथा बाँकेको गुर्जनगौरी र बडवागाउँमा बिओपी स्थापना भएका छन्। दार्चुलाको तिंकर तथा सुनसेरामा बिओपी स्थापनाको तयारी अन्तिम चरणमा पुगेको छ। सशस्त्र प्रहरीलाई सीमा सुरक्षाको डेडिकेटेड फोर्सका रूपमा लैजाने योजनाअनुसार जनशक्ति सीमाक्षेत्रमा बढाइएको एसएसपी खड्काले बताए।

### ■ आईजिपी अर्यालका एक वर्ष पूर्वानुमान सूचीदेखि पिजिडी कक्षासम्म

सशस्त्र महानिरीक्षक राजु अर्यालले संगठनको नेतृत्व सम्हालेको एक वर्षको अवधिमा सशस्त्र प्रहरीले पत्रकार सम्मेलन उपलब्धि र भावी योजना सार्वजनिक गरेको छ। कमान्डका लागि पूर्वानुमान सूची प्रकाशन गरी सरुवालाई अनुमानयोग्य बनाइएको, शान्ति मिसनको छनोटलाई पूर्ण पारदर्शी बनाइएको, अत्यावश्यक अवस्थामा बाहेक सादा पोसाकमा खटाउन बन्द गरिएको र यसले संगठनलाई सशक्त बनाएको सशस्त्र प्रहरीको दाबी छ।

प्रतिआतंकवाद एकाइ गठन, सीमा अध्ययन केन्द्रको स्थापना, सशस्त्र प्रहरी अस्पतालको विस्तार तथा क्षमतावृद्धि, मालीमा नयाँ एफपियस मिसन र कर्मचारीलाई टेलि-मेडिसिन सेवाको सुरुवातलाई आईजिपीको एक वर्षको उपलब्धिका रूपमा सार्वजनिक गरिएको छ। यस अवधिमा सीमा सुरक्षासम्बन्धी पिजिडी कक्षा, सीमाक्षेत्र विकास कार्यक्रम, सीमास्तम्भको मर्मतसम्भारलगायतको योजना अघि बढिरहेको सशस्त्र प्रवक्ता खड्काले जानकारी दिए। साथै, राजस्व असुली बढेको तथा सीमाक्षेत्रमा एक सय घरटहरा हटाइएको सशस्त्र प्रहरीले जनाएको छ। आगामी योजनामा वृत्ति विकास योजना बनाउने, तीनवटा तालिम केन्द्र सञ्चालन गर्ने, रेल्वे सुरक्षा गण बनाउने, सबै प्रदेशमा एपिएफ स्कुल स्थापना गर्ने तथा डिजिटल बोर्डरको अवधारणा कार्यान्वयन गर्ने छन्।

### ■ मुख्य म्यान्डेटमा केन्द्रित भएका छौं : आइजिपी अर्याल




सशस्त्र प्रहरी बलका आइजिपी राजु अर्यालले सशस्त्र प्रहरीलाई सीमा सुरक्षामा केन्द्रीत गर्दै लागिएको बताए। दरबन्दी अभावका कारण बिओपी विस्तार रोकिँदै आएकोमा देशको आवश्यकताका आधारमा अन्य क्षेत्रमा खटिएका जनशक्ति कटौती गरेर सीमामा खटाउन थालिएको उनको भनाइ छ। 'सीमा सुरक्षा हाम्रो मुख्य म्यान्डेट हो, अब जनशक्ति थपिएन भनेर बिओपी नथपी बस्ने अवस्था भएन,' पत्रकार सम्मेलनमा उनले भने, 'कार्यदिशको प्राथमिकताका आधारमा जनशक्ति व्यवस्थापन गरी सीमामा राख्दै जान्छौं, सुविधा पाउँदा मात्र होइन, सुविधा नहुँदा पनि हामीले काम गर्नुपर्ने हुन्छ। टेन्ट टाँगेर पनि सीमा सुरक्षाको दायित्वमा अघि बढ्छौं।'

# धार्केमा सडक भासिएपछि पृथ्वी राजमार्ग ठप्प

## पूर्व-पश्चिमबाट काठमाडौं भित्रिने सवारीसाधनलाई वैकल्पिक बाटो प्रयोग गर्न आग्रह



धादिङको धुनीबेंसी नगरपालिका- ६ धार्के र थाक्रे गाउँपालिका- ८ सिमाना जोड्ने पुलनजिकै भासिएको सडक। तस्बिर : नयाँ पत्रिका

धादिङमा **अर्जुन श्रेष्ठ**

धादिङको धार्केमा गणेश खोला पुलनजिकै सडक भासिएपछि पृथ्वी राजमार्ग ठप्प बनेको छ। सोमबार धुनीबेंसी नगरपालिका- ६ धार्के र थाक्रे गाउँपालिका- ८ सिमाना जोड्ने पुलनजिकै भासिँदा राजमार्ग दुवैतर्फ ठप्प भएको हो।

नयाँपुलको निर्माण भइरहेको र वर्षाका कारण सडक भासिएपछि सडक अवरुद्ध बनेको जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी नायब उपरीक्षक शन्तुलालप्रसाद जैसवारले बताए। सडकको बीच भागमा पनि भ्वाङ परेको छ। 'अहिले दुवैतर्फ सवारी बन्द छ। नगरपालिका र गाउँपालिकासहित हामी अवरुद्ध सडक खुलाउन र वैकल्पिक बाटो खोज्न लागिपरेका छौं। काठमाडौं भित्रिने र बाहिरिने सवारीलाई वैकल्पिक बाटोबाट पास गराउने प्रयास भइरहेको छ,' उनले भने।

अवरुद्ध राजमार्ग सोमबार रातिसम्म खुल्ने सम्भावना न्यून रहेको उनले बताए। खोलाको तल भागबाटै तानिएर माटो बगेको छ। 'अवरुद्ध राजमार्ग सम्भवतः मंगलबार मात्रै खुलाउन सकिएला। समय लाग्छ, यतिवेलैबाट खुल्छ भन्न सकिने अवस्था छैन। भासिएको भागमा पर्खाल लगाउने र भ्वाङ परेको भाग पुर्ने काम भइरहेको छ। निरन्तर काम गर्दा पनि कम्तीमा पाँच घन्टाभन्दा बढी समय लाग्ने इन्जिनियरले बताएका छन्। तर वर्षाका कारण काम गर्न कठिनाइ भएको छ।



● **शन्तुलाल जैसवार**, डिएसपी, धादिङ

**अहिले दुवैतर्फ सवारी बन्द छ। नगरपालिका र गाउँपालिकासहित हामी अवरुद्ध सडक खुलाउन र वैकल्पिक बाटो खोज्न लागिपरेका छौं। काठमाडौं भित्रिने र बाहिरिने सवारीलाई वैकल्पिक बाटोबाट पास गराउने प्रयास भइरहेको छ।**

सकेसम्म चाँडै राजमार्ग खुलाउने प्रयासमा छौं,' डिएसपी जैसवारले भने।

पूर्व-पश्चिमबाट काठमाडौं भित्रिने र बाहिरने यो नै एकमात्र राजमार्ग हो। पृथ्वी राजमार्ग भएर ६८ जिल्लाबाट दैनिक हजारौंको संख्यामा सवारी र यात्रु आवतजावत गर्छन्। राजमार्ग अवरुद्ध बनेपछि सकसमा परेका यात्रुहरू वैकल्पिक मार्गको खोजीमा छन्। धादिङ, नुवाकोट र रसुवाबाट काठमाडौं भित्रिने र बाहिरिनेहरूले नुवाकोटको त्रिशूलीबाट छहरे-ढिकुरेको बाटो प्रयोग गर्न सक्छन्। पूर्व-पश्चिमबाट काठमाडौं आउजाउ गर्ने सवारीले हेटौंडा हुँदै दामन-पालुङबाट नौबिसे निस्कने बाटो प्रयोग गर्न सकिन्छ। हेटौंडा, भैंसे, भीमफेदी, कुलेखानी, फर्पिङको बाटोलाई वैकल्पिक बाटोको रूपमा लिन सकिन्छ।

## संक्षेप

### ■ क्रान्तिकारी कम्युनिस्ट पार्टीको अध्यक्ष मोहन वैद्य, प्रवक्तामा बास्तोला

**काठमाडौं**/ मोहन वैद्य किरण नेतृत्वको नेकपा क्रान्तिकारी माओवादी र धर्मेन्द्र बास्तोला नेतृत्वको नेकपा बहुमतबीच एकीकरण भएर क्रान्तिकारी कम्युनिस्ट पार्टी गठन भएको छ। नयाँ पार्टीमा वैद्यले अध्यक्ष र बास्तोलाले प्रवक्ताको जिम्मेवारी सम्हालेका छन्। केन्द्रीय कार्यालय, सचिवालय र केन्द्रीय समिति पनि गठन गरिएको छ। 'मालेमावादी सिद्धान्त'मा आधारित रहेर पार्टी एकता गरिएको वैद्यले बताए। विद्यमान बहुलवादी संसदीय व्यवस्थाको अन्त्य र संघीय जनगणतन्त्र नेपालको स्थापनालाई क्रान्तिकारी कार्यदिशा बनाइएको उनको भनाइ छ। उनले क्रान्तिकारी, छरिएर रहेका ससाना समूह र व्यक्तिलाई एकता प्रक्रियामा ध्रुवीकृत र एकीकृत हुन आह्वान पनि गरेका छन्। नीति, राजनीति, विचारका हिसाबले परिवर्तन चाहने पार्टी समूह, व्यक्ति एकताबद्ध हुन सक्ने बास्तोलाले बताए। आमकार्यक्रमका रूपमा नयाँ जनवादी क्रान्तिको खुड्किला पार गर्दै आधारभूत कार्यक्रम वैज्ञानिक समाजवादी क्रान्ति सम्पन्न गर्ने लक्ष्य पार्टीले लिएको प्रवक्ता धर्मेन्द्र बास्तोलाले जानकारी दिए। राजनीतिक अस्थिरतालाई सम्बोधन गर्ने गरी कार्यक्रम तय गर्ने उनले बताए।

### ■ उपचार खर्च आफैं व्यहोर्न राष्ट्रपतिलाई महामन्त्री थापाको आग्रह

**काठमाडौं**/ कांग्रेस महामन्त्री गगन थापाले राष्ट्रपति रामचन्द्र पौडेललाई उपचार खर्च आफैं व्यहोर्न आग्रह गरेका छन्। अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा नेपाल ट्रेड युनियन कांग्रेसले सोमबार राजधानीमा आयोजना गरेको कार्यक्रममा उनले भारतमा उपचार गरेर आइतबार स्वदेश फर्किएका राष्ट्रपतिलाई राज्यकोषलाई भार नपार्न आग्रह गरेका हुन्। उनले राष्ट्रपतिलाई उपचार खर्च आफैं व्यहोर्छु भनेर सार्वजनिक गर्नु उपयुक्त हुने सुझाव दिए।

थापाले गणतन्त्रमा राज्यका उच्चपदस्थ व्यक्तिहरूले राज्यकोषबाट उपचार गर्ने र आमनागरिकले आफैं उपचार गर्नुपर्ने विभेद हुन नहुने बताए। 'हामीले संसद्बाट एउटा कानुन बनायौं। गणतन्त्र भनेको दुई खालको नागरिकहरू हुँदैन भन्यौं। सबै समान हुन्छ भन्यौं। त्यसैले गणतन्त्र नेपालमा हेर्दा सानो कुरा देखिन्छ। नेपालको राष्ट्राध्यक्ष राष्ट्रपति, प्रधानमन्त्री वा ठूलो मान्छे अस्वस्थ भयो भने उसको उपचार राज्यको कोषबाट, जनताले तिरेको करबाट बाहिर लगेर गर्ने। उसको उपचार खर्च जनताले व्यहोर्नुपर्ने अथवा राज्यकोषले व्यहोर्नुपर्ने। तर, नागरिकचाहिँ अस्पतालमा उपचार गर्दागर्दै पैसा तिर्न नसक्ने अवस्था आउनु गलत हो, यस्तो गर्न पाइँदैन,' उनले भने।

### ■ कांग्रेस नीति, अनुसन्धान प्रतिष्ठानको कार्यकारी निर्देशकमा आचार्य

**काठमाडौं**/ कांग्रेस नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशकको जिम्मेवारी डा. सुरेश आचार्यले पाएका छन्। मुख्यसचिव कृष्णप्रसाद पौडेलका अनुसार प्रतिष्ठानका प्रमुख कांग्रेस उपसभापति पूर्णबहादुर खड्काले सोमबार आचार्यलाई कार्यकारी निर्देशक नियुक्त गरेका हुन्। आचार्य नेपाल पत्रकार महासंघका पूर्वअध्यक्षसमेत हुन्। उनले कांग्रेसका विभिन्न समितिमा रहेर जिम्मेवारी सम्हालिसकेका छन्।

### ■ थाहा नगरका वडाध्यक्ष गाँजासहित पक्राउ

**हेटौंडा**/ मकवानपुरको थाहा नगरपालिकाका एक वडाध्यक्षसहित तीनजना लागुऔषध गाँजासहित पक्राउ परेका छन्। थाहा नगरपालिका- ७ का अध्यक्ष शिवराज थिङसहित तीनजना दुई सय दुई केजी गाँजासहित पक्राउ परेका हुन्। विशेष सूचनाका आधारमा लागुऔषध नियन्त्रण ब्युरो कोटेश्वर काठमाडौं र जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरी टोलीले उनीहरूको घरबाटै गाँजा बरामद गरेको हो। जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता एवं डिएसपी टेकबहादुर कार्कीका अनुसार वडाध्यक्ष ३९ वर्षीय थिङसहित सोही स्थानका ७६ वर्षीय भीमबहादुर थिङ र ६७ वर्षीय इन्द्रबहादुर थिङको घरमा लुकाइछिपाइ राखेको अवस्थामा उक्त परिमाणको गाँजा बरामद भएको हो। भीमबहादुर र शिवराजको घरबाट ३० वटा पोकामा रहेको २७ किलो गाँजाको धुलो र इन्द्रबहादुरको घरबाट १० वटा बोरामा रहेको एक सय ७५ किलो गाँजा गरी कुल दुई सय दुई किलो गाँजा तथा धुलो बरामद गरेको उनले जानकारी दिए।

# कैलाश मानसरोवर जाने पर्यटकको भिसा शुल्कमा तेब्बर वृद्धि

## कोभिडअघि प्रतिव्यक्ति ४१ सय रहेकोमा अहिले १३ हजार ६ सय ६० रुपैयाँ पुऱ्याइयो

**पर्शुराम काफ्ले**/नयाँ पत्रिका

चीनले नेपालबाट कैलाश मानसरोवर जाने पर्यटकको भिसा शुल्कमा तेब्बर वृद्धि गरेको छ। तीर्थयात्री समूहको सहयोगीका रूपमा नेपालबाट जाने कामदारहरूको भिसा पनि यो वर्षदेखि तेब्बर भएको छ। चीनले समूहमा कैलाश यात्रा गर्ने विदेशीहरूको बायोमेट्रिक अनिवार्य गर्दै भिसा प्राप्त गर्ने अवधि पनि पाँच दिन पुऱ्याएको छ। यसले नेपालबाट कैलाश यात्रा गर्न विदेशीहरू निरुत्साहित हुने जानकारहरू बताउँछन्।

कैलाश यात्रामा यात्रीहरू समूहगत रूपमा जाने गरेका छन्। उनीहरूको खानपिनदेखि बन्दोबस्तको सहयोगका लागि प्रतिसमूह पाँचजना नेपाली सहयोगी जाने गरेका छन्। कैलाशयात्रीहरूका सहयोगी भएर जाने नेपालीहरूको भिसाशुल्क बढाएर चीनले १३ हजार ६६० रुपैयाँ प्रतिव्यक्ति पुऱ्याएको छ। 'कोभिडभन्दा अगाडि ४१ सय रुपैयाँ हुँदा त महँगो थियो। अहिले तेब्बर बढेको छ,' एक टुर अपरेटरले नयाँ पत्रिकासँग भने, 'एउटा प्याकेज यात्राबाट १५-२० हजार रुपैयाँ कमाइ गर्ने सहयोगीका लागि भिसा शुल्क करिब १४ हजार पुग्नु साह्रै नै असहज हो। यो शुल्क यात्रुहरूले दिने सेवा शुल्कमा बढाएर लिनुपर्दा हामीलाई पनि अप्ठ्यारो भएको छ।' चिनियाँ भिसा सेन्टरले पनि शुल्क बढेको पुष्टि गरेको छ।

चीनका लागि नेपाली राजदूत विष्णुपुकार श्रेष्ठले कैलाश यात्रीको सहयोगी भएर तिब्बत जाने नेपाली श्रमिकको भिसा शुल्क बढेको विषयमा पहिलोपटक सुनेको बताए। 'म पहिलोपटक सुन्दै छु। यसबारे अहिलेसम्म मकहाँ जानकारी आएको छैन,' राजदूत श्रेष्ठले नयाँ पत्रिकासँग भने, 'बरु सीमित टुर अपरेटरलाई मात्रै कैलाश यात्राका लागि अनुमति दिइएको भन्ने गुनासो आएपछि मैले चिनियाँसम्बद्ध अधिकारीसँग यसबारे ध्यानाकर्षण गराएको थिएँ।' भिसा शुल्क बढेको विषयमा पनि सम्बन्धित चिनियाँ निकायसँग कुराकानी गरेर समाधान गर्नुपर्ने उनको भनाइ छ। राजदूत श्रेष्ठले चिनियाँ नागरिकलाई नेपालमा अनअराइभल निःशुल्क भिसा यथावत् रहेको बताए।

कैलाश यात्रामा जाने यात्रुहरूको भिसा प्राप्त गर्ने समय र प्रक्रिया चीनले झन्झटिलो बनाएको छ। 'काठमाडौंमा रहेको चिनियाँ भिसा सेन्टरले बायोमेट्रिक लिएर मात्रै भिसा प्रक्रिया अघि बढाउन थालेको छ,' एक व्यवसायीले भने, 'भिसा प्राप्त गर्ने अवधि पाँच दिन पुऱ्याएको छ। दुई साता छुट्टी लिएर कैलाशका लागि नेपाल आउने विदेशीहरू भिसाका लागि पाँच दिन कसरी काठमाडौं बस्न सक्छन् ?' उनीहरूलाई कैलाश जान तिब्बत सरकारले दिने अनुमति ल्हासाबाट सहजै प्राप्त हुने गरेको, तर भिसा प्रक्रियाका लागि भने चिनियाँ भिसा सेन्टरले समय लगाएको गुनासो गरे।

चीन सरकारले भारतीय नागरिकलाई कैलाश यात्रा जाने अनुमति दिइसकेको छैन। भारतबाट उनीहरूलाई तिब्बत प्रवेशमा रोक लगाएको छ। 'मेको अन्तिमसम्म भारतीय नागरिकलाई कैलाश यात्राका लागि अनुमति (परमिट) मिल्न सक्छ भनिएको छ। अनुमति प्राप्त भएको अवस्थामा भारतीय तीर्थयात्रीहरूलाई यात्रा गराउने ट्राभल एजेन्सीले सुरुमै ६० हजार अमेरिकी डलर (करिब ७८ लाख नेपाली रुपैयाँ) धरौटी राख्नुपर्ने भनेको छ। यो रकम पछि फिर्ता हुन्छ,' कैलाश यात्राका लागि भारतीयहरूको समूहसँग समन्वय गरिरहेका एक व्यवसायीले नयाँ पत्रिकासँग भने, 'विगतमा यस्तो अवस्था थिएन। भारतीयबाहेकको हकमा डिपोजिट राख्नुपर्दैन।'

कैलाश मानसरोवरका लागि हरेक वर्षको मेदेखि सेप्टेम्बरसम्म मुख्य सिजन मानिन्छ। कैलाशको यात्रा गराउने पर्यटन व्यवसायीहरूको संस्था एसोसिएसन अफ कैलाश टुर अपरेटर्ससँग चिनियाँ अधिकारी सम्पर्कमा छन्।


**Triveni Rural Municipality**
**Office of the Rural Municipal Executive**
Jugar, Rolpa
Lumbini Province, Nepal

**INVITATION FOR BIDS**

**Date of publication : May 02, 2023**

1. **Tribeni Rural Municipality, Jugar, Rolpa** invites electronic bids from eligible bidders as per details given below.

| Contract No. | Name of Road | Bidding procedures | Cost of Bid Document | Bid Security | | Estimated Cost (Without VAT & Contingency) |
|---|---|---|---|---|---|---|
| | | | | Amount | Validity Period up to | |
| TRM/ROLPA/WORKS/ NCB/ 06/079/080 | Construction of Industrial Gram | Single Stage Single Envelope(NCB) | NRs. 3,000.00 | NRs. 2,80,000.00 | 120 days from date of bid opening | NRs. 1,11,12,954.19 |
| TRM/ROLPA/GOODS/ SQ/ 07/079/080 | Procurement of Steel Parts of Sibang Khola Dolidada Truss Bridge | Single Stage Single Envelope(SQ) | NRs. 1,000.00 | NRs. 40,000.00 | 90 days from date of bid opening | NRs. 15,12,870.05 |

2. Bid schedule & Bank account Details:

| Last Date, Time of bid purchase | Last Date, Time of bid submission and Opening | Bank Account Details | | |
|---|---|---|---|---|
| | | Account Details | Ga 1.1 Tribeni Ga Pa Aantarik Rajawso Khata No. (for cost of Bid document) | Ga 1.1 Tribeni Ga Pa Dharauti Khatta No. (for Bid Security) |
| May 31, 2023 within office hours (for TRM/ROLPA/ WORKS/NCB/06/079/080) | June 1, 2023at or before 12:00 hrs and at 13:00 hrs respectively (for TRM/ ROLPA/WORKS/NCB/06/079/080) | **Name of Office:** Tribeni Rural Municipality Jugar, Rolpa **Name of Bank:** Nepal Investment Mega Bank Ltd. **Branch :** Jungar Branch | A/C No. 07101400250108 | A/C No. 07101040251464 |
| May 16, 2023 within office hours (for TRM/ROLPA/ GOODS/SQ/07/079/080) | May 17, 2023at or before 12:00 hrs and at 13:00 hrs respectively (for TRM/ROLPA/ GOODS/SQ/07/079/080) | | | |

3. Bidders may obtain further information from the **Tribeni Rural Municipality, Jugar, Rolpa** or may visit PPMO **website: www.bolpatra.gov.np/egp** under the name of Public Entity "Tribeni Rural Municipality".

**Chief Administrative Officer**

# हुम्लाको लाली केन्द्रबिन्दु भएर भूकम्पको धक्का

**हुम्ला**/ कर्णालीको हुम्लामा भूकम्प गएको छ। राष्ट्रिय भूकम्प मापन केन्द्र सुर्खेतका प्राविधिक सहायक राजेश शर्माका अनुसार सोमबार दिउँसो पौने तीन बजे हुम्लाको लाली केन्द्रबिन्दु भएर चार म्याग्निच्युडको भूकम्प मापन भएको छ। भूकम्पपछिको थप विवरण प्राप्त हुन बाँकी छ। पछिल्लो समय कर्णालीलगायत सुदूरपश्चिमका पहाडी जिल्लामा लगातार भूकम्प गइरहेको छ।


NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

## ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नगरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै वासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दै-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण | जमानीकर्ताको विवरण |
|---|---|---|
| १) | १) प्रदेश सरकार, बाग्मती प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा प्राइमेट फर्म दर्ता नं. ६०० अन्तर्गत मिति: २०७७/०९/०९ मा औद्योगिक व्यवसाय ऐन २०७३ बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, काउेश्वरी मनोहरा न.पा. वडा नं. ८ स्थित **शिला रेसिपिज**<br><br>**प्रोप्राइटर तथा जमानीकर्ता: संगीता पोखेल**<br>ठेगाना : अर्घाखाँची जिल्ला, डिभर्ना गा.वि.स. वडा नं ४<br>हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा.वडा नं. ६, गुहेश्वरी<br>बाबु : कमल प्रसाद पोखेल<br>पति : प्रशान्त पौडेल<br>ससुरा : घनश्याम पौडेल | **प्रशान्त पौडेल**<br>स्थायी ठेगाना: मोरङ्ग जिल्ला, विराटनगर न.पा. वडा नं. ४<br>हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं.६, गुहेश्वरी<br>बाबु : घनश्याम पौडेल<br>बाजे : नरपति पौडेल |
| | **धितोको विवरण** | |
| | १) कमल प्रसाद पोखेलकी छोरी, घनश्याम पौडेलकी बुहारी, प्रशान्त पौडेलकी पत्नी, अर्घाखाँची जिल्ला, डिभर्ना गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ६, गुहेश्वरी बस्ने संगीता पोखेलको नाममा मालपोत कार्यालय भक्तपुरको लगतमा दर्ता कायम रहेको, भक्तपुर जिल्ला, मोंखेल गा.वि.स. वडा नं. ४स (हाल चाँगुनारायण न.पा. वडा नं. ३) स्थित कित्ता नं. ४६९, ४७२ र ४६५ को क्षेत्रफल क्रमशः ०-८-३-३, ०-२-०-३ र ०-०-३-३ (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगालगापात समेत ।<br>२) शिला रेसिपिज को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । | |
| | **ऋणीको विवरण** | **जमानीकर्ताको विवरण** |
| | २) नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. १०८४८२/०६२/०७०, अर्न्तगत मिति: २०६२/०९/१७ मा कम्पनी ऐन २०६३ बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १० स्थित रजिष्टर्ड कार्यालय रहेको **मेक ट्रेड प्रा.लि.**<br><br>**अध्यक्ष तथा जमानीकर्ता: प्रशान्त पौडेल**<br>स्थायी ठेगाना : मोरङ्ग जिल्ला, विराटनगर न.पा. वडा नं. ४<br>हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा.वडा नं. ६, गुहेश्वरी<br>बाबु : घनश्याम पौडेल<br>बाजे : नरपति पौडेल | **संगीता पोखेल (संचालक)**<br>स्थायी ठेगाना : अर्घाखाँची जिल्ला, डिभर्ना गा.वि.स. वडा नं. ४<br>हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा.वडा नं. ६, गुहेश्वरी<br>बाबु : कमल प्रसाद पोखेल<br>ससुरा : घनश्याम पौडेल<br>पति : प्रशान्त पौडेल |
| | **धितोको विवरण** | |
| | सवारी मोडल : I SUZU Mu-X 2018 \| च्यासिस नं. : M3GUCS854JBA00270 \| ईन्जिन नं.: SZ7073 \| सवारी दर्ता नं. : बा २१ च ८५६ | |
| | **ऋणीको विवरण** | **धितोको विवरण** |
| | **३) प्रशान्त पौडेल**<br>स्थायी ठेगाना: मोरङ्ग जिल्ला, विराटनगर न.पा. वडा नं. ४<br>हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा.वडा नं. ६, गुहेश्वरी<br>बाबु : घनश्याम पौडेल<br>बाजे : नरपति पौडेल | १) कमल प्रसाद पोखेलकी छोरी, घनश्याम पौडेलकी बुहारी, प्रशान्त पौडेलकी पत्नी, अर्घाखाँची जिल्ला, डिभर्ना गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा.वडा नं. ६, गुहेश्वरी बस्ने संगीता पोखेलको नाममा मालपोत कार्यालय भक्तपुरको लगतमा दर्ता कायम रहेको, भक्तपुर जिल्ला, मोंखेल गा.वि.स. वडा नं. ४ स (हाल चाँगुनारायण न.पा. वडा नं. ३) स्थित कित्ता नं. ४६९, ४७२ र ४६५ को क्षेत्रफल क्रमशः ०-८-३-३, ०-२-०-३ र ०-०-३-३ (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगालगापात समेत ।<br>२)सवारी मोडल: VOLKSWAGEN POLO HIGHLINE 1.6 \| च्यासिस नं.: MEXL16604HT092560 \| ईन्जिन नं.: CLS 533830<br>सवारी दर्ता नं.: बा १७ च ७९८० |
| | **जमानीकर्ताहरुको विवरण** | |
| | **१) शिला वस्नेत**<br>स्थायी ठेगाना : मोरङ्ग जिल्ला, विराटनगर न.पा. वडा नं. १२<br>हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ६,गुहेश्वरी<br>बाबु : नारायण बहादुर वस्नेत<br>ससुरा : नरपति पौडेल<br>पति : घनश्याम पौडेल | **२) संगीता पोखेल**<br>स्थायी ठेगाना : अर्घाखाँची जिल्ला, डिभर्ना गा.वि.स. वडा नं ४<br>हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा.वडा नं. ६, गुहेश्वरी<br>बाबु : कमल प्रसाद पोखेल<br>ससुरा : घनश्याम पौडेल<br>पति : प्रशान्त पौडेल |
| | **ऋणीको विवरण** | **जमानीकर्ताको विवरण** |
| २) | **तीर्थ बहादुर तामाकार**<br>स्थायी ठेगाना : भोजपुर जिल्ला, ठवसार गाँउ पञ्चायत वडा नं. ९<br>हालको ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. २<br>बाबु : हर्कलाल तामाकार<br>बाजे : वर्कुदास तामाकार<br><br>**तथा**<br>**रन्जित कुमार तामाकार**<br>स्थायी ठेगाना : चितवन जिल्ला, भरतपुर नगर पञ्चायत वडा नं. २<br>हालको ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. २<br>बाबु : तीर्थ बहादुर तामाकार<br>बाजे : हर्कलाल तामाकार | **रिकेश तामाकार**<br>स्थायी ठेगाना : चितवन जिल्ला, भरतपुर उ.म.न.पा. वडा नं. २<br>हालको ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. २<br>बाबु : रन्जित कुमार तामाकार<br>बाजे : तीर्थ बहादुर तामाकार |
| | **धितोको विवरण** | |
| | वर्कुदास तामाकारको नाति, हर्कलाल तामाकारको छोरा, भोजपुर जिल्ला, ठवसार गाँउ पञ्चायत वडा नं. ९ स्थायी ठेगाना भई हाल चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. २ बस्ने तीर्थ बहादुर तामाकारको नाममा मालपोत कार्यालय, भरतपुर चितवनको, लगतमा दर्ता कायम रहेको चितवन जिल्ला, नारायणगढ गा.वि.स. वडा नं. ४ स (हाल भरतपुर म.न.पा. वडा नं. २) स्थित कित्ता नं. ५२३२ को क्षेत्रफल ०-०-६$^{१/२}$ (विगाह)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । | |
| | **ऋणीको विवरण** | **धितोको विवरण** |
| ३) | १) प्रदेश सरकार, प्रदेश नं. ३, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा प्रा.फ.द.नं. ८३३२ अन्तर्गत मिति २०७६/०५/१० मा औद्योगिक व्यवसाय ऐन, २०७३ लघु उद्यम उद्योग दर्ता भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १४, कलंकी, स्थित **रेड हाउस ग्रुप सेकुवा कर्नर**<br><br>**संचालक तथा जमानीकर्ता: चित्र कुमार थापा**<br>स्थायी ठेगाना : धादिङ जिल्ला, मुलपानी गा.वि.स. वडा नं. ७<br>हालको ठेगाना : काठमाडौं जिल्ला, किर्तिपुर न.पा. वडा नं. २, मैत्रीनगर<br>बाबु : लाल बहादुर थापा<br>बाजे : यम बहादुर थापा | १) यम बहादुर थापाको नाती, लाल बहादुर थापाको छोरा, धादिङ जिल्ला, मुलपानी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, किर्तिपुर न.पा. वडा नं. २, मैत्रीनगर बस्ने चित्र कुमार थापाको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, किर्तिपुर न.पा. वडा नं. २, स्थित कित्ता नं. ४३३, ५०८ र ५०९ को क्षेत्रफल क्रमशः ३४.००, ४७.८९ र ४५.२७ (ब.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।<br>२) रेड हाउस ग्रुप सेकुवा कर्नर को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |
| | **ऋणीको विवरण** | |
| ४) | १) नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति शाखा कार्यालय, धादिङमा प्रा.फ.र.नं. ३५७२/०७४/०७५ स्थानीय व्यापार अन्तर्गत मिति २०७४/०८/२० मा प्राईमेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम दर्ता भएको धादिङ जिल्ला, गल्छी गा.पा. वडा नं. ७ स्थित **प्रत्यूष इलेक्ट्रोनिक्स ग्रुप फोटो सेन्टर**<br><br>**प्रोप्राईटर तथा जमानीकर्ता: लिला गिरी** | **२) पवित्र गिरी**<br>स्थायी ठेगाना : धादिङ जिल्ला, गजुरी गा.वि.स. वडा नं. १<br>हालको ठेगाना : धादिङ जिल्ला, गल्छी गा.पा. वडा नं. ७<br>बाबु : राम बहादुर गिरी<br>बाजे : मोहन गिरी |
| | **धितोको विवरण** | |
| | १) रामहरी पाण्डेकी छोरी, राम बहादुर गिरीकी बुहारी, पवित्र गिरीकी पत्नि, धादिङ जिल्ला, गजुरी गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल धादिङ जिल्ला, गल्छी गा.पा. वडा नं. ७ मा बस्ने लिला गिरीको नाममा मालपोत कार्यालय धादिङको लगतमा दर्ता कायम रहेको धादिङ जिल्ला, कल्लेरी गा.वि.स. वडा नं. २ घ (हाल गल्छी गा.पा. वडा नं. ७) स्थित कित्ता नं. ५७८ को क्षेत्रफल ०-६-०-० (रोपनी)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।<br>२) महानन्द गिरीकी छोरी, मोहन गिरीकी बुहारी, राम बहादुर गिरीकी पत्नि, धादिङ जिल्ला, गजुरी गा.वि.स. वडा नं. ०१ स्थायी ठेगाना भई हाल धादिङ जिल्ला, गल्छी गा.पा. वडा नं. ७ बस्ने नानी मैया गिरीको नाममा मालपोत कार्यालय धादिङको लगतमा दर्ता कायम रहेको धादिङ जिल्ला, गजुरी गा.वि.स. वडा नं. १ क (हाल गजुरी गा.पा. वडा नं. १ क) स्थित कित्ता नं. ४०८ र ८५२ को क्षेत्रफल क्रमशः ०-१-२-० र ०-१-१-२ (रोपनी)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।<br>३) प्रत्यूष इलेक्ट्रोनिक्स ग्रुप फोटो सेन्टरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |
| | **जमानीकर्ताहरुको विवरण** | |
| | **१) नानी मैया गिरी**<br>स्थायी ठेगाना : धादिङ जिल्ला, गजुरी गा.वि.स. वडा नं. १<br>हालको ठेगाना : धादिङ जिल्ला, गल्छी गा.पा. वडा नं. ७<br>बाबु : महानन्द गिरी<br>ससुरा : मोहन गिरी<br>पति : राम बहादुर गिरी | **२) लिला गिरी**<br>स्थायी ठेगाना : धादिङ जिल्ला, गजुरी गा.वि.स. वडा नं. १<br>हालको ठेगाना : धादिङ जिल्ला, गल्छी गा.पा. वडा नं. ७<br>बाबु : रामहरी पाण्डे<br>ससुरा : राम बहादुर गिरी<br>पति : पवित्र गिरी | **३) पवित्र गिरी**<br>स्थायी ठेगाना : धादिङ जिल्ला, गजुरी गा.वि.स. वडा नं. १<br>हालको ठेगाना : धादिङ जिल्ला, गल्छी गा.पा. वडा नं. ७<br>बाबु : राम बहादुर गिरी<br>बाजे : मोहन गिरी |
| | **ऋणीको विवरण** | **धितोको विवरण** |
| ५) | १) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिस्ट्रार को कार्यालय, काठमाण्डौंमा दर्ता नं. २४०९२४/०७७/०५८ अर्न्तगत मिति २०७७/०४/२५ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. १३ स्थित **ओसिस कटेज ग्रुप ग्रिकल्चर प्रा.लि.**<br><br>**अध्यक्ष तथा जमानीकर्ता: कुल बहादुर थापा क्षेत्री**<br>स्थायी ठेगाना : रुपन्देही जिल्ला, टिकुलीगढ गा.वि.स. वडा नं. ९<br>हालको ठेगाना : रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. १३<br>बाबु : मन बहादुर थापा क्षेत्री<br>बाजे : खडक बहादुर थापा | १) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिस्ट्रार को कार्यालय, काठमाण्डौंमा दर्ता नं. २४०९२४/०७७/०५८ अन्तर्गत मिति २०७७/०४/२५ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. १३ स्थित ओसिस कटेज ग्रुप ग्रिकल्चर प्रा.लि.को नाममा मालपोत कार्यालय रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, मानमटेरिया गा.वि.स. वडा नं. ८ (हाल शुद्धोधन गा.पा. वडा नं. ६) स्थित कित्ता नं. २२५ को क्षेत्रफल २१६७.०४(व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।<br>२) ओसिस कटेज ग्रुप ग्रिकल्चर प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |
| | **ऋणीको विवरण** | **धितोको विवरण** |
| | २) कुल बहादुर थापा क्षेत्री<br>स्थायी ठेगाना : रुपन्देही जिल्ला, टिकुलीगढ गा.वि.स. वडा नं. ९<br>हालको ठेगाना : रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. १३<br>बाबु : मन बहादुर थापा क्षेत्री<br>बाजे : खडक बहादुर थापा | खडक बहादुर थापाको नाती, मन बहादुर थापा क्षेत्रीको छोरा, रुपन्देही जिल्ला, टिकुलीगढ गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. १३ बस्ने कुल बहादुर थापा क्षेत्रीको नाममा मालपोत कार्यालय रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, टिकुलीगढ गा.वि.स. वडा नं. ९घ (हाल तिलोत्तमा न.पा. वडा नं. १३) स्थित कित्ता नं. १४६, ४०८ र ४०६ को क्षेत्रफल क्रमशः ०-०-१०-०,०-०-१७.७५ र ०-०-११-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । |
| | **जमानीकर्ताको विवरण** | |
| | शर्मिला थापा क्षेत्री<br>स्थायी ठेगाना : रुपन्देही जिल्ला, टिकुलीगढ गा.वि.स. वडा नं. ९<br>हालको ठेगाना : रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. १३<br>बाबु : हर्क बहादुर गुरुङ<br>ससुरा : मन बहादुर थापा क्षेत्री<br>पति : कुल बहादुर थापा क्षेत्री | |

**नोट:** ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।


# रास्वपाले समर्थन फिर्ता लिने स्थिति मैले देखेको छैन



प्रधानमन्त्री प्रचण्ड

रविजी आउनुस् भ्रष्टाचारको कुनचाहिँ फाइल खोल्नुपर्‍यो म तयार छु।

रास्वपाले पहिलाका मन्त्रालय (गृह, शिक्षा, श्रम र स्वास्थ्य राज्यमन्त्री) खोज्नु अस्वाभाविकचाहिँ होइन। तर, उहाँ त्यसैमा अडिनुहुन्छ भन्ने पनि मैले ठानेको छैन।

**प्रधानमन्त्रीज्यू, सरकार ढल्दै छ भन्ने चर्चा हुन थालेको छ नि ?**

यो भ्रम हो। तपाईं नोट गर्नुहोला- यो सरकार पाँच वर्ष नै चल्छ। सरकार यताउता हुन्छ कि भन्ने निकै ठूलो भ्रम हो।

**राष्ट्रिय स्वतन्त्र पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिन लागेको हो ?**

रविजी (रास्वपा सभापति)सँग मैले गरेको कुराकानीअनुसार उहाँले सरकारलाई दिएको समर्थन फिर्ता लिनुहुन्न। बरु सरकारमा आउनेबारे छलफल चलिरहेको छ। उहाँले पनि आफ्नो पार्टीमा र मैले गठबन्धनमा सल्लाह गर्ने कुरा भएको छ। केही दिनपछि फेरि भेट्ने र टुंगोमा पुग्ने सहमति भएकाले अहिले समर्थन फिर्ता लिने स्थिति मैले देखेको छैन।

**मन्त्रालयको विषयमा पनि छलफल भएको हो ?**

उहाँले पहिलाका मन्त्रालय (गृह, शिक्षा, श्रम र स्वास्थ्य राज्यमन्त्री) खोज्नु अस्वाभाविकचाहिँ होइन। तर, उहाँ त्यसैमा अडिनुहुन्छ भन्ने पनि मैले ठानेको छैन। यता गठबन्धनमा पनि त्यही भन्नेचाहिँ हुँदैन, सल्लाह गरेर सहमतिले जहाँ पुग्छ टुंगोमा त्यहीँ पुग्छ। रविजीले यही नै मन्त्रालय चाहिन्छ भनेर अहिलेसम्म भन्नुभएको छैन।

**रास्वपाले त सरकारले भ्रष्टाचारसम्बन्धी फाइल बन्द गर्‍यो, सरकारमा जानुको कुनै औचित्य छैन पनि भनिरहेको छ नि ?**

> राजनीतिक दलप्रति जनताले पटकपटक आक्रोश, असन्तुष्टि व्यक्त गरेकै छन्। तर, अहिले केही ठाउँको परिणाम अस्थायी मात्र हो। जो मूलधारका पार्टी छन्, यिनीहरू सकिने भन्ने कुरा हुँदैन।

बाहिर भन्नका लागि त भन्नुभएको होला। अहिलेको सरकारले भ्रष्टाचारसम्बन्धी फाइल नखोल्ने भनेको छैन। हाम्रा घोषणापत्रमा, सत्तारूढ गठबन्धन सरकारको न्यूनतम साझा कार्यक्रममा पनि भ्रष्टाचारबारेमा प्रस्टसँगै भनेको छ। रविजी आउनुस् भ्रष्टाचारको कुनचाहिँ फाइल खोल्नुपर्‍यो म तयार छु। भ्रष्टाचारको मात्र होइन, अन्य पनि उपयुक्त विषय आउँछ भने सरकारलाई र यो गठबन्धनलाई कुनै अप्ठ्यारो छैन। हामी साझा कार्यक्रममा थप गरेर जान सक्छौं। जुनसुकै समयको भ्रष्टाचार फाइलमा अध्ययन गर्ने नीतिमै छ।

**आठौंपटक मन्त्रिपरिषद् विस्तार हुँदा पनि सरकारले पूर्णता पाएको छैन, यो सरकार सफल हुँदै छ कि असफल ?**

मेरो पार्टी (माओवादी केन्द्र)को बहुमत छैन। यो स्थितिमा मन्त्रिपरिषद् पुनर्गठन गर्नुचाहिँ मेरो बाध्यता हो। यो कुरा बुझ्न गाह्रो छैन। त्यसमाथि सरकारतर्फबाट जति काम भएका छन्, सकारात्मक छन्। धेरै अर्थ राख्ने, सम्झनलायक र जनतालाई सेवा गर्ने काम भएका छन्। जनतासँग वाचा गरेका विषय अबको नीति तथा कार्यक्रम र बजेटमार्फत सम्बोधन गर्ने पूरै कोसिसमा छु। यसपटकको नीति तथा कार्यक्रम र बजेटमा परम्परागतभन्दा फरक ढंगले चिज आउँछन्।

**प्रतिपक्षी दल एमालेका अध्यक्ष केपी ओलीले सत्तारूढ दल, त्यसमा पनि माओवादी र राजावादीले निरन्तर रूपमा आफूमाथि आक्रमणको प्रयास भएको बताउनुभएको छ। गठबन्धन र तपाईको पार्टी संस्थागत रूपमा नै आक्रमणमा उत्रिएको हो ?**

उहाँको कुरा बिलकुल सत्य होइन। केपी शर्मा ओली पूर्वका जिल्ला गएका वेलामा फोनमा पनि कुरा भएको छ। उहाँले केही-केही मान्छे पार्टीका पनि छन्, तर बढीचाहिँ विचारसँग असहमति हुनेखाले मान्छे छन् भन्नुभयो। सत्तारूढ दलको संस्थागत रूपमा विरोध भन्ने कुरा बिलकुलै होइन। राजावादी, ज्ञानेन्द्र शाह र उनका परिवारका मान्छे लागेका छन् भनेर पछिल्लो समय उहाँले जसरी भन्नुभएको छ, त्यो अलिकति संवेदनशील र महत्त्वपूर्ण छ। राजनीतिक दलका कतिपय मान्छे लागेका होलान्, संस्थागत रूपमा कोही पनि लागेका छैनन्।

**अयोग्य लडाकुलाई दिने भनेको दुई लाखको विरोध भइरहेको छ नि ?**

तत्कालीन अवस्थामा अयोग्य भनिएका लडाकु (पूर्वमाओवादी लडाकु)लाई रकम दिने निर्णय ०७१ को त्यतिवेलाको सरकारले गरेको हो। त्यस समय काग्रेस र एमाले नेतृत्वको सरकार थियो। पटक-पटक छलफलबाट भएको निर्णय हो। सायद अर्थमन्त्री विष्णु पौडेल हुनुहुन्थ्यो। त्यो पैसा त्यही समयमा बाँड्न सुरु पनि भएको थियो। सर्वोच्च अदालतमा मुद्दा परेपछि रोकियो। म प्रधानमन्त्री हुनुभन्दा केही समय अगाडि मात्र अदालतले त्यो पैसा दिनैपर्ने पैसा हो भनेर फैसला गरेपछि मैले ०७१ सालको निर्णय अदालतको फैसलालाई टेकेर निर्णय कार्यान्वयन गर्ने भनेको मात्रै हो।

कतिले त नबुझेर पनि यो प्रश्न उठाएजस्तो लाग्छ मलाई। कतिपयले जानी-बुझी वातावरण धमिल्याउन, बिगार्न प्रचार गरेको पनि देख्छु। ०७१ मा तत्कालीन शान्तिमन्त्री टोपबहादुर रायमाझी भएको वेलामा भएको निर्णय हो। अहिले प्रचण्डले गरेको निर्णय भनेजसरी प्रचार गरिएको छ। दुई लाख देखिएर अर्थतन्त्रबारे प्रश्न गरिएको छ। कतिले त नबुझेर पनि यो प्रश्न उठाएजस्तो लाग्छ।

एकैपटक सबै रकम दिन सकिँदैन भने शृंखला मिलाएर किस्ताबन्दीमा भए पनि यो रकम दिनुपर्छ। अदालतको निर्णय भएको छ, पहिलेको सरकारको निर्णय पनि छ। किस्तामा रकम जान्छ।

**चितवनको निर्वाचन हेरेर अहिलेका ठूला दलप्रति जनताको असन्तुष्टि रहेछ भन्न सकिन्छ ?**

राजनीतिक दलप्रति पटकपटक आक्रोश, असन्तुष्टि जनताले व्यक्त गरेकै छन्। तर, अन्ततः तिनै राजनीतिक दल नै देशमा हाबी छन्। जो राणा र पञ्चायतविरुद्धको आन्दोलन तथा लोकतान्त्रिक आन्दोलन, जनआन्दोलनलगायत आन्दोलनमा छन् तिनै पार्टी नै विश्वसनीय बनेका छन्। यो अहिलेको केही ठाउँको परिणाम पनि अस्थायी मात्र हो। जो मूलधारका पार्टी छन् यिनीहरू सकिने भन्ने कुरा हुँदैन। जसको दर्शन, मूल्य-मान्यता, एजेन्डा छन्। कमी-कमजोरी छन्। राजनीतिक निष्ठा, विचार र त्यसअनुसारको आचरण, व्यवहारसँगै भनाइ र गराइबीचमा एकरूपता ल्याउने कुरामा दलहरू बढी गम्भीर हुनुपर्छ।

चितवनका जनताको राजनीतिक चेतना धेरै माथि छ भनेर भन्ने गरिएको हो। यो चेतना नै बढी भएर यस्तो भएको हो कि के भएको हो भन्ने कुरा त विचारणीय नै छ। बारामा त्यही चुनाव चिह्न (घन्टी)को जमानत जफत भयो।

**पार्टी एकताको विषयमा के भइरहेको छ ?**

एकतालाई अझ विस्तारित गर्नेतिर हामी सोच्दै छौं। पहिला समाजवादी मोर्चा बनाउने र एकतातिर जाने विषयमा नेपाल समाजवादी पार्टी, एकीकृत समाजवादी, जसपा र विप्लवजी (नेकपा) हरूसँग पनि कुरा सकारात्मक भएको छ। वामदेव गौतमजी पनि कहीं न कहीं जोडिने सम्भावना छ। एक-दुई दिनमा यो विषयको टुंगोमा हामी पुग्छौं। मोर्चा बनेपछि पार्टी एकताबारे पनि हामी बृहत् रूपमा सोच्नेछौं।

**आगामी बजेटमा तपाईंको जोड केमा रहन्छ ?**

अहिलेको बजेटको फोकस भनेको युवालाई सम्बोधन गर्दै कृषि, उत्पादन वृद्धि र रोजगारी सिर्जनामा नै हुन्छ। त्यसमा पनि कृषिलाई प्राथमिकतामा राख्छौं। पहिला असफल भएका कार्यक्रम उदाहरणका लागि- प्रधानमन्त्री रोजगार कार्यक्रमजस्ता राम्रा नजिता नआएका कार्यक्रम बदल्नेछौं। कृषि अनुदान वितरण कार्यक्रममा प्रत्यक्ष किसान लाभान्वित भएका छैनन्। त्यस्ता कार्यक्रम बदलेर सीधै किसानमा अनुदान जाने कार्यक्रम हुनेछ।

**कृषिमा प्राथमिकता राख्ने त भन्नुभयो, यो सिजन (बर्खा)मा किसानले मल पाउँछन् ? लाइनमा बस्नुपर्दैन ?**

यसपटक जसरी शैक्षिक सत्रभन्दा अघि नै पुस्तक पुऱ्याऔं त्यसरी नै रासायनिक मल पनि समयभन्दा अघि पुऱ्याउने गरी काम हुँदै छ। यही सिजनबाट लाइनमा बस्नु नपर्ने गरी काम हुन्छ भन्ने अपेक्षा छ। सरकारले गरेका काम तपाईंहरूले थाहा पाउनुभएको छ। राहदानी र लाइसेन्सका लागि लाम्ने लाइन हटेको छ। सामाजिक सुरक्षा कोषमा आबद्धता विदेशमा रहनेका लागि ठूलो अवसर हो। धेरै कार्यक्रम अघि बढेका छन्। लालपुर्जाको विषयमा कानुनको समस्या भएको थियो। अब निर्णय हुँदै छ।

*(प्रेस सेन्टर नेपाल चितवनले आइतबार गरेको पत्रकार सम्मेलनमा प्रधानमन्त्री प्रचण्ड र पत्रकारबीचको सवाल-जवाफ।)*

● प्रस्तुति : **विवेक पोखेल**/चितवन

# ७२ घन्टाका लागि जमुनाह नाका बन्द

**बाँके**/ नेपाल-भारत सीमा जमुनाह नाका १९ वैशाख रातिदेखि सिल हुने भएको छ। भारत उत्तर प्रदेशको बहराइच जिल्लामा २१ वैशाखमा हुने गाउँ पञ्चायत निर्वाचनलाई मध्यनजर गरी १९ वैशाख मध्यरातदेखि ७२ घन्टाका लागि सीमानाका सिल हुन लागेको बाँकेका सहायक प्रमुख जिल्ला अधिकारी टोपेन्द्रबहादुर केसीले जानकारी दिए। उनका अनुसार २१ वैशाख बेलुका ६ बजेसम्म नेपाल-भारत आवतजावत बन्द हुनेछ। नाका सिल गर्ने विषयमा सोमबार नेपाल-भारत सुरक्षा अधिकारीको बैठक बहराइचमा बसेको छ। बैठकले सीमानाका सिल, सीम

### कृष ४ को कथा तयार

ऋतिक रोशनको मुख्य भूमिका रहने फिल्म 'कृष ४' को कथा तयार भएको छ। भारतीय सञ्चारमाध्यमका अनुसार करन मल्होत्राले यस फिल्मलाई निर्देशन गर्ने तय भइसकेको छ। निर्माता राकेश रोशनले सन् २०१६ मै कृष ४ बनाउने घोषणा गरेका थिए। तर, विविध कारणले निर्माण ढिला भएको यो फिल्म २०२५ भित्र प्रदर्शनमा ल्याउने निर्माण टोलीको योजना छ।





### टम क्रुजकी फ्यान अमिषा

बलिउड नायिका अमिषा पटेल टम क्रुजकी ठूलो फ्यान हुन्। उनले किशोरावस्थामा आफ्नो घरका भित्तामा यी हलिउड स्टारको फोटो राख्ने गरेको बताएकी छिन्। 'सम्भव हुन्थ्यो भने म टम क्रुजसँग बिहे गर्थें,' भर्खरै ६३औँ फिल्म फेयर अवार्डस्मा सहभागी भएकी अमिषाले भनिन्।

## सहरमा कृषि

# कलमी गरेर एउटै बिरुवामा अनेकौं फल



पछिल्लो समय नेपालमा ग्राफ्टिङ प्रविधि (कलमी) बाट बिरुवा रोप्ने चलन बढ्दो छ। यस प्रविधिबाट एउटै बिरुवामा अनेकौं फल फलाउन सकिने भएकाले थोरै जमिनमा पनि धेरै उत्पादन गर्न सकिन्छ। जसकारण सहरी क्षेत्रमा यो प्रविधि प्रयोग गर्नेको संख्या बढ्दो छ।

यस प्रविधिमार्फत एउटै बिरुवामा कम्तीमा चार-पाँच प्रजातिका फलफूल फलाउन मिल्छ। काठमाडौंमा फलफूलको कलमी बिरुवा उत्पादन तथा बिक्री-वितरण बढ्दै गएको ढाँचीस्थित एसएस एग्रिकल्चर फार्मका सञ्चालक प्रदीप सिम्खडाले बताए। 'अहिले कलमी प्रविधिले तयार गरिएका बिरुवाको माग बढेको छ। यसमैंगै उत्पादन पनि बढ्दो छ,' उनले भने, 'घरमा जग्गाको क्षेत्रफल थोरै छ भने पनि विभिन्न थरीका बिरुवा रोप्न सकिन्छ। बर्गैचाले घरलाई सुन्दर देखाउँछ, ताजा फलफूल खान पाइन्छ।' उनका अनुसार कागती, सुन्तला, मुन्तला, जुनार, हलुवाबेद, स्याउ, जापानिज सुन्तला, जापानिज नास्पातीलगायत विभिन्न प्रजातिका कलमी गरिएका बिरुवाको माग बढ्दो छ।

### कलमी किन ?

कलमी गर्दा एकै प्रकार वा किसिमका दुई बिरुवालाई जोडेर नयाँ बिरुवा तयार गरिन्छ। यस प्रविधिमा एउटा बिरुवालाई जरासहित लिइन्छ र अर्को बिरुवाको हाँगासँग त्यसलाई जोडिन्छ। त्यसपछि नयाँ बिरुवा विकसित हुन्छ। यस्तो बिरुवामा दुवै बोटको गुण र विशेषता हुन्छ। जस्तो, दुई फरक प्रजातिका स्याउ वा नास्पातीका बिरुवालाई कलमी गरेर नयाँ बिरुवा तयार गर्न सकिन्छ। आरु, बदाम, आलुबखडालगायत बिरुवालाई पनि कलमी गर्न सकिन्छ। दुई फरक प्रजातिका गुलाफलाई कलमी गरेर नयाँ बिरुवा उत्पादन गर्न पनि सकिन्छ। तर, एक-अर्कासँग सम्बन्धित प्रजातिका बिरुवालाई मात्रै यसरी कलमी गर्न सकिन्छ। असम्बन्धित प्रजाति, जस्तो- गुलाफमा हलुवाबेदलाई कलमी गर्न सकिँदैन। कलमी गर्दा बिरुवाको रोगप्रतिरोधात्मक क्षमता पनि वृद्धि हुन्छ, त्यसैले बोटमा रोग लाग्ने सम्भावना कम रहन्छ, स्याहार पनि धेरै गर्नुपर्दैन।

खासगरी गुणस्तरीय र छिटो फल्ने फलफूलका लागि कलमी गरिने कीर्तिपुरस्थित थापा नर्सरीका सञ्चालक कृष्ण थापा बताउँछन्। उनी भन्छन्, 'बिउबाट उम्रेका फलफूलका बिरुवा फल्न वर्षौं लाग्छ, तर कलमी गरेर सारिएको बिरुवाले एक-दुई वर्षमै फल दिन्छ। त्यसैले व्यावसायिक उत्पादनका लागि यो प्रविधि उपयुक्त हुन्छ।'

### कुन प्रजातिका कस्ता फलफूल ?

'एउटै बिरुवामा तीन थरीका चेरी, तीन प्रजातिका स्याउलगायत फल फलाउन सकिन्छ,' एसएस एग्रिकल्चरका सिम्खडाले भने, 'जग्गाको क्षेत्रफल कम छ भने पनि स्याउ, आरु, आरुबखडा, चेरीलगायत तीन-चार थरीका बोट रोप्न सकिन्छ।'

कलमी गरिएका बिरुवा गमलामा रोप्दा तीन-चार फिटसम्म र जमिनमा ५-६ फिटसम्म अग्लो हुने थापाले बताए। उनी भन्छन्, हाइब्रिड फलफूलका बिरुवामा धेरै फल लाग्छ, धेरै झाँगिँदैन पनि। साना बिरुवाले घरलाई आकर्षक त बनाउँछन्, बिरुवालाई हुर्काउन पनि सजिलो हुने भयो।' आफ्नो रुचिअनुसार कस्ता बिरुवा रोप्ने र कति अग्लो बनाउने भन्ने निर्धारण गर्न सकिने उनले बताए। 'यसको विशेषता भनेको बिरुवाको उचाइ पनि तपाईं आफैंले तय गर्न सक्नुहुन्छ,' उनले भने।

ठूलो भञ्याङस्थित मुस्कान नर्सरीका सञ्चालक महेन्द्र सुवेदी यस प्रविधिको प्रयोग गर्दै घरका छतमा विभिन्न थरीका फलफूल फलाउनेको संख्या बढ्दै गएको बताउँछन्।

'कलमी गरेर १६ देखि १८ इन्चको गमलामा १० केजीसम्म सुन्तला फलाउन सकिन्छ। १६ देखि १८ इन्चको गमलामा अम्बा रोप्दा १५ केजीसम्म फल फल्छ,' सुवेदीले भने, 'आरु, आरुबखडा, नास्पाती भने गमलामा ५-६ केजीसम्म मात्रै फलाउन सकिन्छ।' आरु, अनार, आरुबखडा, एभोकाडो, हलुवाबेद, स्ट्रबेरी, अंगुरलगायतका हाइब्रिड जातका कलमी गरिएका बिरुवा गमला, छत वा जमिनमै पनि सानो क्षेत्रफलमा हुर्काउन सकिने उनले बताए।

# चकलेटले दिन्छ इनर्जी



**चकलेट** : चकलेटका पनि धेरै फाइदा छन्। यसमा फाइबर पर्याप्त हुन्छ। यसले इनर्जी दिन्छ। तर, चिनीबाट बनेको चकलेट भने स्वास्थ्यका लागि राम्रो मानिदैन। कोकोआ प्लान्टबाट बनेका डार्क चकलेट राम्रा हुन्छन्। केक बनाउँदा पनि यसको प्रयोग गर्ने गरिन्छ।

**नट्स** : बदाम, काजु, आल्मोन्ड, ओखर, कटुस नट्सअन्तर्गत पर्छन्। प्रशस्त प्रोटिन र क्याल्सियम पाइने भएकाले स्वास्थ्यका दृष्टिकोणले यो राम्रो मानिन्छ। दिनमा दुई वा तीनवटा नट्स खानु स्वास्थ्यका दृष्टिकोणले राम्रो हुन्छ। तर, अत्यधिक सेवन गर्न भने हुँदैन। हड्डीलाई मजबुत बनाउने कामसमेत यसले गर्छ। रोगप्रतिरोधी क्षमता बढाउँछ। ओखरले दिमागको मेमोरी पावर बढाउँछ।

**किसमिस** : किसमिस सिट्रस फुड हो। यसमा आइरन पोटासियम, क्याल्सियम तथा फाइबर प्रशस्त मात्रामा पाइन्छ। जो स्वास्थ्यका लागि लाभदायक छ।

**फलफूल** : फलफूलका फाइदैफाइदा छन्। हरेक फलफूलका अलग विशेषता हुन्छन्। अम्लीय पदार्थ दिने फलहरू ज्यामिर, मौसम, सुन्तला, भोगटे, कागती, भुइँकटहरमा भिटामिन डी र सी पर्याप्त पाइन्छ।

# १० वर्षपछि अस्ट्रेलियामा घन्कियो 'मंगोलियन हार्ट'

चर्चित नेपाली ब्यान्ड मंगोलियन हार्टले अस्ट्रेलियाका विभिन्न सहरमा कन्सर्ट गरेको छ। १० अप्रिलमा मेलबर्नबाट सुरु भएको अस्ट्रेलियाको सांगीतिक यात्रा आइतबार एडिलेडमा पुगेर टुंगिएको हो। ब्यान्डले १३ तारिखमा ब्रिस्बेन, १५ मा सिड्नी, १६ मा क्यान्बेरा, २१ मा डार्विन, २३ मा पर्थ, २९ मा होबर्ट हुँदै ३० तारिखमा एडिलेडमा आफ्नो अन्तिम प्रस्तुति दिएको हो। १० वर्षपछि मंगोलियन हार्टले अस्ट्रेलियाको टुर गरेको हो। हरेक सहरमा मंगोलियन हार्टलाई हेर्न र सुन्न दर्शकको ठूलो 'क्राउड' जम्मा भएको ब्यान्डका म्यानेजर एवं गितारिस्ट बबी लामाले बताए। हरेक सहरमा भएका कन्सर्टमा ब्यान्डका फ्रन्ट म्यान राजु लामाले चर्चित 'मेरो नेपाल', 'बादलपारिको देशबाट', 'म माया लाउँदिनँ', 'हल्ला चलेछ', 'तिमीलाई देखेर', 'पर्खाइमा', 'सायद तिम्रो बाटोमा' लगायत आफ्ना चर्चित गीत गाएर दर्शक झुमाएका थिए। आइतबार राति एडिलेडमा भएको अन्तिम प्रस्तुतिमा लामाले 'सायद तिम्रो बाटोमा' गीत गाउँदै टुर समाप्त भएको घोषणा गरे। यात्रा टुंग्याउँदै गर्दा दर्शकदिर्घाबाट सबैले हात उठाएका थिए, अनि लामाले मुस्कुराउँदै स्टेजबाटै दर्शकसँग सेल्फी खिचेका थिए। लोक, स्लो रक, पप मेलोडी संगीतका लागि चर्चित मंगोलियन हार्ट ब्यान्डको भोकलमा राजु लामा, रिदम गितारमा बबी लामा, ड्रममा सन्तोष थापामगर, लिड गितारमा किरन नगरकोटी, बेसमा पवन कपाली, बाँसुरीमा विनय महर्जन र मादलमा बाबुराजा महर्जन छन्।



# वायु प्रदूषणको असरबाट कसरी बच्ने ?

डाक्टरको **सल्लाह**



डा. रोशन भा
फिजिसियन
सशस्त्र प्रहरी अस्पताल

पछिल्लो समय देशभर नै प्रदूषणको मात्रा बढ्दै गएको छ। राजधानी सहर काठमाडौंमा प्रदूषणको असर अझै धेरै छ। जसका कारण विभिन्न रोग र संक्रमणको जोखिमसमेत बढेको छ। लामो समयसम्म वातावरण प्रदूषण भइरहँदा विभिन्न रोग लाग्छन्।

### प्रदूषणका कारण

- सवारीसाधनको चाप बढ्नु। पुराना सवारीसाधनबाट निस्कने धुवाँ।
- बाटो खन्दा निस्कने धुलो वातावरणमा मिसिनु।
- जथाभावी फोहोरमैला फाल्नु, जलाउनु।



- कलकारखानानजिकै मानव बस्ती हुनु।
- धुवाँधुलो नियन्त्रण गर्न नसक्नु।
- डढेलो लाग्नु।

### स्वास्थ्यमा पार्ने असर

- हामी बसिरहेको ठाउँको हावा प्रदूषित हुँदा रुघाखोकी लाग्ने, पिनासको समस्या हुने, श्वासप्रश्वासमा समस्या, एलर्जी, फेरेन्जाइटिस हुने, लेरेन्जाइटिस हुने, निमोनिया आदि समस्या देखिन्छ। प्रदूषणले दम, मुटुरोगलगायत दीर्घरोगका बिरामीलाई पनि थप असर गर्छ। शरीरका विभिन्न अंगमा प्रदूषणको नकारात्मक प्रभाव पर्छ।
- प्लास्टिकका फोहोर जलाउँदा निस्केको प्रदूषणले पछि गएर क्यान्ससमेत हुन सक्छ। प्रदूषणमा मिसिएको लिड, सिलिका, सल्फाइड, कार्बनमनोअक्साइडले सीधै स्वास्थ्यमा असर पुऱ्याउँछ। गाडीबाट निस्कने धुवाँ, फोहोर तथा आगो बाल्दा निस्केको धुवाँले हाम्रो शरीरलाई नकारात्मक प्रभाव पारिरहेको हुन्छ।

### कसरी बच्ने ?

- प्लास्टिकजन्य तथा अन्य फोहोरजन्य वस्तु खुला स्थानमा बाल्नुहुदैन। जथाभावी फोहोर नफाल्ने, नबाल्ने।
- पुराना थोत्रा, धुवाँ फाल्ने गाडीको प्रयोग कम गर्ने वा यसको मर्मतसम्भार गरेर धुवाँ फाल्न कम गर्ने।
- घरबाहिर निस्कँदा मास्क प्रयोग गर्ने।
- निर्माण कार्य भइरहेका ठाउँमा नजाने। निर्माण कार्यमा संलग्न व्यक्तिले स्वास्थ्य सुरक्षाका सामग्री प्रयोग गर्ने।
- विद्युत् शक्ति र सौर्य ऊर्जाको प्रयोगमा विशेष जोड दिने।
- कलकारखाना तथा उद्योगलाई मानव बस्तीबाट टाढा राख्ने।
- मानव बस्तीवरिपरि धुवाँजन्य पदार्थ नजलाउने।
- व्यवस्थित सहरीकरणको विकास गर्ने।
- खोला, नाला, नदी, ताल, सडकको गल्ली आदिमा फोहोरमैला नफाल्ने।


## कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/१/१९ गते

यस महालक्ष्मी विकास बैंक लि. का तपसिलमा उल्लेखित तपाई ऋणीहरुले कर्जा उपभोग गर्दै आउनु भएकोमा उक्त कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न आउन तपाईहरुलाई पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न आउन यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। सो अवधिभित्र बैंकमा उपस्थित हुनु भई तपाई ऋणीले बुझाउनु पर्ने सम्पूर्ण कर्जा रकम सो को ब्याज तथा दैदस्तुर समेत चुक्ता गरी आफ्नो धितो सम्पत्ति फुकुवा गरि लिनु हुन सूचित गरिन्छ। अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३, नेपाल राष्ट्र बैंकको कालोसूची सम्बन्धि निर्देशन तथा बैंकको कर्जा असुली तथा धितो गैह्र बैंकिङ्ग सम्पत्ति बिक्री सम्बन्धि कार्यविधि २०६६ लगायत प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी, व्यक्तिगत जमानीकर्ता समेतलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखी अन्य कानूनी कारवाही समेत अगाडी बढाईने कुरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै व्यक्तिगत जमानीदाता, धितो कर्ता तथा सरोकारवालाहरुले समेत यसै सूचना बमोजिम जानकारी लिनु होला।

**तपसिल**

**डडेल्धुरा शाखा :**

**१. ऋणी : श्री यादव राज पाण्डे** (ना.प्र.न. ७४१००१/२८०९, जारी मिति/जिल्ला २०६८/१०/६ डडेल्धुरा)
बाबु : श्री यज्ञराज पाण्डे, बाजे : श्री कृष्ण दत्त पाण्डे
ठेगाना : डडेल्धुरा जिल्ला अमरगढी न.पा. वडा नं ८
**व्यक्तिगत जमानीकर्ताहरु :**
(क) श्री यादव राज पाण्डे, बाबु : श्री यज्ञराज पाण्डे, बाजे : श्री कृष्ण दत्त पाण्डे
ठेगाना : डडेल्धुरा जिल्ला अमरगढी न.पा. वडा नं ०८
(ख) श्री यसोदा कुमारी के.सी., बाबु : श्री भोजराज के.सी., ससुरा : श्री यज्ञराज पाण्डे, पति : श्री यादव राज पाण्डे
ठेगाना : डडेल्धुरा जिल्ला बागरकोट गा.वि.स. वडा नं ०७
कर्जा : महालक्ष्मी होम इक्विटी कर्जा
**धितो सुरक्षणको विवरण :** श्री कृष्ण दत्त पाण्डेको नाती, श्री यज्ञराज पाण्डेको छोरा, डडेल्धुरा जिल्ला अमरगढी न.पा. वडा नं. ८ बस्ने श्री यादव राज पाण्डेको नाममा मालपोत कार्यालय, डडेल्धुरामा दर्ता श्रेष्ता कायम रहेको डडेल्धुरा जिल्ला भूमिराज गा.वि.स. वडा नं. १ (नक्सा सि.न. १/ख) स्थित कि.नं ११३६ को क्षे.फ. १-५-०-० (रो-आ-पै-दा) र निजैको नाममा मालपोत कार्यालय डडेल्धुरामा दर्ता श्रेष्ता कायम रहेको डडेल्धुरा जिल्ला, भूमिराज गा.वि.स. वडा नं. १ (नक्सा सि.न. १/ग) स्थित कि.नं ४०७ को क्षे.फ. १-३-३-२ (रो-आ-पै-दा) साथै निजैको नाममा मालपोत कार्यालय डडेल्धुरामा दर्ता श्रेष्ता कायम रहेको डडेल्धुरा जिल्ला, भूमिराज गा.वि.स. वडा नं. १ (नक्सा सि.न. १/ङ) स्थित कि.नं १४ र १९ को क्षे.फ. क्रमशः ०-७-२-२ र ०-१३-१-० (रो-आ-पै-दा) को जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलगापात समेत।

**२. ऋणी : श्री सन्तोष कृषि तथा पशुपन्छी पालन फर्म** (प्रो. श्री मिन बहादुर बोगटी)
प्रा.फ.नं : २९/१९०२/०७६/०७७ (घरेलु तथा साना उद्योग विकास समिति, डडेल्धुरा)
दर्ता मिति : २०७६/४/२०
पान नं : ३०२१२६८३५
ठेगाना : डडेल्धुरा जिल्ला आलिताल गा.पा. वडा नं १
**व्यक्तिगत जमानीकर्ताहरु :**
(क) श्री मिन बहादुर बोगटी, बाबु : श्री डम्बर सिं बोगटी, बाजे : श्री कृपा सिंह बोगटी
(ख) श्री हरिना देवी बोगटी, बाबु : श्री टेक बहादुर भण्डारी, ससुरा : श्री डम्बर सिं बोगटी, पति : श्री मिन बहादुर बोगटी
ठेगाना : डडेल्धुरा जिल्ला गांखेत गा.वि.स. वडा नं ९ हाल डडेल्धुरा जिल्ला आलिताल गा.पा. वडा नं १
(ग) श्री सन्तोष बोगटी, बाबु : श्री मिन बहादुर बोगटी, बाजे : श्री डम्बर सिं बोगटी
ठेगाना : डडेल्धुरा जिल्ला आलिताल गा.पा. वडा नं १
कर्जा : महालक्ष्मी उद्यमशिल कर्जा (टर्म)
**धितो सुरक्षणको विवरण :** श्री कृपा सिंह बोगटीको नाती, श्री डम्बर सिं बोगटीको छोरा, डडेल्धुरा जिल्ला गांखेत गा.वि.स. वडा नं ९ मा स्थायी ठेगाना भई हाल डडेल्धुरा जिल्ला आलिताल गा.पा. वडा नं १ बस्ने श्री मिन बहादुर बोगटीको नाममा मालपोत कार्यालय डडेल्धुरामा दर्ता श्रेष्ता कायम रहेको डडेल्धुरा जिल्ला, गांखेत गा.वि.स. वडा नं. ९ (नक्सा सि.न. ९/प) स्थित कि.नं ४२ र ८१ को क्षे.फ. ५-१-२-० र १-९-३-१ (रो-आ-पै-दा) को जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलगापात समेत।

**पालुङ शाखा :**

**ऋणी : श्री हिरा लामा**
बाबु : श्री मिटिङ दोर्जे लामा, बाजे : श्री पाल्साङ दोर्जे लामा
ठेगाना : मकवानपुर जिल्ला आग्रा गा.वि.स. वडा नं ९
**व्यक्तिगत जमानीकर्ताहरु :**
(क) श्री मिटिङ दोर्जे लामा, बाबु : श्री पाल्साङ दोर्जे लामा, बाजे : श्री साङ दोर्जे लामा
(ख) श्री अशोक लामा, बाबु : श्री मिटिङ दोर्जे लामा, बाजे : श्री पाल्साङ दोर्जे लामा
(ग) श्री हिरा लामा, बाबु : श्री मिटिङ दोर्जे लामा, बाजे : श्री पाल्साङ दोर्जे लामा
ठेगाना : जिल्ला मकवानपुर आग्रा गा.वि.स. वडा नं. ९
(घ) श्री रुद्र लामा, बाबु : श्री मिटिङ दोर्जे लामा, बाजे : श्री पाल्साङ दोर्जे लामा
(ङ) श्री कौशिला लामा, बाबु : श्री सुर्जे बहादुर घलान, ससुरा : श्री मिटिङ दोर्जे लामा, पति : श्री हिरा लामा
ठेगाना : जिल्ला मकवानपुर थाहा गा.वि.स. वडा नं. ८
कर्जा : एग्रिकल्चर कर्जा
**धितो सुरक्षणको विवरण :** श्री साङ दोर्जे लामाको नाति, श्री पाल्साङ दोर्जे लामाको छोरा, जिल्ला मकवानपुर आग्रा गा.वि.स. वडा नं. ९ बस्ने श्री मिटिङ दोर्जे लामाको नाममा मालपोत कार्यालय मकवानपुरमा दर्ता कायम रहेको जिल्ला मकवानपुर आग्रा गा.वि.स. वडा नं. ७ (नक्सा सि.नं. ७/ख) स्थित कि.न ४, ७ र १० को क्षे.फ. क्रमशः ०-८-०-३, ४-१३-२-३ र १-९-३-३ (रा.आ.पै.दा.) भएको जग्गा तथा सम्पूर्ण लिगलगापात समेत।

**खाडिचौर शाखा :**

**ऋणी : श्री नारायण बहादुर खत्री**
बाबु : श्री यज्ञ बहादुर खत्री, बाजे : श्री नर बहादुर खत्री
ठेगाना : सिन्धुपाल्चोक जिल्ला पाइग्रेटार गा.वि.स. वडा नं. ४ हाल सुनकोशी गा.पा. वडा नं. ७ सिन्धुपाल्चोक
**व्यक्तिगत जमानीकर्ताहरु :**
(क) श्री मनमाया खत्री, बाबु : श्री जगत बहादुर कार्की, ससुरा : श्री यज्ञ बहादुर खत्री, पति : श्री नारायण बहादुर खत्री
(ख) श्री सुजन खत्री, बाबु : श्री नारायण बहादुर खत्री, बाजे : श्री यज्ञ बहादुर खत्री
(ग) श्री नारायण बहादुर खत्री, बाबु : श्री यज्ञ बहादुर खत्री, बाजे : श्री नर बहादुर खत्री
ठेगाना : सिन्धुपाल्चोक जिल्ला पाइग्रेटार गा.वि.स. वडा नं. ४ हाल सुनकोशी गा.पा. वडा नं. ७ सिन्धुपाल्चोक
कर्जा : व्यक्तिगत कर्जा
**धितो सुरक्षणको विवरण :** श्री नर बहादुर खत्रीको नाति, श्री यज्ञ बहादुर खत्रीको छोरा सिन्धुपाल्चोक जिल्ला पाइग्रेटार गा.वि.स. वडा नं. ४ स्थाई ठेगाना भई हाल सुनकोशी गा.पा. वडा नं. ७ बस्ने श्री नारायण बहादुर खत्रीको नाममा मालपोत कार्यालय सिन्धुपाल्चोकमा दर्ता रहेको सिन्धुपाल्चोक जिल्ला, पाइग्रेटार गा.वि.स. वडा नं. ४ (नक्सा सि.नं. ४) स्थित कि.न. ४५९ को क्षेत्रफल ४-८-०-० (रो.आ.पै.दा.) भएको जग्गा तथा सम्पुर्ण लिग लगापात समेत।

**बेलौरी शाखा :**

**१. ऋणी : ए. वान. सिलाई गारमेन्ट उद्योग** (प्रो. श्री खडक नेपाली मास्टर)
प्रा.फ.नं : ४३४/२८६२/०७१/०७२ (घरेलु तथा साना उद्योग कार्यालय भीमदत्तनगर, कञ्चनपुर)
दर्ता मिति : २०७२/१/१०
पान नं : ६०३१६५५८२
ठेगाना : बेलौरी न.पा. वडा नं. ८ कञ्चनपुर

**२. ऋणी : श्री खडक नेपाली मास्ट** (ना.प्र.नं. ७५३०१८/९६८, जारी मिति/जिल्ला २०६३/१०/१७ कञ्चनपुर)
बाबु : श्री खेम ब. मास्टर, बाजे : श्री भिम बहादुर मास्टर
ठेगाना : श्रीपुर गा.वि.स. वडा नं. ४ कञ्चनपुर
**व्यक्तिगत जमानीकर्ताहरु :**
(क) श्री खडक नेपाली मास्टर, बाबु : श्री खेम ब. मास्टर, बाजे : श्री भिम बहादुर मास्टर
(ख) श्री खेम बहादुर मास्टर, बाबु : श्री भिम बहादुर मास्टर, बाजे : श्री नरबिर मास्टर
(ग) श्री कलावती मास्टर, ससुरा : श्री भिम बहादुर मास्टर, पति : श्री खेम बहादुर मास्टर
ठेगाना : श्रीपुर गा.वि.स. वडा नं. ४ कञ्चनपुर
(घ) श्री शर्मिला वि.क (नेपाली) मास्टर, बाबु : श्री दल ब. वि.क, ससुरा : श्री खेम ब. मास्टर, पति : श्री खडक नेपाली मास्टर
ठेगाना : बेलौरी न.पा. वडा नं. ६ कञ्चनपुर
कर्जा : महालक्ष्मी उद्यमशील ओ.डी. कर्जा र महालक्ष्मी होम ईक्यूटी टर्म कर्जा
**धितो सुरक्षणको विवरण :** (क) श्री भिम बहादुर मास्टरको नाती, श्री खेम बहादुर मास्टरको छोरा कञ्चनपुर जिल्ला श्रीपुर गा.वि.स. वडा नं. ४ कञ्चनपुर बस्ने श्री खडक नेपाली मास्टरको नाममा मालपोत कार्यालय बेलौरी कञ्चनपुरमा दर्ता रहेको कंचनपुर जिल्ला श्रीपुर गा.वि.स. वडा नं. ३ (नक्सा सि.नं. ०२६०८७१), स्थित कि.नं. २२१४ को क्षे.फ. १८६२.०० व.मि. भएको जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पुर्ण लिगलगापात समेत।
(ख) श्री भिम बहादुर मास्टरको नाती, श्री खेम बहादुर मास्टरको छोरा कञ्चनपुर जिल्ला श्रीपुर गा.वि.स. वडा नं. ४ बस्ने श्री खडक नेपाली मास्टरको नाममा मालपोत कार्यालय बेलौरी कञ्चनपुरमा दर्ता रहेको, कंचनपुर जिल्ला त्रिभुवनवस्ती गा.वि.स. वडा नं. ३ (नक्सा सि.नं. ०२६१०३८) स्थित कि.नं. ५००, ५१२ र ५१३ को क्षे.फ. १६९.३२, १०१.५९ र ४०९.४५ व.मि. भएको जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पुर्ण लिगलगापात समेत।
(ग) श्री नरबिर मास्टरको नाती, श्री भिम बहादुर मास्टरको छोरा कञ्चनपुर जिल्ला श्रीपुर गा.वि.स. वडा नं. ४ बस्ने श्री खेम बहादुर मास्टरको नाममा मालपोत कार्यालय बेलौरी कञ्चनपुरमा दर्ता रहेको कंचनपुर जिल्ला श्रीपुर गा.वि.स. वडा नं. ६ (नक्सा सि.नं. ०२६०८३१) स्थित कि.नं. ६४७ को क्षे.फ. ४२० व.मि. भएको जग्गा र घर तथा अन्य सम्पुर्ण लिगलगापात समेत।

**बौनिया शाखा :**

**१. ऋणी : श्री बसुन्धरा देबी गिरी बम** (ना.प्र.न. ६७१०२०/१४२५४ जारी मिति/स्थान २०६०/९/३ कैलाली)
बाबु : श्री जले गिरी, ससुरा : श्री कर्ण बहादुर बम्म रजवार, पति : श्री प्रकाश बहादुर बम रजवार
ठेगाना : धनगढी न.पा. वडा न. १ कैलाली
**२. ऋणी : होटल रातो भाले एण्ड रेष्टुरेन्ट** (प्रो. श्री प्रकाश बहादुर बम)
प्रा.फ.न. : ९८५८ (घरेलु तथा साना उद्योग कार्यालय धनगढी, कैलाली)
दर्ता मिति : २०७३/११/९
पान न. : ६०२७५७८५०
ठेगाना : दोदोधरा गा.वि.स. वडा नं. ९ बौनिया कैलाली
**व्यक्तिगत जमानीकर्ताहरु :**
(क) श्री प्रकाश बहादुर बम रजवार, बाबु : श्री कर्ण बहादुर बम्म रजवार, बाजे : श्री धर्म सिहं बम्म
(ख) श्री कर्ण बहादुर बम्म रजवार, बाबु : श्री धर्म सिहं बम्म, बाजे : श्री नैन सिहं बम्म
(ग) श्री बसुन्धरा देबी गिरी बम, बाबु : श्री जले गिरी, ससुरा : श्री कर्ण बहादुर बम्म रजवार, पति : श्री प्रकाश बहादुर बम रजवार
ठेगाना : धनगढी न.पा. वडा न. १ कैलाली
कर्जा : व्यक्तिगत टर्म कर्जा, औद्योगिक र घर टर्म कर्जा
**धितो सुरक्षणको विवरण :** (क) श्री जले गिरीको छोरी, श्री कर्ण बहादुर बम रजवारको बुहारी, श्री प्रकाश बहादुर बम रजवारको पत्नि, धनगढी न.पा. वडा न. १ कैलाली बस्ने श्री बसुन्धरा देबी गिरी बमको नाममा मालपोत कार्यालय टिकापुर कैलालीमा दर्ता श्रेस्ता कायम रहेको जिल्ला कैलाली दोदोधरा गा.वि.स. वडा नं. ९ (नक्सा सि.न. ९/क) स्थित कि.न. १८१४ र १८१७ को क्षेत्रफल ०-०-१३-० र ०-०-८-० (वि.क.धु) भएको जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पुर्ण लिगलगापात समेत।
(ख) श्री नैन सिहं बम्मको नाती, श्री धर्म सिहं बम्मको छोरा, धनगढी न.पा. वडा न. १ कैलालीमा स्थाई ठेगाना भई हाल बर्दगोरीया गाउँपालिका वडा नं. २ बौनिया कैलाली बस्ने श्री कर्ण बहादुर बम्म रजवारको नाममा मालपोत कार्यालय टिकापुर कैलालीमा दर्ता श्रेस्ता कायम रहेको जिल्ला कैलाली जानकीनगर गा.वि.स. वडा न.४ (नक्सा सि.न. ४) स्थित कि.न. १५३ को क्षेत्रफल ०-३-५-० (वि.क.धु) भएको जग्गा तथा सा जग्गामा रहेको अन्य सम्पूर्ण लिगलगापात समेत।

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-५३६८१५३, ५३६८७१९
कर्जा असुली विभाग थापाथली, काठमाण्डौं
फोन नं. ०१- ५९१९२१९/५९११५१९/२०
सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

# सच्चिने कि सक्किने ?

नौरंगी दल मिलेर समाजवादी मोर्चा बनिहाले पनि यसले प्रतिगमन रोक्छ कि यो नै प्रतिगमनको मतियार बन्छ ? आशंकाकै घेरामा छ।



● डोरप्रसाद उपाध्याय 'निर्मलकुमार'

अग्रलेख

अहिले नेपाली राजनीतिमा नेपालका पुराना भनिएका राजनीतिक दलप्रति लक्षित गरी 'सच्चिने कि सक्किने', सुध्रिने कि सक्किने', 'पुराना दलहरूको भविष्य छैन' जस्ता पदावलीको प्रयोग भइरहेको छ। नयाँप्रतिको आकर्षण र पुरानाप्रतिको आक्रोश रास्वपामा केन्द्रित भएको छ। पुराना दल चकमन्न अँध्यारो रातमा मस्त निदाए समाजवादको सपना बाँडिरहेका छन्। यी दलसँग समाजवाद बाँड्ने नीति त छ, तर जनताको मन छुने कार्यक्रम छैन। नेताहरूको आचरण र व्यवहार पञ्चयातकालीन पञ्चहरूको भन्दा फरक छैन। सचिवालय कमिसनको खोजीमा निस्किएको छ। त्यसैले उसलाई फोन उठाउनेसम्मको फुर्सद छैन। मन्त्रीहरू एक लाखको योजना उद्घाटन र शिलान्यास गर्न दश लाख खर्च गरेर हिँडिरहेका छन्। आफ्नो पद र प्रतिष्ठा धरापमा पर्न थाल्यो भन्ने लाग्यो भने राजनीतिक उपलब्धि गुम्न थाल्यो भनेर हल्ला, दंगा गर्ने प्रवृत्ति पनि हामीसँग जिउँदै छ। यी र यस्ता यावत् कुराहरू झेलिरहेका नेता, कार्यकर्ता र जनताले सिक्ने कि सच्चिने भन्नु स्वाभाविक हो। सच्चा दल बन्ने कि फोहरको ढल ? दलहरूसामु यक्ष प्रश्न बनेर उभिएको छ।

**दलहरूका गलेका 'नौ नाडी'** : अहिले पुराना भनिएका दलहरूको 'नौ नाडी' गलेका छन्। नौ नाडी गल्नु भनेको समस्याको समाधान गर्न हम्मेहम्मे पर्नु हो। समस्याले थिचिएर अस्तव्यस्त बन्नु, निराश हुनु, काम र लक्ष्यप्रति आशावादी बन्न नसक्नु र अर्को शक्ति उदाएकामा छटपटी पैदा हुनु र कामप्रति थाकेर लखतरान बन्नु हो। अरू शक्तिभन्दा सापेक्षित बलियो मानिएको एमाले पनि पछिल्लो उपनिर्वाचनको परिणामबाट निकै झस्किएको छ। त्यसो त सहरी क्षेत्रमा एमालेको मत खस्किँदो स्थितिमै छ। गत निर्वाचनमा काठमाडौंको परिणाम हेर्दा एउटा क्षेत्रबाहेक अन्य क्षेत्रमा उसले विजय हासिल गर्न सकेन। महानगरपालिकामा समेत हार व्यहोर्नुपऱ्यो। त्यस्तै अन्य सहरी क्षेत्रमा समेत प्रत्यक्षतर्फको मत परिणाम निकै कमजोर देखिन्छ। नेपाली कांग्रेसको अवस्था पनि झन्डै त्यस्तै छ। विगतमा बाबुले भनेको ठाउँमा भोट खसाल्ने प्रवृत्ति बोकेको कांग्रेस पार्टीमा यसपटकदेखि मत रूपान्तरण हुन पुगेको छ। छोरा, नातिहरू आफ्ना बाबुआमाले भनेको ठाउँमा होइन, उनीहरूले भनेको ठाउँमा भोट खसाल्न बाध्य छन्, बाबुआमाहरू। माओवादीको कथा पनि यस्तै हो। अरू पार्टीभन्दा माओवादी नयाँ हो, तर यसको चरित्र, आनीबानी, कार्यशैली, आचरण र व्यवहार पुराना पार्टीको भन्दा फरक हुन सकेन। उही काम, उही धन्दा र उही कार्यशैली अपनाएपछि यो पनि पुरानै पार्टीमा दर्ज हुन पुग्यो। एजेन्डा र उपलब्धि नयाँ तर चरित्रचाहिँ पुरानै भएपछि माओवादीप्रति जनताको बुझाइ पनि एमाले र कांग्रेससरह हुन पुग्यो र ऊ पनि क्रमशः कमजोर हुन पुग्यो। सशक्त एजेन्डा बोकेको पार्टी भएर पनि जनताको मनोविज्ञानसित जोडिन नसक्दा दिन-प्रतिदिन कमजोर बन्दै जाने र उभिन पनि अरूको सहारा खोज्नुपर्ने बाध्यता माओवादीसामु छ। पार्टीका नेताहरू पुराना अञ्चालाधीशजस्ता बन्न पुगेका छन्। नियम, विधि र प्रणाली मान्नु नपर्ने मनोविज्ञान बोकेर जनताका शासक बन्न खोज्दा जनमत अर्को ठाउँमा बदलिएको छ। दलहरूमा माथिल्लो पदमा जानु वा पुग्नुलाई माथिल्लो डिग्रीको सर्टिफिकेट लिएजस्तो बुझ्ने मनोरोग व्याप्त छ। भूमिका पूरा गर्न दिएको जिम्मेवारीलाई सानको पद सम्झनु पार्टीका लागि घातक प्रवृत्ति हो। सच्चिन दिएको सुझाबलाई आलोचना सम्झेर निषेध गर्ने र आफू नै ब्रह्मज्ञानी सम्झने मनोवृत्ति बोकेर अरूलाई पछि पार्न सकिँदैन। धर्तीमा नटेक्ने, व्यक्तिगत सम्बन्धका आधारमा नियुक्ति खाने, कमिटी र संस्थागत निर्णय नखोज्ने परिपाटीले पार्टीको जग र निर्णय क्षमता कमजोर हुँदै जाने प्रक्रियाका कारण जनताको पुराना दलप्रतिको भरोसा टुट्दै गएको छ।

**समाजवादी मोर्चा प्रतिगमन रोक्ने हतियार** : यतिबेला समाजवादी मोर्चा बनाउने हल्ला व्यापक छ। एकपटक पूर्वमाओवादीबीच पार्टी एकता गर्ने भनेर पनि यस्तै हल्ला मच्चिएको थियो। यद्यपि यो विषय मन्दगतिमा चलेकै छ। बाबुराम भट्टराई समूहसँग त झनै पार्टी एकता भई नै हाल्छ जस्तो गरी एकल चुनाव चिह्नमा चुनाव लडेर केही स्थानमा जित पनि हासिल भयो। तर, अहिले त्यो कुरा पनि सार्वजनिक मञ्चमा गफगाफ गर्ने मसला मात्र बनेको देखिन्छ। विषयहरू गम्भीरतापूर्वक उठ्ने तर त्यसको बैठान सही ढंगले नहुने हुँदा राजनीतिक दलको कार्य सम्पादन क्षमताप्रति वेलावेलामा प्रश्न उठ्ने गर्छ। मन्त्री भएपछि केही पढ्नै नपर्ने, नजानेका कुरा अरूसँग सोध्नै नहुने, पार्टीको उपल्लो पदमा पुग्नेबित्तिकै मभन्दा जान्नेबुझ्ने कोही छैन भन्ने घमण्ड गर्ने, जिम्मेवारी दिँदा शून्य परिणाम निकाल्ने, आर्थिक अनुशासन र पारदर्शिता मान्नु नपर्ने, उपल्लो पदमा हुनेबित्तिकै नियम मिच्न खोज्ने, नियम, विधि र प्रणालीलाई पैतालामा टेकेर हिँड्ने प्रवृत्तिलाई अझै प्रोत्साहन गर्न खोज्ने भाष्य निर्माण गरेर दलहरूले आफैंप्रतिको विश्वास घटाएका छन्।

> दलहरूसँग समाजवाद बाँड्ने नीति त छ, तर जनताको मन छुने कार्यक्रम छैन। नेताहरूको आचरण र व्यवहार पञ्चहरूको भन्दा फरक छैन। मन्त्रीहरू एक लाखको योजना उद्घाटन र शिलान्यास गर्न दश लाख खर्च गरेर हिँडिरहेका छन्, अनि कसरी बढ्छ, दलहरूप्रति जनविश्वास ?

एकपटक दलहरूले जनताबाट विश्वास गुमाइसकेपछि राजनीतिक कमाण्ड फेरि आफ्नो हातमा फर्किन कठिन हुन्छ भन्ने सत्य सायद सबैले बुझेकै होलान्। यस अवस्थामा समाजवादी मोर्चाको हल्ला चल्दा कतै यो पनि उम्रिन नपाउँदै तुहिने त होइन भन्ने आशंका व्याप्त छ। फेरि नौरंगी दल मिलेर समाजवादी मोर्चा बनिहाले पनि यसले प्रतिगमन रोक्छ कि यो नै प्रतिगमनको मतियार बन्छ ? यो पनि आशंकाकै घेरामा छ। कुराले मात्र प्रतिगमन रोकिँदैन, काम गरेर पनि देखाउन सक्नुपर्छ। एजेन्डा मात्र अग्रगामी भएर हुँदैन, लागू गर्ने निकाय, नेतृत्व र प्रणाली पनि अग्रगामी हुनुपर्छ। तर, हामी भने एजेन्डा प्रगतिशील छ भन्दै आफूचाहिँ प्रतिगामी काम र आचरणमा रमाइरहेका छौं। अनि बन्ला त समाजवादी मोर्चा ? यहाँ समाजवादी मोर्चाको विरोध गर्न खोजिएको होइन, तर यसमा सामेल हुने दलहरूको प्रकृति आचरण हेर्दा स्वार्थका टोकरी बोकेर समाजवादको रटान लगाउने प्रयासबाहेक केही देखिँदैन। तर, फेरि साँच्चै प्रतिगमन रोक्ने हो भने समाजवादी मोर्चा अहिलेको पहिलो आवश्यकता भने हो। त्यसैले, सम्भावित समाजवादी मोर्चालाई कसैको आत्मसन्तुष्टि पूरा गर्ने साधन होइन, प्रतिगमन रोक्ने हतियार बनाऔं।

**राजनीतिको मूल सफा गरौं** : राजनीतिक दलहरूभित्र सबैभन्दा ठूलो समस्या भनेको नेतृत्व प्रणालीको हो। अझ कम्युनिस्ट पार्टीमा त झन् सामूहिक छलफलका आधारमा निकालिएको निष्कर्षलाई व्यक्तिगत जिम्मेवारीसाथ पूरा गर्नुपर्ने हो। तर, यहाँ त व्यक्तिले गरेका निर्णय समूहले लागू गर्नुपर्ने बाध्यता छ। यो रोग अरू लोकतान्त्रिक र गैरलोकतान्त्रिक सबै दलमा छ। अहिले मात्र जन्मेको रास्वपा पार्टीमा पनि यो समस्या प्रस्ट देखिन्छ। यो पार्टीका सभापतिले आफू गैरसांसद भएका वेला सकभर आफैं मन्त्री बन्ने, नपाए आफ्नो दलका अरू बन्न नपाउने गरी बन्ध्याकरण गरिदिए। उनले अहिले फेरि जितेर आएका छन् र नयाँ स्तरको सत्ता बार्गेनिङ सुरु गरेका छन्। उपेन्द्र यादवलाई जसरी पनि सांसद बन्नुपर्ने बाध्यता के थियो ? अहिले प्रदेशहरूमा हेर्दा त्यहाँ सत्ताको रसास्वादन गर्न मरिहत्ते गर्नेको रमिता देख्न पाइन्छ। सुशासनको धज्जी उडाएर आर्थिक लेनदेनको बार्गेनिङ गर्न ठाउँ-ठाउँमा बिचौलिया नियुक्त भएका समाचार बाहिरिएका छन्। नियमले हुने काम पनि हप्तौं लगाएर जनतालाई दुःख दिने क्रम रोकिएको छैन। यी सबै तथ्यले सरकारले गरेका अन्य कैयौं राम्रा काम र निर्णय पनि बदनामीको सिकार भएका छन्। त्यसैले समाजवाद र समृद्धिको यात्रामा दलहरूको निर्णय प्रणाली, कार्यक्षमता र नियतको समस्या प्रबल देखिएको छ। सोच नै फोहोर भएपछि परिणाम पनि फोहोर नै निस्किनु स्वाभाविक हुन्छ। अहिले नयाँ भनिएको रास्वपा पार्टी पनि कालान्तरमा यही रोगको सिकार बन्नेमा शंका छैन। अहिलेको ऊप्रतिको आकर्षण क्षणिक उत्तेजना र अन्य दलप्रतिको आक्रोशको परिणाम हो। तर, यसो भन्दैमा राजनीतिक नेतृत्वले अरूलाई गाली गरेर होइन, परिणाम देखिने गरी काम गर्नुपर्छ। पहिले आफ्नो दलभित्र सुशासन कायम गर्ने, नेतृत्व प्रणालीलाई पारदर्शी बनाउने, कार्यसम्पादन मूल्यांकनलाई सही ढंगले कार्यान्वयन गर्ने, उपल्लो पदमा छ भने पनि शून्य परिणाम मात्र निकाल्नेलाई मन्त्रीमा सिफारिस नगर्ने, एउटा व्यक्तिलाई मात्र नियुक्ति र सिफारिसमा नपार्ने, दक्ष र योग्य अरू पनि छन् भन्ने बुझेर जिम्मेवारी दिने, पार्टीभित्र वंशवाद नलाद्ने जस्ता विषयमा सुधारका काम गर्ने हो भने दलहरू विघटन हुनबाट जोगिनेछन्। अन्यथा, हामी अग्रगामी भन्दाभन्दै राज्य प्रतिगामीको हातमा पुग्नबाट कसैले रोक्न सक्नेछैन। त्यसैले सबभन्दा पहिले राजनीतिको मूल सफा गरौं, अरू कुरा क्रमशः सच्चिँदै जानेछन्।

अन्त्यमा विश्व राजनीतिमा देखिएको पछिल्लो परिदृश्य, चीन र अमेरिकाबीचको बढ्दो टक्कर, भारतीय शासकको नेपाललाई गलाउने, थकाउने र आत्मसमर्पण गराएर आफ्नो अनुकूल सरकार बनाइराख्ने रणनीति, देशभित्रका राजावादीहरू गणतन्त्रको जग भत्काउन कम्मर कसेर लागेको राजनीतिक परिस्थितिमा प्रतिक्रियावादीहरूले नेपालमा बहुदलीय होइन, दुईदलीय सत्ताको अभ्यास गर्न खोजेको देखिन्छ। त्यसकारण दलहरू पनि एक-आपसमा गाभिने, मर्ज हुने र लोकतान्त्रिक तथा गणतान्त्रिक दलहरूका रूपमा अभ्यास गर्दा राम्रो हुन्छ कि !

*(उपाध्याय माओवादी केन्द्रका कार्यालय सचिव हुन्)*

## ३ प्रश्न

एमाले सचिव
**योगेश भट्टराई**लाई



**'मिसन ग्रासरुट' अभियानको सन्देश कस्तो रह्यो ?**

पार्टीको तल्लो तहदेखि नै विभिन्न सुझाब आएका छन्। पार्टी सुदृढीकरण र शुद्धीकरणमा ती सुझाब मार्गदर्शक बन्न सक्छन्। अहिले प्रदेश स्तरमा अभियानबारे समीक्षा बैठक भइरहेका छन्। काठमाडौं उपत्यका र बागमती प्रदेशको समीक्षा बैठक बाँकी छ। त्यहाँ पनि छिटै समीक्षा बैठक बस्नेछ। सबैतिरको समीक्षा बैठकपछि केन्द्रीय समितिमा प्रतिवेदन पेस गरेर घनीभूत छलफल हुनेछ। यस अभियानले पार्टीलाई आन्तरिक रूपमा व्यवस्थित र गतिशील बनाउन सहयोग गरेको छ। अन्तर्विरोधहरू पहिचान भएका छन्। तिनको कसरी समाधान गर्ने भन्ने विषय च्यालेन्जिङ भए पनि पार्टी केन्द्रमा छलफल गरी अघि बढ्ने मार्ग तय भएको छ।

**पछिल्लो उपनिर्वाचनले दलहरूलाई कत्तिको दबाब दिएको छ ?**

उपनिर्वाचनको परिणाम अपेक्षित रूपमा नआएको पक्कै हो। तर, यसबाट निराश बन्नुपर्ने अवस्था छैन। यसलाई दबाबका रूपमा लिनुभन्दा पनि सूक्ष्म ढंगबाट विश्लेषण गरेर अघि बढ्नुपर्छ। परिणामले पार्टीलाई सचेत र सजग भने बनाएको छ।


**पार्टी सुदृढीकरण र शुद्धीकरणका लागि के कस्तो योजना छन् ?**

यसबारे केन्द्रीय कमिटीले योजना बनाउँछ। खासगरी अबको अभियान नयाँ मतदातासम्म पार्टीलाई पुऱ्याउने दिशामा केन्द्रित हुनुपर्छ। यस विषयमा पार्टीको तलदेखि माथिसम्म एक मत छ। पार्टीलाई पुरानै अवस्थामा पुऱ्याउनु हामी सबैको लक्ष्य हुनेछ।

प्रेरक प्रसंग

## शिक्षा सुरु गर्ने समय

फ्रान्सिस वेलेन्ड पार्कर अमेरिकाका एक प्रसिद्ध शिक्षाविद् थिए। बालबालिकाको शिक्षा सम्बन्धमा उनको योगदान निकै ठूलो थियो। निकै टाढाटाढाबाट बालबालिकाको शिक्षाका सम्बन्धमा राय-सल्लाह लिन उनीकहाँ मानिसको भिड लाग्ने गर्थ्यो। उनी पनि सकेसम्म सहज तरिकाबाट सबै जिज्ञासुको जिज्ञासा शान्त बनाएर पठाउने गर्थे।



एकपटक शिक्षाविद् पार्कर कुनै एक स्थानमा आयोजित विशेष कार्यक्रममा बालशिक्षाबारे आफ्नो मन्तव्य दिइरहेका थिए। उनको मन्तव्य पूरा भएपछि त्यहाँ प्रश्नोत्तरको क्रम सुरु भयो। प्रश्न सोध्ने क्रममा एक महिला आफ्नो स्थानबाट उठिन् र पार्करसित प्रश्न गरिन्- महाशय, म आफ्नी छोरीको पढाइ सुरु गर्न चाहन्छु। त्यसका लागि सबैभन्दा उत्तम उमेर कुन हो ?

पार्करले प्रश्न गरे- तपाईंकी छोरी कहिले जन्मिइन् ? महिलाले अचम्म मान्दै जवाफ दिइन्- छोरी त पाँच वर्षपहिल्यै जन्मिसकिन् नि !

महिलाको जवाफ सुनेपछि गम्भीर हुँदै पार्करले भने- देवीजी, तपाईंले आफ्नी छोरीका सुनौला पाँच वर्ष त्यत्तिकै बर्बाद गरिसक्नुभएछ। पठनपाठन कार्य त बालबालिकाको जन्मसँगै सुरु हुनुपर्छ। अब कत्ति पनि ढिलो नगरी फटाफट घर जानुहोस् र छोरीको शिक्षा अहिल्यैदेखि सुरु गर्नुहोस्। किनकि, ज्ञान र शिक्षाका लागि उमेरको कुनै बन्धन हुँदैन।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

## क्रिकेट रंगशाला नबनाउने ?

नेपाली राष्ट्रिय क्रिकेट टोलीले पछिल्ला दिनमा एकपछि अर्को लोभलाग्दो सफलता हात पारिरहेका छन्। हरेक सफलतासँगै सरकारले खेलाडीलाई आर्थिक सहयोगको घोषणा पनि गर्दै आएको छ। तर, तिनै खेलाडीले अभ्यास गर्ने तथा प्रतियोगिता खेल्ने स्तरीय रंगशाला निर्माणमा भने सरकारले गफ मात्र दिँदै आएको छ। कहिले त्रिवि क्रिकेट मैदानमा स्कोर बोर्ड र फ्लड लाइट राख्ने घोषणा गर्छ। तर, त्यसको भोलिपल्टै आफूले गरेको घोषणा भुसुक्कै बिर्सिन्छ। के नेपाल सरकारसित रंगशालामा एउटा फ्लड लाइट र स्कोर बोर्ड राख्ने पैसासमेत नभएकै हो त ? हो भने सार्वजनिक रूपमा सेयर खुला गरेर पब्लिक कम्पनीका रूपमा रंगशाला निर्माण गरौं। हामी नेपाली जनताले गर्छौं लगानी।

● **अपूर्व नेपाली**, कीर्तिपुर, काठमाडौं

## रोगी अस्पतालको उपचार गर

'वीर अस्पतालको पर्खाल भत्किँदा पाँच कुरुवा घाइते, आइसियूका बिरामी जोखिमपूर्ण भवनमै' शीर्षकको समाचार पढ्दा दुःख लाग्यो। उपचार पाइने आशामा अस्पताल पुगेका बिरामी र तिनका आफन्त आफैंमा सिकिस्त बिरामी रहेको अस्पतालका कारण ज्यानै गुमाउनुपर्ने हो कि भन्ने चिन्तामा रहनुपर्ने अवस्था आउनु विडम्बनापूर्ण छ। सरकारले तत्काल यस्ता बिरामी अस्पताल पहिचान गरी तिनको मर्मत-सम्भारका लागि बजेट विनियोजन गरोस् र दीर्घरोग अस्पतालको पहिले उपचार गरोस्।

● **वन्दना सिजापती**
नरदेवी, काठमाडौं

## ओलीको लेख मन पऱ्यो

'विद्यालय तहमा प्रवेश परीक्षाको ज्यादती' शीर्षकमा प्रकाशित ताराप्रसाद ओलीको लेख मन पऱ्यो। संस्थागत विद्यालयले त वर्षौंदेखि यसरी प्रवेश परीक्षाका नाममा विद्यार्थीमाथि ज्यादती गर्दै आएकै छन्। अब त जनताले खाई-नखाई तिरेको करबाट चलेका सामुदायिक विद्यालयले समेत प्रवेश परीक्षाका नाममा तिनै जनताका छोराछोरीलाई विद्यालय प्रवेशबाट वञ्चित गराइरहेका छन्। यसलाई अविलम्ब रोकिएन भने शिक्षा प्राप्त गर्ने नागरिकको मौलिक हकको गम्भीर हनन हुनेछ।

● **सिद्धिमा केसी**
सानोगौचरन, काठमाडौं

## समस्यै समस्यामा सार्वजनिक शिक्षा

हाम्रो देशको सार्वजनिक शिक्षाको समग्र वर्तमान स्थितिलाई मैले यहाँ निम्न बुँदामा संकेत गरेको छु। सरोकारवाला निकायका जिम्मेवार अधिकारीलाई फुर्सद भए यी बुँदा पढेर समाधान खोज्न सहज हुनेछ :

१. शिक्षामा राज्यको लगानी अपुग छ र गरिएको लगानी पनि सदुपयोग हुन सकेको छैन। २. हामीले थाहा पाएयता सरकारले कहीं कतै नयाँ सामुदायिक विद्यालय/क्याम्पस खोलेको थाहा छैन। ३. समुदायले सम्पूर्ण खर्च व्यहोर्ने सर्तमा मात्र सञ्चालन अनुमति दिएको छ। ४. संविधानले माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने भने पनि राज्य यस विषयमा उदासीन छ र सामुदायिक विद्यालयले पनि कुनै न कुनै नाममा शुल्क उठाइरहेका छन्। ५. सामुदायिक विद्यालयमा भन्दा तुलनात्मक रूपमा कम क्षमतावान् शिक्षक भएका र कम तलब सुविधा भएका संस्थागत विद्यालयले उत्कृष्ट नतिजा दिइरहेका छन्। ६. एक-दुईलाई छाडेर सबैजसो शिक्षक आफूलाई दलको कार्यकर्ता भन्न रुचाउँछन्। ७. तिनका पेसागत संगठन पनि दलसँग आबद्ध छन्। ८. विद्यालयहरूको व्यवस्थापकीय पाटो पनि कमजोर छ। ९. अन्त अवसर नपाएसम्म मात्र शिक्षा क्षेत्रमा रहने मनोविज्ञानले पनि उनीहरूलाई कमजोर तुल्याइरहेको छ। १०. नेपालका सामुदायिक विद्यालय कमजोर आय भएका विपन्न नागरिकले मात्र आफ्ना छोराछोरी पढाउने थलो बनेको छ। ११. हुनेखाने आफ्ना सन्तानलाई महँगा संस्थागत विद्यालयमा पढाइरहेका छन्।

● **रामकृष्ण पराजुली**, लामोसाँघु, सिन्धुपाल्चोक
rakipali2025@gmail.com

# गर्मीको लहरले गरिबी र असमानता बढाउने जोखिम

**घातक गर्मीको लहरले भारतको गरिबी, खाद्यान्न एवं आय सुरक्षा र लैंगिक समानतामा हुने सुधारमा रोक लाग्न सक्छ**



देश / विदेश

● रमित देवनाथ ● रोनिता बर्धन

हाम्रो नयाँ अध्ययनले अप्रिल २०२२ मा कीर्तिमानी गर्मीको लहरले भारतका ९० प्रतिशत मानिस भोकमरीमा परेको, आम्दानी गुमाएको वा अकाल मृत्युको जोखिममा परेको देखाएको छ। मौसम विभागका अनुसार सन् २०२२ मा भारतमा एक सय २२ वर्षयताकै सबैभन्दा बढी गर्मी भएको छ र यस वर्षको अप्रिलमा पनि भारतका ६० प्रतिशतभन्दा बढी हिस्सामा औसतभन्दा बढी गर्मी रेकर्ड गरिएको छ। यो वर्ष विश्व तापमान वृद्धि गराउने वातावरणीय परिघटना 'एल निनो' हुने भएको छ। यस्ता घातक गर्मीको लहरको बढ्दो आवृत्तिले भारतको गरिबी, खाद्यान्न एवं आय सुरक्षा र लैंगिक समानतामा हुने सुधारमा रोक लाग्न सक्छ वा गिरावट नै आउन सक्छ, जसले एक अर्ब ४० करोड भारतीयको जीवनस्तरलाई खस्काउन सक्छ।

प्राकृतिक रूपमा भारतीय उपमहाद्वीपमा प्रत्येक ३० वर्ष वा सोभन्दा बढी अवधिमा चरम गर्मी हुने गर्थ्यो। तर, अब मानव सिर्जित जलवायु परिवर्तनका कारण यो परिस्थिति रहेन। भारतमा सन् १९९२ यता चरम गर्मीका कारण २४ हजारभन्दा बढीको मृत्यु भइसकेको छ र त्यसमा सन् १९९८ को मे महिनामा भएको सर्वाधिक विनाशकारी गर्मीका कारण तीन हजार ५८ जनाको ज्यान गएको थियो।

मे २०१० को गर्मीमा अहमदावादमा तापक्रम ४७.८ डिग्री सेल्सियस पुगेको थियो र उग्र गर्मीका कारण अस्पतालमा बिरामी नवजात शिशुको भर्ना ४३ प्रतिशतले बढेको थियो। तत्पश्चात अहमदावाद उग्र गर्मीसम्बन्धी पूर्वतयारी एवं आपत्काल योजना लागू गर्ने भारतकै पहिलो सहर बन्यो र यसले त्यसयता हजारौंको ज्यान जोगाएको छ। सन् २०१५ मा गर्मीको लहरले दुई हजार तीन सय ३० जनाले ज्यान गुमाएपछि प्रकोप व्यवस्थापन हेर्ने मन्त्रालयले ज्यान जोगाउने निर्देशिका जारी गऱ्यो र भारतका राज्यलाई आफ्नै नीति बनाउन प्रोत्साहन गऱ्यो।

गर्मीसम्बन्धी कार्य योजना तब मात्र उपयोगी हुन्छन्, यदि यी योजनाले सम्पूर्ण जनसंख्यामा गर्मीको लहरको परिणाम समेट्न सक्छ। भारतीय अधिकारीले आपत्कालीन पहल लिनुपर्ने गर्मीबारे थाहा पाउन सरकारले जनताले शारीरिक रूपमा कस्तो अनुभव गर्छन् भनेर जान्नुपर्छ। हामीले मानव शरीरले उच्च तापमान र आर्द्रताका वेला शरीरले कस्तो महसुस गर्छ भनेर जाँच्न अमेरिकाको ख्यातिप्राप्त वातावरणीय स्वास्थ्य प्रविधिको प्रयोग गरेका छौं। यसले गर्मीको लहरमा भारतीय कति संवेदनशील हुन्छन् भनेर नक्सांकन गर्न सघाउने मात्र नभई गत वर्षको गर्मीको लहरले ९० प्रतिशत भारत गम्भीर परिणामको जोखिममा रहेको देखाएको छ।

घातक तापक्रमको जोखिमलाई सही ढंगले मापन गर्न आवश्यक छ। भारत सरकारले प्रयोग गरेको जलवायुसम्बन्धी सूचकांक मानकले मानव स्वास्थ्यमा गर्मीले हुने भौतिक जोखिमलाई हेर्दैन। हाम्रो अनुसन्धानले वायुको तापक्रम र सापेक्षिक आर्द्रताको स्तर संयोजनले ताप सूचकांकलाई अत्यधिक गर्मीका लागि 'वास्तविक-अनुभूति'को मानक दिएको छ।

अर्को शब्दमा भन्नुपर्दा मानिसले चर्को गर्मीलाई कसरी अनुभव गरिरहेका छन् भन्ने जनाउँछ।

प्रचण्ड गर्मीलाई कम आँक्दा भारतको दिगो विकासका थुप्रै उद्देश्यतर्फका प्रगतिलाई सुस्त बनाउन वा उल्टो दिशातर्फ पनि लग्न सक्छ। यी उद्देश्यमा गरिबी, भोकमरी, स्वास्थ्य र लोक-कल्याण, समानता, आर्थिक वृद्धि र औद्योगिक नवप्रवर्तन र जैविक विविधतासँग सम्बन्धित मामिला पर्छन्। र, भारतमा पछिल्ला २० वर्षमा यी क्षेत्रमा हुने प्रगति सुस्त भएका छन् र



तस्बिर : सुदर्शन झा/सटरस्टक

प्रतिकूल मौसम बढ्ने क्रममा छ।

उदाहरणका लागि अत्यधिक गर्मीले माटोलाई सुकाउँछ र वर्षालाई अनियमित बनाई सुक्खालाई थप बढाउँछ, नतिजा बाली उत्पादन र खाद्य सुरक्षालाई ध्वस्त हुन्छ, जसले भारतीय समाजको ठूलो हिस्साको स्वास्थ्य र समृद्धिलाई खतरामा पार्छ। भारत मूलतः कृषि अर्थतन्त्र भएकाले कृषि क्षेत्रको उत्पादनमा आउने ह्रासले करोडौं साना किसानको रोजगारी र स्वास्थ्य जोखिममा पर्छ। त्यति मात्रै नभई यी किसानलाई नयाँ रोजगारमा अनुकूलन हुन हुन्छ। त्यसैगरी गर्मीको लहरले भारतको पानी र किरा फट्यांग्राबाट सर्ने रोगमा वृद्धि त्याएर पहिलेदेखिको कमजोर स्वास्थ्य व्यवस्थालाई थप कमजोर बनाउनेछ।

हरेक वर्ष भारतका सहरी क्षेत्रमा कामका लागि जाने आप्रवासी मजदुर मात्रै नभई सहरबासीमाझमा समेत गर्मीको कहालीलाग्दो प्रभाव पर्ने देखिन्छ। दिल्ली सहरलाई नै लिऊँ दिल्ली र यसका तीन करोड जनसंख्या सबै सन् २०२२को गर्मीको लहरको जोखिममा थिए।

यस अर्थमा भारतको जलवायु संवेदनशीलता हेर्ने संयन्त्र अपुग र अपूरो देखिन्छ। त्यसैले केही वर्षयता बढिरहेको अत्यधिक गर्मीको सामना गर्न हालको संयन्त्रलाई अद्यावधिक गर्न जरुरी छ।

जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी मञ्चले यो शताब्दीमा दक्षिण एसियामा गर्मी लहर थप शक्तिशाली र बारम्बार बढ्ने अनुमान गरेको छ। यी सम्भावित परिवर्तनको सामना गर्न वा अनुकूलन गर्न बनाइने नीतिमा भारतका जटिल जोखिमलाई ध्यानमा राख्नुपर्छ। र, यसमा पनि सहरमा अनुकूलन गर्न बढी जोड दिनुपर्छ किनभने सहरको जनसंख्या विस्फोटक रूपमा बढिरहेको छ र भारतका सहरमा ७० प्रतिशत हिस्सामा अझै पनि निर्माण कार्य हुन बाँकी छ। अहिले पनि हामीसँग चिस्यान विधिबाट घर निर्माण गर्ने प्रविधि लागू गर्ने मौका छ। भारतका कैयौं मानिस प्रतिकूल मौसमको चपेटामा पर्ने भएकाले जनतालाई अनुकूलन गराउन सक्ने गरी अर्थतन्त्र, सहरी विकास र शिक्षामा जोड दिन जरुरी छ।

*(देवनाथ क्याम्ब्रिज विश्वविद्यालयका क्याम्ब्रिज जिरो फेलो हुन् र बर्धन क्याम्ब्रिज विश्वविद्यालयका सह-प्राध्यापक हुन्)*
*द कन्भर्सेसनबाट*

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

# जनसंख्यामा यसकारण पहिलोपटक दोस्रो हुँदै चीन

## चीनमा सन् २०८० सम्ममा ६५ वर्ष माथिका मानिसको समूह जनसंख्या संरचनाको सबैभन्दा ठूलो हिस्सा हुनेछ

● द इकोनोमिस्ट



भारतको जनसंख्याले चीनको जनसंख्यालाई उछिन्न लागेको छ । भारत सरकारले सन् २०२१ मा गर्ने भनिएको जनगणनालाई कोभिड-१९ महामारीका कारण स्थगित गरेकाले भारतको जनसंख्याको ताजा र यकिन तथ्यांक उपलब्ध छैन । त्यसैले, भारतले चीनलाई कहिलेबाट उछिन्छ भन्ने ठ्याक्कै कसैलाई थाहा छैन । तर, जनसांख्यिकीय मामिलामा भरपर्दो मार्गदर्शक निकाय संयुक्त राष्ट्रसंघका अनुसार यो अप्रिलमा भारत र चीनको जनसंख्या बराबर भएको छ । अर्थात् सन् २०२३ को अप्रिल महिनामा यी दुवै मुलुकको अनुमानित जनसंख्या एक अर्ब ४२ करोड ६० लाख पुगेको छ । यसैले, चीनको जनसंख्या घट्दो क्रममा र भारतको जनसंख्या बढ्ने क्रममै रहेकाले भारतले चीनलाई निकै चाँडै उछिन्छ भन्नु सुरक्षितै तर्क हुन्छ ।

यो अपेक्षितै थियो । तर, प्रजनन क्षमतामा गरिने परिवर्तनले दशकौंसम्म जनसंख्याको प्रवृत्तिलाई प्रभाव पार्छ भन्ने कुरा, प्रजनन दरलाई प्रत्यक्ष रूपमा विशेषगरी बलजफ्ती परिवर्तन गर्ने प्रयास सदैव असफल हुन्छन् भन्ने कुरा र जीवनस्तरमा सुधार ल्याउनु नै जनसंख्यालाई स्थिर बनाउने सुनिश्चित र सबैभन्दा मानवीय मार्ग हो भन्ने कुरा यस परिघटनामा पूर्वजानकारी नभएका विषय हुन् ।

सन् १९७० मा चीनको जनसंख्या ८२ करोड ३० लाख थियो भने भारतको जनसंख्या चीनको भन्दा करिब एकतिहाइले कम अर्थात् ५५ करोड ८० लाख थियो । तर, अन्य मामिलामा यी दुवै विशाल मुलुक समान थिए । जनसंख्यामा २५ वर्षभन्दा कम उमेर समूहको हिस्सा पनि समान रूपमा ६० प्रतिशत थियो । काम गर्ने उमेर समूहको जनसंख्या (२५ देखि ६४ वर्षबीचको जनसंख्या) पनि लगभग समान नै थियो, करिब ३५ प्रतिशत हाराहारी । यसैगरी, यी दुवै मुलुकको औसत प्रजनन दर पनि लगभग समान (प्रतिमहिला ६ बच्चासहित) थियो । अर्थात् यी दुवै देशका महिलाले आफ्नो जीवनमा औसतमा ६ बच्चालाई जन्म दिइरहेका थिए । यद्यपि त्यो निकै उच्चदर थियो । यो दर अहिले विश्वमा एक मात्र मुलुक नाइजरमा छ ।

यी मुलुकबीच एउटा अर्को कुरा पनि समान थियो । पश्चिमा सरकारले उनीहरू दुवैलाई प्रजनन दरलाई पर्याप्त घटाउनुपर्छ भन्नेमा विश्वस्त गराएका थिए । यी मुलुकले बाध्यकारी गर्भनिरोधलाई प्रजनन दर नियन्त्रणको उपायका रूपमा अपनाए । महिलालाई पाठेघरमा गर्भनिरोधका उपकरण (आइयुडिए) राख्न र पुरुषहरूलाई भ्यासेक्टोमी गर्न बाध्य बनाइयो । चीनले अपनाएको प्रतिबन्धात्मक व्यवस्था भारतको भन्दा अधिक कठोर, दीर्घकालीन र प्रभावकारी थियो । सन् १९७० को दशकको सुरुवातबाटै चीनले 'ढिला, लामो र थोरै' नामक नीति सुरु गऱ्यो, जसको अर्थ ढिलो विवाह, शिशुको जन्ममा लामो अन्तराल र थोरै बच्चा (अधिकतम दुई) भन्ने थियो । सन् १९८० को दशकमा यसलाई अझ कठोर 'एक सन्तान नीति'द्वारा प्रतिस्थापित गरियो । यो नियमले अधिकांश हान चिनियाँ दम्पतीलाई एक मात्र सन्तानको अनुमति दिन्थ्यो (यो नियम जातीय अल्पसंख्यकहरूको हकमा केही खुकुलो थियो) । यस्तो नीतिले चीनको प्रजनन दरलाई केवल दश वर्षमै ६ सन्तानबाट आधाले घटाएर महिलाको औसत प्रजनन दर तीनमा झाऱ्यो । एक सन्तान नीतिका कारण यो दर थप तल धकेलिँदै गयो र सन् २०२२ सम्ममा आइपुग्दा १.२ पुग्यो । यो दर सामूहिक बसाइँसराइको अभावमा जनसंख्या घट्न थाल्ने दरभन्दा निकै कम हो । जसका कारण सन् २०२२ बाट चीनको जनसंख्या पहिलोपटक घट्न पुग्यो । यद्यपि त्यसवेला चिन्तित कम्युनिस्ट नेतृत्वले एक सन्तान नीति खारेज गरिसकेको थियो ।

> चीनमा आगामी १५ वर्षभित्रै ६५ वर्षभन्दा बढी उमेरका मानिसको संख्याले २५ वर्षभन्दा कम उमेरका मानिसको संख्यालाई उछिन्दै छ । तर, भारतमा आगामी ६० वर्षसम्म पनि यो अवस्था आउनेछैन ।

यसविपरीत भारतले निकै छोटो समय मात्रै यस्तो नीति अख्तियार गऱ्यो, जुन लगभग छ महिना (सन् १९७६ देखि ७७ सम्म) चलेको थियो । साथै, भारतको संघीय प्रणालीका कारण पनि बन्ध्याकरणको कार्यक्रम उत्तरको तुलनामा दक्षिणमा कम कडाइका साथ लागू गरियो । यसकारण भारतीय प्रजनन दर सन् २०२२ मा मात्र २.० मा आइपुग्यो, जुन तथाकथित 'रिप्लेसमेन्ट फर्टिलिटी रेट'भन्दा थोरै मात्र कम हो । फलस्वरूप, भारतीय जनसंख्याको संरचना चीनको तुलनामा अधिक स्थिर र सन्तुलित देखिन्छ । चीन डरलाग्दो गरी बुढ्यौलीमा पुगेको छ । चीनमा आगामी १५ वर्षभित्रै ६५ वर्षभन्दा बढी उमेरका मानिसको संख्याले २५ वर्षभन्दा कम उमेरका मानिसको संख्यालाई उछिन्दै छ । तर, भारतमा आगामी ६० वर्षसम्म पनि यो अवस्था आउनेछैन । चीनमा सन् २०८० सम्ममा ६५ वर्षभन्दा माथिका मानिसको समूह जनसंख्या संरचनाको सबैभन्दा ठूलो समूह हुनेछ । भारतमा यस्तो कहिल्यै नहुन सक्छ ।

बलपूर्वक नियन्त्रण प्रजनन दरमा गिरावटको एक मात्र कारण भने होइन । यी दुवै मुलुकको जीवनस्तर, स्वास्थ्य र शिक्षामा व्यापक सुधार भएकाले मानिसहरूले बिमा पोलिसीको रूपमा धेरै बच्चा जन्माउन आवश्यक महसुस गर्न छाडेका छन् । भारतको समृद्ध दक्षिणी राज्यहरूमा प्रजनन दर कम थियो । प्रजनन दर कम गर्न दक्षिणी राज्यहरूमा उत्तरमा जस्तो भ्यासेक्टोमी बेल्टकै सिर्जना गर्नुपरेन । अहिले पनि दक्षिणको प्रजनन दर राष्ट्रिय औसतभन्दा कम छ । चिनियाँहरूले पनि आर्थिक वृद्धि र सामाजिक सुधारको नरम प्रभावमा बढी भरोसा गरेका हुन्थे भने उनीहरूको जनसंख्या थप सन्तुलित र स्थिर हुन सक्थ्यो । साथै, अझै पनि विश्वको सबैभन्दा धेरै जनसंख्या भएको मुलुक पनि ऊ नै कायम रहन सक्थ्यो ।

### इतिहासमा आज

मे २



**सन् २०११ :** अमेरिकी कमान्डोद्वारा ओसामा बिन लादेनको हत्या । उनी संस्थापक रहेको अतिवादी समूह अल कायदाले सन् २००१ को सेप्टेम्बरमा अमेरिकी महत्त्वपूर्ण भवनमा अतिवादी हमला गरेको थियो ।

**सन् १९९७ :** कन्जर्भेटिभ पार्टीको १८ वर्ष लामो सत्ता अन्त्य गर्दै टोनी ब्लेयर बेलायतको प्रधानमन्त्रीमा नियुक्त । आम निर्वाचनमा ब्लेयरको लेबर पार्टीले ऐतिहासिक विजय हासिल गरेको थियो । सन् २००३ मा इराकमा अमेरिकी आक्रमणलाई समर्थन गर्दा उनका धेरै प्रशंसक कडा रूपमा निराश भएका थिए ।

**सन् १९८२ :** ब्रिटिस रोयल नेभीद्वारा अर्जेन्टिनी क्रुजर जनरल बेलग्रानोलाई डुबाएको दिन । आक्रमणमा ३२३ जना बेपत्ता भएका थिए, जुन फकल्यान्ड युद्धमा मारिएका अर्जेन्टिनीको कुल संख्याको आधा हो ।

**सन् १९४५ :** १२ दिन लामो भीषण युद्धपछि रुसी फौजद्वारा बर्लिन नियन्त्रण ।

**सन् १८०८ :** नेपोलियनविरुद्ध म्याड्रिडका नागरिकको विद्रोह सुरु ।

## अफगान संकटबारे जारी वार्तामा तालिबान अनुपस्थित

**काबुल/** अफगानिस्तानका महिलालाई काम गर्न र बालिकाहरूलाई विद्यालय जान प्रतिबन्ध फुकुवा गर्न दबाब दिने विषयमा शासकसँग कसरी समन्वय गर्ने विषयमा राष्ट्रसंघको नेतृत्वमा कतारमा सुरु भएको वार्तामा तालिबान अनुपस्थित छ । सोमबारदेखि चलेको वार्तामा अमेरिका, चीन र रुसका साथै प्रमुख युरोपेली सहायता दाताहरू र पाकिस्तानजस्ता प्रमुख छिमेकीका साथै करिब २५ देश र समूहका प्रतिनिधि सहभागी छन् । सन् २०२१ को अगस्टमा सत्तामा फर्केका तालिबान शासकलाई मान्यता दिने कुनै पनि कदमको विरोधमा अफगानी महिलाहरूको एउटा सानो समूहले काबुलमा सप्ताहान्तमा विरोध प्रदर्शन गरेको थियो । अफगान महिला समूहको गठबन्धनले आइतबार दोहा बैठकलाई लेखेको खुला पत्रमा कुनै पनि देशले औपचारिक सम्बन्धबारे विशेष विचार गर्न र यही अवस्थामा तालिबानलाई मान्यता नदिन आग्रह गरेको छ ।

# तापलहरले भारतको विकास जोखिममा

जलवायु परिवर्तनबाट सिर्जित घातक तापलहरले भारतको विकासलाई खतरामा पारेको र गरिबी उन्मूलन, स्वास्थ्य र आर्थिक वृद्धिमा देशको प्रगतिलाई उल्ट्याइरहेको एक नयाँ अध्ययनले दर्साएको छ ।

तापलहरले यसअघि नै देशलाई गम्भीर रूपमा असर गरेको छ, जसका कारण विद्युत्मा कटौती, धुलो र वायु प्रदूषण बढेको र भारतको उत्तरमा द्रुत हिमनदी पग्लेको क्याम्ब्रिज विश्वविद्यालयका अनुसन्धानकर्ताले बताएका हुन् ।

सन् १९९२ देखि भारतमा तापलहरका कारण २४ हजारभन्दा बढी मानिसको मृत्यु भएको बताइएको छ । जलवायु संकटका कारण तापलहर तीव्र र घातक हुने भएकाले प्रभावहरू अझ खराब हुने अनुमान गरिएको छ ।



'भारतले हाल धेरै जलवायु खतराहरूको टक्करको सामना गरिरहेको छ' अनुसन्धानकर्ताले भनेका छन्, 'दीर्घकालीन प्रक्षेपणले यो संकेत गर्छ कि भारतको तातो हावाले सन् २०५० सम्म स्वस्थ मानिसको लागि बाँच्ने क्षमताको सीमापार गर्न सक्नेछ ।

भारतमा लाखौँ मानिस पहिले सोचेभन्दा जलवायु परिवर्तनको जोखिममा रहेको अध्ययनले देखाएको छ । देशको ९० प्रतिशतभन्दा बढी क्षेत्र गर्मीको लहरबाट नराम्ररी प्रभावित हुन सक्ने र गर्मी सूचकांकअनुसार अत्यधिक गर्मी 'खतरा' क्षेत्रमा पर्न सक्छ ।

तातो सूचकांक जनसंख्यामा तातोको प्रभावको मूल्यांकन गर्न हावाको तापक्रम र आर्द्रता दुवैलाई कति तातो महसुस हुन्छ भन्ने हो । गत वर्ष भारतले भयानक गर्मीको लहर अनुभव गरेको थियो, जतिवेला देशका भागहरू ४९ डिग्री सेल्सियस (१२० डिग्री फारेनहाइट) भन्दा बढीमा पुगेका थिए ।

सन् २०२२ मा भारतले सबैभन्दा तातो अप्रिल र रेकर्डमा सबैभन्दा तातो मार्च अनुभव गरेको अध्ययनले जनाएको छ । सन् २०२२ को जनवरीदेखि अक्टोबरका २७३ दिनमध्ये २४२ दिनमा चरम मौसम अनुभव भएको अनुसन्धानकर्ताले पत्ता लगाका छन् । यस्तो बारम्बार तातो तनावले लाखौँको जीवन र जीविकोपार्जनलाई असर गर्छ ।

सन् २०५० सम्म अत्यधिक गर्मीको कारण दिनको उज्यालो समयमा बाहिरी काम गर्ने क्षमतामा १५ प्रतिशतले कमी आउने अध्ययनले पत्ता लगाएको छ । 'बढ्दो गर्मीले भारतलाई सन् २०५० र सन् २१०० सम्म क्रमशः यसको कुल गार्हस्थ उत्पादन (जिडिपी) को २.८ प्रतिशत र ८.७ प्रतिशत र निराशाजनक जीवनस्तर गुमाउने अपेक्षा गरिएको छ,' अध्ययन पिएलओएस क्लाइमेट जर्नलमा प्रकाशित छ ।

> गत वर्ष भारतले भयानक गर्मीको अनुभव गरेको थियो, जतिवेला देशका विभिन्न भागको तापक्रम ४९ डिग्री सेल्सियसभन्दा बढी पुगेको थियो

अध्ययनअनुसार शताब्दीको मध्यसम्ममा भारतका ७० सहरमा १० लाखभन्दा बढी बासिन्दा हुने अनुमान गरिएको छ । चरम गर्मीले ती मानिसको ऊर्जा सुरक्षा र स्वास्थ्यमा खतरा निम्त्याउने र असमानता तथा गरिबी न्यूनीकरणमा भइरहेका प्रगतिलाई उल्ट्याउने अनुसन्धानकर्ताले चेतावनी दिएका छन् ।

'कोलकातामा मेरो परिवार हालको तापलहरबाट प्रताडित छ, जसले बारम्बार लोडसेडिङ निम्त्याउँछ,' अध्ययनका लेखक डा. रमित देवनाथले ग्रिडमा तनाव कम गर्ने ऊर्जा कटौतीको सन्दर्भमा भने, 'जलवायु-ऊर्जा सम्बन्ध थप सान्दर्भिक हुँदै गइरहेको छ ।'

'सामान्यतया यो सबैभन्दा गरिब र सबैभन्दा कमजोर वर्ग हो, जो सबैभन्दा बढी पीडित हुनेछ । तापलहरको न्यून आय भएका जनसंख्यामा अद्वितीय प्रभाव हुनेछ,' देवनाथले थपे ।

उदाहरणका रूपमा लेखकहरूले द्रुत रूपमा सहरीकरण भएको राजधानी नयाँदिल्लीलाई औंल्याएका छन्, जहाँ न्यून आय भएका श्रमिक उच्च तहको निर्माण गतिविधिमा संलग्न छन् र उनीहरू तापलहरको प्रभावबाट गम्भीर जोखिममा छन् ।

भारत संयुक्त राष्ट्र संघको दिगो विकास लक्ष्य, गरिबी, भोकमरी, असमानता र रोग न्यून गर्ने साथै स्वास्थ्य, शिक्षा र सरसफाइलाई प्रवर्द्धन गर्ने १७ उद्देश्यको सूचीमा प्रतिबद्ध छ ।

आफ्नो जनसंख्यामा तापलहरको वास्तविक खतरालाई नबुझ्दा भारतले ती लक्ष्य गुमाउने जोखिम बढाउँछ । अध्ययनकी सहलेखिका प्रोफेसर रोनिता बर्धनेले कम आय भएका आवासका लागि गर्मी प्रतिरोधी क्षमता निर्माण गर्न सिफारिस गर्न सकिने बताउँछिन् ।

'कम आय भएका र बस्तीमा बासिन्दाहरूका लागि ताप-स्वास्थ्य प्याकेजहरू विशेष रूपमा महत्त्वपूर्ण छन्, किनकि हामीले गर्मी छालहरूले सहरी दिगोपनमा विनाशकारी प्रभाव देखाउँछौं,' उनले भनिन् ।

'अर्को व्यावहारिक अनुप्रयोग उच्च घना क्षेत्रहरू वरपर सहरी हरियाली रणनीति हो, जसले 'सहरी तातो टापुहरूको प्रभावबाट राहत प्रदान गर्न सक्छ' बर्धनेले भनिन् ।

लेखकहरूले गर्मी सूचकांक र भारतको दिगो विकासमा यसको प्रभाव समावेश गर्न भारतलाई आफ्नो चरम मौसम मूल्यांकन अद्यावधिक गर्न सिफारिस गर्नमा 'अत्यावश्यकता'मा जोड दिएका छन् ।

शोधकर्ताले गर्मी सूचकांक र भारतको दिगो विकासमा तापलहरको प्रभाव समावेश गर्न भारतलाई आफ्नो चरम मौसम मूल्यांकन अद्यावधिक गर्न सुझाव दिएका छन् । 'भारतले विगत पाँच वर्षमा गर्मीको लहरलाई प्राकृतिक प्रकोप घोषणा गरेर र उपयुक्त राहत स्रोतहरू परिचालन गरी तातो कार्य योजनाहरू मापन गर्नमा उत्कृष्ट नेतृत्व प्रदर्शन गरेको छ,' शोधकर्ताले भनेका छन् ।

- सिएनएन


**कुमारी बैक लिमिटेड शाखा कार्यालय बेलबारी, मोरङको धितोमा रहेको सम्पति लि( लाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सुचना**

(प्रकाशित मिति २०८०/०१/१९ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय बेलबारी, मोरङबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुंदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत बैंकलाई धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा लिलाम बिक्रि गर्न यो १५ दिने लिलाम सुचना प्रकाशित गरीएको छ । यो सुचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० जेठ ०३ गते बुधबार**का दिन शाखा कार्यालय बेलबारी, मोरङमा गोप्य शिलबन्दी बोलपत्र द्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सुचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

**ऋणीहरुको विवरण:**

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ बमोजिम नेपाल सरकार, प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय मोरङ्ग (विराटनगर)मा मिति २०४८/०७/२८ मा प्रा.फ.नं.घ.उ.मो. २९३७/०४८ कायम भई दर्ता रहेको मोरङ्ग जिल्ला, बेलबारी न.पा. वडा नं. २ स्थित रजिष्टर्ड कार्यालय रहेको **जय भैरवी कन्स्ट्रक्शन**का प्रोप्राईटर गोविन्द प्रसाद भण्डारीको नाति, गायत्री भण्डारी/हेम कुमारी भण्डारीको छोरा, पुनम कार्की भण्डारीको पति, मोरङ्ग जिल्ला, बेलबारी न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, बेलबारी न.पा. वडा नं २ बस्ने **प्रकाश कुमार भण्डारी** (ना.प्र.नं. ४७२३०, जारी मिति २०५६/११/०४, जिल्ला प्रशासन कार्यालय मोरङ्ग) ।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण :**

१. गोविन्द प्रसाद भण्डारीको नाति, गायत्री भण्डारी/हेम कुमारी भण्डारीको छोरा, पुनम कार्की भण्डारीको पति, मोरङ्ग जिल्ला, बेलबारी न.पा., वडा नं. ४ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, बेलबारी न.पा., वडा नं. २ बस्ने **प्रकाश कुमार भण्डारी** (ना.प्र.नं. ४७२३०, जारी मिति २०५६/११/०४, जिल्ला प्रशासन कार्यालय मोरङ्ग) ।
२. गोविन्द प्रसाद भण्डारीको नाति, गायत्री भण्डारी/हेम कुमारी भण्डारीको छोरा, सन्जु भण्डारीको पति, मोरङ्ग जिल्ला, बेलबारी गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, बेलबारी न.पा., वडा नं. २ बस्ने **किशोर भण्डारी** (ना.प्र.नं. ६५२८-२३०-१२४, जारी मिति २०४६/०३/१४, जिल्ला प्रशासन कार्यालय मोरङ्ग) ।
३. कर्णखर कोइरालाको नातिनी, चित्राखर कोइराला/लक्ष्मी देवी कोइरालाको छोरी, गोविन्द प्रसाद भण्डारीको बुहारी, गायत्री भण्डारीको पत्नी, मोरङ्ग जिल्ला, बेलबारी न.पा., वडा नं. २ बस्ने **हेम कुमारी भण्डारी** (ना.प्र.नं. ६५५७/१३२, जारी मिति २०४६/०३/१४, जिल्ला प्रशासन कार्यालय मोरङ्ग) ।
४. दल बहादुर कार्कीको नातिनी, कुल बहादुर कार्की/अम्बिका कार्कीको छोरी, गायत्री भण्डारी/हेम कुमारी भण्डारीको बुहारी, प्रकाश कुमार भण्डारीको पत्नी, सुनसरी जिल्ला, धरान न.पा., वडा नं. १५ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, बेलबारी न.पा., वडा नं. २ बस्ने **पुनम कार्की** (ना.प्र.नं. १२४१२/५५२१/०४४, जारी मिति २०५६/०४/२३, जिल्ला प्रशासन कार्यालय सुनसरी) ।
५. कृष्ण गोविन्द जमरकटेल/माया देवी जमरकटेलको नातिनी, नारायण प्रसाद जमरकटेल/ख्याम माया जमरकटेलको छोरी, गायत्री भण्डारी/हेम कुमारी भण्डारीको बुहारी, किशोर भण्डारीको पत्नी, मोरङ्ग जिल्ला, बेलबारी न.पा., वडा नं. ४ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, बेलबारी न.पा., वडा नं. २ बस्ने **सन्जु भण्डारी** (ना.प्र.नं. ०५/२९१८४, जारी मिति २०५३/०५/२३, जिल्ला प्रशासन कार्यालय मोरङ्ग) ।

**लिलाम हुने सम्पत्तीको विवरण :**

१. **प्रकाश कुमार भण्डारी**को नाममा मालपोत कार्यालय, मोरङ्गमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, कसेनी गा.वि.स./न.पा. वडा नं. १ स्थित कित्ता नं. ११९१ , क्षेत्रफल ०-५-५-० (विगाहा)को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. **किशोर भण्डारी**को नाममा मालपोत कार्यालय, मोरङ्गमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, कसेनी गा.वि.स./न.पा., वडा नं. १ स्थित कित्ता नं. ११९०, क्षेत्रफल ०-५-३-०(विगाहा)को जग्गा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
३. धनि कुमारी बैक लि. र ऋणी **जय भैरवी कन्स्ट्रक्शन** कायम भई बागमती प्रदेश साना तथा ठुला यातायात व्यवस्था कार्यालय ललितपुर, एकान्तकुनामा दर्ता कायम रहेको च्यासिस नं. N637D00117, ईन्जिन नं.22292346, सवारी नं.प्रदेश ३-०१-००३ क ७५४९, को R220L SMART थान १ ।

**शर्तबन्देजहरु:**

१. शिलबन्दी बोलपत्र यो सुचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० जेठ ०२ गते** भित्र बैंकको शाखा कार्यालय बेलबारी, मोरङमा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय बेलबारी, मोरङबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिने छ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सुचना प्रकाशित भएको मितिले १६ (**सोह्रौं**) **दिन अर्थात २०८० जेठ ०३ गते अपरान्ह ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय बेलबारी, मोरङमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सुचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय बेलबारी, मोरङमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८० जेठ ०३ गते बुधबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय बेलबारी, मोरङ फोन.नं. ०२१-४३४४२१/२२**

# जलविद्युत्मा लगानी र व्यापारका एजेन्डा

## नेपालको जलविद्युत् क्षमता नेपाल-भारतबीचको आर्थिक र रणनीतिक सम्बन्धलाई पुनर्परिभाषित गर्न गेम चेन्जर साबित हुन सक्छ



अर्थ संवाद

• सुनील केसी

नेपाल र भारत असमान आकार र अर्थतन्त्रका बाबजुद पनि 'प्राकृतिक साझेदार' हुन्। सामाजिक-आर्थिक र सांस्कृतिक विषयमा समानतासहितको खुला सीमा व्यवस्थाले दुई देशको बृहत् साझेदारीलाई थप सहज बनाएको छ। यसकारण, दुई देशको सम्बन्ध अद्वितीय, अरू कसैसँग अतुलनीय र उदाहरणीय छन्। नेपाल-भारत सम्बन्ध पारस्परिक विश्वास सद्भावना र समझदारीमा पनि आधारित छन्।

हालसम्म भारत नेपालको एकल ठूलो व्यापारिक साझेदार हो। नेपाल र भारतबीच आगामी हुने उच्चस्तरीय भ्रमणले आर्थिक सम्बन्धलाई थप उचाइमा पुऱ्याउने अवसर प्रदान गर्न सक्छ र भारत नेपालको एकल ठूलो निर्यात साझेदार हुनुका साथै महत्त्वपूर्ण निर्यात गन्तव्यहरूमध्ये एक हुन सक्छ। यो प्रमाणित तथ्य हो कि नेपालमा आएका वैदेशिक लगानीमध्ये भारतबाट सबैभन्दा बढी वैदेशिक लगानी आएको छ। तर, नेपाल र भारतबीचको अद्वितीय सम्बन्धका आधारमा भन्नुपर्दा सन् १९९० को दशकमा जुन लयमा आएको थियो, त्योअघि र पछि त्यस रूपमा भारतबाट लगानी आउन नसकेको यथार्थ पनि हामीसामु छ।

हालसम्म आएका संयुक्त लगानीको सकारात्मकताका बाबजुद भारतसँगको वस्तु निर्यात-आयात अनुपात ११:८९ रहेको छ भने २०२१-०२२ मा नेपाली रुपैयाँ १०.४५ खर्बको व्यापार घाटा रहेको छ। पछिल्लो २५ वर्षको व्यापारको अनुभवमा भारतसँगको द्विपक्षीय व्यापारमा भारतबाट आयात हुने पेट्रोलियम पदार्थको आयतन सबैभन्दा ठूलो थियो। यो सन्दर्भमा रक्सौलदेखि काठमाडौंसम्मको प्रस्तावित विद्युतीय रेलमार्गको निर्माण महत्त्वपूर्ण छ। यो सञ्चालनमा आएपछि यसबाट नेपालको आयात-निर्यात व्यापारमा पर्ने आर्थिक पक्ष, सामाजिक, पर्यटकीय तथा वातावरणीय पक्षमा आगामी दिनमा पर्ने सकारात्मक प्रभावलाई दृष्टिगत गर्नुपर्छ। त्यसरी हेर्दा यथाशक्य रेलवे परियोजनालाई सम्पन्न गर्नु अपरिहार्य छ। यसको अलावा नेपालले भारतमा वस्तुको निर्यातमा विविधीकरण गर्नुपर्छ। यसमा विद्युत् निर्यात नै अहिलेका लागि उत्तम विकल्प हुन सक्छ।

छैटौं आइपिसिसी प्रतिवेदनले भौगोलिक संरचना, जनघनत्व र कमजोर सामाजिक-आर्थिक स्तरलाई ध्यानमा राख्दै दक्षिण एसियालाई विश्वको सबैभन्दा जोखिममा रहेको क्षेत्रको रूपमा पहिचान गरेको छ। जलवायु-प्रेरित जलविज्ञान परिवर्तनले बसाइँसराइ बढाउने अनुमान गरिएको छ। यस क्षेत्रमा बाढी, चक्रवात, खडेरी, पहिरो र गर्मीको लहरको आवृत्ति, तीव्रता र गम्भीरतामा वृद्धि भएको प्रमाण पहिले नै छ। यसबाहेक, अधिकांश दक्षिण एसियाली देशहरू तिनीहरूको विश्वव्यापी प्रतिबद्धताअनुसार जीवाश्म इन्धन (फोसिल इन्धन)बाट हरित ऊर्जा (ग्रिन इनर्जी)मा ठूलो ऊर्जा संक्रमणमा छन्। त्यस परिप्रेक्ष्यमा नेपालको जलविद्युत् क्षमताले नेपाल र भारतबीचको आर्थिक र रणनीतिक सम्बन्धलाई पुनर्परिभाषित गर्ने कार्यमा कायापलट (गेम चेन्जर) साबित हुन सक्छ। गत अप्रिल २०२२ मा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणका क्रममा यो क्षेत्र पहिचान भइसकेको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको आगामी भारत भ्रमणले दुई देशबीचको जलविद्युत्मा सहकार्य कार्यान्वयन पक्षमा दुवै पक्ष केन्द्रित हुनु जरुरी छ। तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमणका वेलामा भएको संयुक्त दृष्टिकोण वक्तव्य (ज्वाइन्ट भिजन स्टेटमेन्ट) ले दुई देशबीच ऊर्जा सहकार्यमा खोलेको ढोकालाई अवसरमा परिणत गर्ने उपयुक्त समय यही हो।


जलविद्युत् दुवै देशका लागि फाइदाजनक स्थिति हुन सक्छ, किनकि नेपालले भारतलाई अतिरिक्त बिजुली निर्यात गर्न आवश्यक छ भने भारतले जीवाश्म इन्धनमा आफ्नो निर्भरता घटाउन चाहन्छ। जलविद्युत्ले स्वच्छ, सुरक्षित, भरपर्दो, तुलनात्मक रूपमा सस्तो ऊर्जाको स्रोत उपलब्ध गराउँछ, जसले विश्वव्यापी र क्षेत्रीय जलवायु परिवर्तनलाई न्यूनीकरण गर्न मद्दत गर्छ। सौभाग्यवश, नेपाल बाह्रै महिना हिउँले भरिएका हिमालयबाट बग्ने नदीहरूको प्रचुर जलस्रोत भएको देश हो र त्यसैको आधारमा परम्परागत अनुमानअनुसार ८५ हजार मेगावाट भनिएको तर नयाँ जलविद्युत् प्रविधिमा आधारित अध्ययन प्रतिवेदनअनुसार २ लाख मेगावाटसम्म पुग्न सक्नेछ।

सात दशकभन्दा बढीको संघर्षपछि नेपाल सन् २०२२ देखि ऊर्जा बचतका साथ दक्षिण एसियाको प्रमुख ऊर्जा केन्द्रको रूपमा उभिन सक्ने अवस्थामा पुगेको छ। सन् २०१२ मा करिब ४५० मेगावाट स्थापित क्षमता भएको नेपालको ऊर्जा क्षेत्रले ठूलो फड्को मार्दै सुधारहरू गर्दै नेपालमा हाल २२३० मेगावाट क्षमताका करिब ११५ वटा आयोजना छन् भने आगामी २-३ वर्षमा ३००० मेगावाट पुग्नेछ। हालको आन्तरिक ऊर्जाको परिदृश्यलाई हेर्दा नेपालमा मनसुनमा १८८४ मेगावाटको उच्चतम माग रहेको छ र यसले अतिरिक्त बिजुली भारतमा निर्यात गर्न सक्छ।

नेपालमा जलविद्युत् आयोजनाका लागि नेपालबाट प्रत्येक परियोजनाका प्रवर्द्धकका आधारमा विद्युत् आयात गर्ने सहमति भए पनि आयोजनाको तेस्रो मुलुकको प्रवर्द्धक, लगानी, आयोजनामा प्रयोग हुने उपकरण र सामग्रीको उत्पत्तिलगायत विषयमा भारतको चासो रहेको धारणा नेपालमा छ। 'सबका साथ, सबका विकास'को आदर्श वाक्यलाई कार्यान्वयन गर्दा विश्वव्यापीकरण भइसकेको अर्थतन्त्रमा यी झिनामसिना कुरा बाधकका रूपमा रहनु हुन्न।

चौबीसै घन्टा उत्पादन गर्न सकिने भएकाले जलविद्युत् ऊर्जाको सबैभन्दा राम्रो स्रोत हो। त्यसपछि सौर्य ऊर्जा हो, जुन हामीले घाम लागेको समयमा मात्र निकाल्न सक्छौं। वातावरणीय तथा सुरक्षा र लागतसमेतका हिसाबले अन्य जीवाश्म आधारित ऊर्जाभन्दा जलविद्युत् धेरै राम्रो छ। भुटानबाहेक बिबिआइएन उपक्षेत्रका तीनवटै राष्ट्र बंगलादेश-भारत-नेपालले मौसमी वा वर्षैभरि ऊर्जा संकटको सामना गरिरहेका छन्। हरित ऊर्जा उत्पादनले औद्योगिक र घरेलु उपयोगका लागि विद्युत् उत्पादन, प्रसारण र वितरणको व्यवस्थापन गर्न सकेन भने संकट निःसन्देह जटिल हुन सक्छ। तसर्थ, हरित ऊर्जाले मुख्य भूमिका खेल्नेछ र क्षेत्रीय संगठनहरूले यी समस्यालाई सम्बोधन गर्नका लागि नेपाल-भारत र दक्षिण एसियाबीच लचिलो जलविद्युत् आपूर्ति शृंखला स्थापना गर्न महत्त्वपूर्ण नेतृत्वदायी भूमिका खेल्न सक्छन्।

तर, यी सम्भावनाहरूका बाबजुद पनि जिएमआरबाहेक कुनै पनि भारतीय निजी क्षेत्रले नेपालमा नगदी जलविद्युत्को ठूलो उपलब्धि हासिल गर्नेतर्फ कुनै तदारुकता देखाएको छैन।



> जलविद्युत् दुवै देशका लागि फाइदाजनक बन्न सक्छ। भारतले जीवाश्म इन्धनमा आफ्नो निर्भरता घटाउन चाहिरहेका वेला नेपालले भारतमा अतिरिक्त विद्युत् निर्यात गर्नु आवश्यक छ।

जब कि भारतलाई औद्योगीकरण र घरेलु आवश्यकताका लागि प्रचुर मात्रामा ऊर्जाको आवश्यकता छ। दुर्भाग्यवश, जिएमआरले लामो समयअघि माथिल्लो कर्णालीमा ९०० मेगावाटको निर्माण अनुमति पाए पनि आर्थिक समस्याका कारण आयोजना सुरु गर्न सकेको छैन। अर्कोतर्फ, भारतीय सरकारी ऊर्जा एजेन्सी एसजेभिएन लिमिटेडले ६७९ मेगावाटको तल्लो अरुण जलविद्युत् आयोजनालाई क्यास्केड परियोजनाको रूपमा विकास गर्न अनुमति प्राप्त गरी परियोजना अगाडि बढाइरहेको छ भने ९०० मेगावाटको अरुण तेस्रो निर्माणको चरणमा र ७०० मेगावाटको पश्चिम सेती पनि प्रक्रियामा छ।

बंगलादेशले ११९० मेगावाटको सुनकोसी दोस्रो र ५५० मेगावाटको सुनकोसी तेस्रो आयोजना निर्माण गर्न र सन् २०४० सम्म नेपालबाट ९ हजार मेगावाटको विद्युत् खरिद गर्न चासो देखाएको छ। नेपालमा उत्पादित विद्युत् स्वदेशी बजारमा बेच्न नसक्ने हजारौं आयोजना छन्। त्यसैले लगानीकर्ताले निर्माणपछि सीधै भारत वा तेस्रो मुलुकमा निर्यात गर्ने प्रस्ताव लिएर आएका छन्।

यसबाहेक, भारतमा विद्युत् निर्यात गरेर यस क्षेत्रका जलविद्युत्को संयुक्त विकास र ऊर्जा व्यापारको सम्भाव्यतालाई हेर्दा नेपालले भारतसँगको निरन्तर बढ्दै गइरहेको व्यापार घाटा कम गर्न निकै फाइदा उठाउन सक्ने गुन्जायस प्रशस्त छ। यसले नेपाल-भारत आर्थिक साझेदारीलाई पनि अभिवृद्धि गर्नेछ र विद्युत्बाट भारतीय रुपैयाँ आम्दानी गरी नेपालको विकास आकांक्षालाई द्रुत गतिमा रूपान्तरण गर्नेछ।

अर्कोतर्फ, भारतलाई आफ्नो आर्थिक वृद्धि र भविष्यको विकासका आकांक्षाहरू कायम राख्न मात्र होइन, आफ्ना जनताको स्वस्थ जीवन सुनिश्चित गर्न पनि ऊर्जाकै आवश्यकता छ। नेपालबाट ऊर्जा खरिद गरेर भारतले आफ्नो ऊर्जा क्षेत्रमा तत्काल ठूलो लगानी नगरी अन्य क्षेत्रमा लगानी विविधीकरण गरेर लाभ लिन सक्छ। यसका अतिरिक्त, स्वच्छ ऊर्जामा तत्काल पहुँचको साथ भारतले सन् २०७० सम्म नवीकरणीय ऊर्जाको माध्यमबाट जलवायु परिवर्तनमा सुधार गर्ने र शून्य उत्सर्जनमा झार्ने आफ्नो अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई सम्बोधन गर्न सक्छ।

यस्ता आशाजनक सम्भावनाका साथ दुवै देशले नीतिगत र कार्यान्वयन दुवै तहमा जलविद्युत् विकासका लागि घनिष्ट सहयोगका लागि अगाडि आउनुपर्दछ। यसले द्विपक्षीय र उप-क्षेत्रीय रूपान्तरण परिणाममुखी कामका लागि दुवै पक्षका लगानीकर्ता र अन्य सरोकारवालाहरूको विश्वासलाई बढावा दिनेछ।

अब सार्वजनिक निजी क्षेत्र साझेदारी (पिपिपी) मोडेलमा बंगलादेश, नेपाल र भारतका निजी क्षेत्रले मिलेर नेपालमा जलविद्युत्मा लगानी गर्ने वातावरण बनाउनु आवश्यक छ। यो त्रिदेशीय सहकार्यको गतिलो उदाहरण बन्न सक्छ र तीनै देश यसबाट लाभान्वित हुन सक्छन्। नेपालले नेपालका निजी क्षेत्रहरू सीमापार विद्युत् व्यापारका लागि सहभागी हुन सक्ने अवसर खोजी गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्नु आवश्यक छ।

*(केसी नेपाल-भारत चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रीका उपाध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका नवनिर्वाचित केन्द्रीय सदस्य हुन्)*

---

अर्थ ज्ञान

## राष्ट्र बैंकले के-के काम गर्छ ?




नेपाल राष्ट्र बैंकले मुख्यतः नेपाली मुद्रा तथा सिक्का निष्कासन गर्ने, बैंक तथा वित्तीय संस्थाहरूलाई इजाजत दिने तथा तिनीहरूको नियमन र सुपरिवेक्षण गर्ने, मौद्रिक नीति तथा विदेशी विनिमय नीति तर्जुमा गर्ने काम गर्दछ। साथै, विदेशी विनिमय सञ्चितिको व्यवस्थापन र सञ्चालन गर्ने, नेपाल सरकारको बैंकर, सल्लाहकार तथा वित्तीय एजेन्टको रूपमा कार्य गर्ने, भुक्तानी, फर्स्योट तथा हिसाब मिलान पद्धतिको प्रवर्द्धन एवं नियमन गर्ने तथा तरलता व्यवस्थापनलगायतका काम पनि नेपाल राष्ट्र बैंकले गर्छ।

दिगो र समावेशी आर्थिक विकासका लागि प्रभावकारी मौद्रिक, विदेशी विनिमय, वित्तीय क्षेत्र र भुक्तानी प्रणाली नीतिमार्फत समष्टिगत आर्थिक एवं वित्तीय स्थायित्व हासिल गर्नु नेपाल राष्ट्र बैंकको लक्ष्य रहेको छ।

---

बिजनेस @

**सुगतरत्न कंसाकार, पूर्वमहाप्रबन्धक, नेपाल वायुसेवा निगम**

'बेरुजु'को समाचार आएको आएकै छ। 'बेरुजु'को व्याख्या पनि जनतालाई सम्झाइदिन जरुरी छ। दोस्रो, समान हैसियतको अन्य मुलुकमा बेरुजुको तथ्यांक के छ र ती मुलुकमा यो समस्या कसरी ट्याकल गर्ने गरेको छ भन्नेबारे पनि सम्बन्धित निकायले बुझेमा राम्रो हुन्छ।



**डा. गोपीकुमार खनाल, विकास अर्थशास्त्री**

उत्पादनभन्दा आर्थिक लोकप्रियताको बाटो समाएको, अर्थतन्त्रमा त्यहाँको लेफ्ट-लिनिड सरकारले राजनीतिक खेलाँची गरेको र धान्नै नसक्ने गरी राज्यको हस्तक्षेप बढाएका कारण दक्षिण अमेरिकाको बोलिभिया देश आर्थिक तथा वित्तीय रूपमा अब करिब-करिब टाट पल्टिन लागेछ।

**पुष्पराज आचार्य, पत्रकार**

महावीर पुनले वर्कसप चलाए भन्नेले आर एन्ड डीमा मुलुकले कति खर्च गरेको छ, कति ट्यालेन्टहरू तयार गरेको छ भन्ने हेर्नुपर्छ। कसैले देशमा केही गर्छु भन्यो भने त्यसलाई डिफेम गर्नुपर्ने, होच्याउनुपर्ने र हतोत्साहित गर्नुपर्ने मानसिक रोगबाट किन ग्रस्त छ, नेपाली समाज ?

---

अंक र अर्थ

### ०७९ मा घरजग्गा बिक्री र राजस्व संकलन

| महिना | घरजग्गा किनबेच | राजस्व संकलन |
|---|---|---|
| वैशाख | ४४८०३ | ४ अर्ब ७८ करोड |
| जेठ | ५४५११ | ४ अर्ब २४ करोड |
| असार | ४७०२७ | ६ अर्ब ११ करोड |
| साउन | ३३८३४ | २ अर्ब ७३ करोड |
| भदौ | ३४७२० | ३ अर्ब ५६ करोड |
| असोज | २५७८९ | २ अर्ब ५६ करोड |
| कात्तिक | २७९३९ | ३ अर्ब |
| मंसिर | २९१८४ | २ अर्ब ६४ करोड |
| पुस | ३८८७१ | ३ अर्ब ७१ करोड |
| माघ | ४१०८६ | ३ अर्ब ६९ करोड |
| फागुन | ४०७३४ | ३ अर्ब ५६ करोड |
| चैत | ४९१५० | ४ अर्ब ५१ करोड |
| कूल | ४६७६४८ | ४५ अर्ब १६ करोड |

---

# चीनको भ्रष्टाचारविरोधी अभियानले लगानीकर्ता र उद्यमी जोखिममा

## जोखिमपूर्ण अर्थतन्त्रको समयमा चीनले बैंक तथा बिमाकर्तालाई भ्रष्टाचारविरोधी अभियानको निसाना बनाएको छ

चीनका बैंक तथा बिमाकर्ता भ्रष्टाचारविरोधी अभियानको नयाँ निसानामा परेका छन्। यो अभियानले शीर्ष अधिकारीहरूलाई फसाउनुका साथै पहिल्यैदेखि कमजोर लगानीकर्ता र उद्यमीलाई जोखिममा पारेको छ।

कम्युनिस्ट पार्टीको शीर्ष भ्रष्टाचारविरोधी निकाय, केन्द्रीय अनुशासन निरीक्षण आयोग (सिसिडिआई)ले यो वर्ष अहिलेसम्म चीनका महत्त्वपूर्ण वित्तीय संस्थाका एक दर्जनभन्दा बढी शीर्ष अधिकारीमाथि छानबिन गरेको बताइएको छ। सिसिडिआईका अनुसार चीनको वित्तीय प्रणालीका तीन शीर्षस्थ नाममाथि छानबिन या आरोप लगाइएको छ। यसमा एभरब्राइट ग्रुपका पूर्वअध्यक्ष ली सियाओपेङ छन्। एभरब्राइट चीनको पुरानो र सर्वाधिक ठूलो सरकारी स्वामित्व रहेको वित्तीय समूहमध्ये एक हो।

> अमेरिका र चीनबीचको सम्बन्ध पनि दशककै तल्लो बिन्दुमा छ, जसले गर्दा प्रविधि र लगानीमा तनाव बढेको छ भने लगानी पनि अनिश्चित बनेको छ

सिसिडिआईले एक विज्ञप्ति जारी गर्दै लीमाथि कानुन र अनुशासन उल्लंघन गरेको शंका भएको र त्यसैमाथि उनको छानबिन भइरहेको बताएको छ। उता, एभरब्राइटले पनि भ्रष्टाचारविरोधी अभियानअन्तर्गत छानबिन गर्ने पार्टीको निर्णय पूर्ण रूपमा स्वीकार गर्दै लीमाथिको छानबिनलाई सहयोग गर्ने जनाएको छ। सन् २०२२ मा राजीनामा दिनुअघि लीले सात वर्षसम्म बैंकको अध्यक्षता सम्हालेका थिए। चीन सरकारको स्वामित्व रहेको बैंक अफ चाइनाका पूर्वअध्यक्ष लियु लियाङमाथि पनि आयोगले छानबिन थालेको छ। गत महिना उनले कार्य समायोजन भन्दै पदबाट राजीनामा दिएका थिए। यस्तै, सन् २०१८ देखि २०२२ को सुरुवातसम्म राज्य स्वामित्ववाला चाइना लाइफ इन्स्योरेन्सको नेतृत्व गरेका वाङ बिनलाई राष्ट्रिय अभियोजकले घुस लिएको र विदेशी बचत लुकाएको आरोप लगाएका थिए। आरोपपछि सिसिडिआईले पहिलोपटक सन् २०२२ को जनवरीमा छानबिन गरेको थियो। विश्लेषकका अनुसार यो अभियानको महाजालोले प्रविधि क्षेत्रमा प्रसिद्ध नाम, लगानीकर्ता एवं बैंकर बाओ फ्यानलाई पनि फसाएको हुन सक्छ। उनी गत फेब्रुअरीमा गायब भएका थिए।

गत हप्ता सिसिडिआईले सरकारी स्वामित्ववाला ३० मुख्य संस्थानको निरीक्षण गर्ने घोषणा गरेको छ। यसमा चाइना इन्भेस्टमेन्ट कर्प, सार्वभौम सम्पत्ति कोष, प्रमुख सरकारी परियोजनालाई आर्थिक सहायता प्रदान गर्ने चाइना डेभलपमेन्ट बैंक र राज्यनियन्त्रित ऋणदाता रहेका छन्। यो विषय चिनियाँ राष्ट्रपति सी जिनपिङले तेस्रो कार्यकाल सम्हालेको केही समयपछि आएको हो। लगत्तै उनी चिनियाँ अर्थतन्त्रमाथि पार्टीको पकड बलियो बनाउन अग्रसर बने।

'अहिलेको आर्थिक कारबाही वित्तीय क्षेत्रविरुद्ध सीको भ्रष्टाचारविरोधी अभियानको एउटा नयाँ लहर हो,' युनिभर्सिटी अफ टेक्नोलोजी सिड्नीमा चाइना स्टडिजका एसोसिएट प्रोफेसर चोंगी फेङ भन्छन्। त्यसो



> राजधानी बेइजिङ कैयौं घरेलु र वैश्विक समस्याले घेरिएको छ। घरजग्गा व्यवसायले सर्वाधिक खराब रेकर्ड बनाएको छ। युवा बेरोजगारी उच्च मात्रामा छ।

त भ्रष्टाचारविरोधी अभियान सीको प्रमुख अभियान हो। यो सत्तारूढ कम्युनिस्ट पार्टी, सरकार, सेना र राज्यको स्वामित्व रहेका कम्पनीमा सन् २०१२ मा सीले सत्ता सम्हालेपछि लहरमा बगिरहेको छ। अभियानअन्तर्गत अहिलेसम्म लाखौं अधिकारी कारबाहीमा परेका छन्।

**पूर्ण नियन्त्रण :** यो वर्ष सिसिडिआईले देशको ठूलो वित्तीय क्षेत्रमा कारबाही गर्न ध्यान केन्द्रित गरेको छ। फेडका अनुसार यसमा दुईवटा कारण हुन सक्छन्। सीका लागि आर्थिक क्षेत्रचाहिँ सैन्य र आन्तरिक सुरक्षा व्यवस्थापछि नियन्त्रणको दाबी गर्ने तीन प्रमुख क्षेत्रमध्ये अन्तिम हो। चीनमा गहिरिँदो आर्थिक एवं वित्तीय संकटबाट मुक्ति पाउन तथा अमेरिकासँग आर्थिक युद्धका लागि तयार रहन यो क्षेत्रमा नियन्त्रणलाई केन्द्रीकृत गनुपर्ने आवश्यकता सीलाई छ।

राजधानी बेइजिङ कैयौं घरेलु र वैश्विक समस्याले घेरिएको छ। घरजग्गा व्यवसायले सर्वाधिक खराब रेकर्ड बनाएको छ। युवा बेरोजगारी उच्च मात्रामा छ। यस्तै, स्थानीय सरकार उच्च कर्जाको बोझ र लाभ कटौतीसँग संघर्ष गरिरहेको छ। अमेरिका र चीनबीचको सम्बन्ध पनि दशककै तल्लो बिन्दुमा छ, जसले गर्दा प्रविधि र लगानीमा तनाव बढेको छ भने लगानी पनि अनिश्चित बनेको छ। कारण, निजी व्यवसायको अनुकूल वातावरण छैन। विदेशी कम्पनीहरू भूराजनीतिक तनावमा परेका छन्।

अर्थतन्त्र लयमा फर्किने कोसिस गर्दैगर्दा बेइजिङ विकासलाई पुनः गति दिँदै लाखौंको संख्यामा रोजगारी सिर्जना गर्नुपर्ने दबाबमा छ। शीर्ष आर्थिक अधिकारी निजी उद्योगलाई विश्वास दिलाउन कोसिस गरिरहेका छन्। यस्तै, व्यावसायिक विश्वासलाई माथि उठाउने कोसिस पनि उनीहरूको छ।

तर, चीनको विशाल आर्थिक क्षेत्रमा गहिरिँदो छिद्रले लगानीकर्तालाई समस्या उत्पन्न गराउन सक्छ। पिपुल्स बैंक अफ चाइनको पछिल्लो तथ्यांकअनुसार बैंक र बिमाकर्तासँग करिब ६०० खर्ब डलर सम्पत्ति छ, जुन देशको वार्षिक कुल गार्हस्थ्य उत्पादनको ३४० प्रतिशत हो।

**विरोधी लक्ष्य :** चीन पुनर्जागरणका संस्थापक सिइओ बाओ फ्यान गायब भएपछि बैंकको सेयरमूल्यमा गिरावट आयो। फेब्रुअरी मध्यदेखि करिब २७ प्रतिशतको गिरावट आएको छ। यसैबीच, चीनको प्रविधि क्षेत्र अझै पनि सीको सत्तारूढ कम्युनिस्ट पार्टीको चोट सहन बाध्य छ। यसले बजारमूल्यमा खर्बौं डलर नोक्सान पुऱ्याएको छ। अलिबाबा कम्पनीको सेयर अझै पनि आफ्नो उच्चस्तरबाट ७० प्रतिशत तल छ।

एसिया सोसाइटी पोलिसी इन्स्टिच्युट्स सेन्टर फर चाइना एनालाइसिसमा चिनियाँ राजनीतिका फेलो रहेका निल थोमसका अनुसार सीको हालसालैको कारबाही नीतिले घरेलु र विदेशी दुवै लगानीबीचको व्यापारिक भावनामा ठेस पुऱ्याउन सक्छ। कोही त पहिल्यैदेखि राजनीतिक अवस्थाले भयभीत छन्। सी चिनियाँ अर्थतन्त्रलाई पुनर्जीवित गर्न र निजी व्यवसायमा पार्टीको नेतृत्व बढाउन चाहन्छन्। यी दुवै लक्ष्य परस्पर छैनन्। पछिल्लोले पहिलेकोलाई बाधा पुऱ्याउने सम्भावना छ।

सन् २०१७ मा पार्टीले प्रणालीगत जोखिमको चिन्तामा आधारित बैंक र छाया-ऋण दिने संस्थानले जोखिमपूर्ण ऋण दिँदा व्यापक कारबाही सुरु गऱ्यो। अधिकारीहरूले देशका ठूला निजी अनबङ, एचएनए, वान्डा र फोसुन ग्रुपलाई लगाम लगाउने कोसिस गऱ्यो। उनीहरूले आक्रामक वैश्विक विस्तारका लागि उच्च कर्जा लिएका थिए। बैंक तथा वित्तीय संस्थामाथिको नवीनतम कारबाही फेब्रुअरीमा भ्रष्टाचारविरोधी प्रहरीद्वारा सुदृढ गरिएको हो। सिसिडिआईले आफ्नो वेबसाइटमार्फत कडा शब्दमा टिप्पणी गर्दै कठोर सजाय दिनुपर्ने बताएको छ। उसका अनुसार वित्तीय क्षेत्र, राज्यको स्वामित्व रहेका उद्यम र अन्न खरिदबिक्रीजस्ता क्षेत्रमा भ्रष्टाचार छ। *-सिएनएन*

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार १९ वैशाख ०८०

# ७० वर्षे इतिहासमा सगरमाथा आरोहणको अनुमति लिने यसपटक धेरै

## यो सिजनका लागि चार सय ६६ आरोहीले लिए अनुमति, सबैभन्दा धेरै चिनियाँ, दोस्रोमा अमेरिकन

**नवीन अर्याल**/नयाँ पत्रिका

वसन्तकालीन सिजनमा सगरमाथा आरोहण गर्न हालसम्मकै धेरै आरोहीले अनुमति लिएका छन्। २८ अप्रिलसम्म सगरमाथा आरोहण गर्न ४३ टिमबाट चार सय ६६ आरोहीले अनुमति लिएको पर्यटन विभागले जनाएको छ। यो संख्या सगरमाथा आरोहणको ७० वर्षे इतिहासमै सबैभन्दा धेरै हो। २९ मे १९५३ मा नेपालका तेन्जिङ नोर्गे शेर्पा र न्युजिल्यान्डका एडमन्ड हिलारीले पहिलोपटक सगरमाथाको शिखरमा पाइला टेकेका थिए।

हिमाल आरोहणमा देखिएको आकर्षणले कोभिड महामारीपछि हिमाली पर्यटन पुनः लयमा फर्किएको देखाउँछ। यस सिजनमा सगरमाथासहित २४ हिमाल आरोहणका लागि ८० देशका एक हजार ७९ जना आरोहीले अनुमति लिएका छन्। अझै हिमाल आरोहणका लागि अनुमति लिने क्रम जारी नै रहेको विभागले जनाएको छ। यी आरोहीहरूबाट पर्यटन विभागले ७४ करोड रुपैयाँ रोयल्टी संकलन गरेको छ।

यस सिजनमा सगरमाथा आरोहणको अनुमति लिएका ६५ देशका कुल आरोहीमध्ये ९८ महिला आरोही रहेका छन्। मौसमका हिसाबले पनि सगरमाथा आरोहणका लागि वसन्त ऋतु सबैभन्दा उत्तम मानिन्छ। यस सिजनमा आइसफल डाक्टरले सगरमाथाको चुचुरोसम्म डोरी टाँगेर बाटो बनाउने हुँदा आरोहीको भिड नै लाग्छ। शरद्कालीन सिजनमा भने आफैँ जोखिम मोलेर सगरमाथा आरोहण गर्नुपर्ने हुन्छ।

सगरमाथा आरोहणका लागि सन् २०२२ मा तीन सय २३ र सन् २०२१ मा चार सय नौ आरोहीले अनुमति लिएका थिए। कोभिड महामारीका कारण सन् २०२० को वसन्त ऋतुमा आरोहण बन्द थियो। पर्यटन विभागका अनुसार सन् २०२१ मा एक सय ८३ आरोही र दुई सय ७६ सहयोगीले सगरमाथा चुचुरोमा सफल आरोहण गरेका थिए। सन् २०२० मा कोभिडका कारण एउटै आरोहण हुन सकेन भने सन् २०१९ मा दुई सय ८० आरोही र तीन ६४ सहयोगी चुचुरोसम्मै पुगेको विभागको तथ्यांक छ।

### ■ सगरमाथामा आरोहीको भिड

खराब मौसम र बाक्लो हिमपातका कारण अझै सगरमाथा आरोहण खुलेको छैन। आइसफल डाक्टरले हालसम्म चौथो क्याम्पसम्म बाटो बनाउन सकेका छन्। चुचुरोसम्म डोरी टाँगेर बाटो बनाउनेबित्तिकै आरोहण सुरु हुने बताइएको छ। आरोहणको अनुमति लिइसकेका अधिकांश सगरमाथा बेसक्याम्प पुगिसकेको विभागले जनाएको छ। उनीहरू सगरमाथाको पहिलो आधार शिविरदेखि तेस्रो शिविरसम्म पुगेर आरोहणको पर्खाइमा छन्। यतिबेला पहिलो, दोस्रो र तेस्रो आधार शिविर 'टेन्ट भिलेज'जस्तै देखिन्छ।


फोटो सौजन्य : फुर्पा शेर्पा

### ■ चिनियाँ र अमेरिकनको आकर्षण

वसन्तकालीन सिजनमा सगरमाथा आरोहण गर्न सबैभन्दा धेरै चिनियाँ र अमेरिकन आरोहीले अनुमति लिएका छन्। २८ अप्रिलसम्म ९६ चिनियाँ र ८७ अमेरिकन आरोहीले अनुमति लिइसकेका छन्। सगरमाथा आरोहण गर्न चिनियाँले अमेरिकनसहित पश्चिमा देशहरूलाई पछाडि पारेको तथ्यांकले देखाउँछ। तेस्रो नम्बरमा रहेको भारतबाट ४० जना रहेका छन्। त्यस्तै, १५ जना नेपालीले पनि सगरमाथा आरोहण गर्दै छन्। सिंगो विश्वलाई नै मन्दीको चपेटामा पार्ने गरी द्वन्द्वमा फसेका दुई देश युक्रेन र रसियाबाट क्रमशः १० र २० जनाले सगरमाथा आरोहण गर्दै छन्। बेलायतबाट १८ जना, फ्रान्सबाट १३, क्यानडाबाट २१, अस्ट्रेलियाबाट १२, ब्राजिलबाट आठ, जर्मनीबाट सात, जापानबाट ६, मलेसियाबाट ६, मेक्सिकोबाट नौ, पोल्यान्डबाट पाँच, साउथ अफ्रिकाबाट पाँचजनाले सगरमाथा आरोहणको अनुमति लिएका छन्।

### ■ कुन हिमाल कतिले चढ्दै छन् ?

नेपालसहित ८० देशबाट दुई दर्जन हिमालमा आरोहण गर्न आएका कुल आरोहीमध्ये दुई सय ५२ जना महिला रहेका छन्। हिमाल आरोहीहरूको आकर्षणमा सगरमाथापछि लोत्से (८,५१६ मि.) हिमाल परेको छ। यो हिमाल चढ्न १४ टिमबाट एक सय २६ जनाले अनुमति लिएका छन्। त्यस्तै, नुप्त्से (७,८५५ मि.) आरोहणका लागि ६३, अन्नपूर्ण फस्ट (८,०९१ मि.) आरोहण गर्न ५४, थोरोङ पिक आरोहण गर्न ४२, धौलागिरि (८,१६७ मि.) आरोहण गर्न ३५, आमादब्लम आरोहण गर्न ७४, मकालु फस्ट (८,४६३ मि.) आरोहण गर्न ५८, कञ्चनजंघा मेन (८,५८६ मि.) आरोहण गर्न ४२ जनाले अनुमति लिएको विभागले जनाएको छ। यस्तै, मनास्लु (८,१६३ मि.) आरोहण गर्न १५, बरुनत्सेका लागि १८, हिमलुङ हिमालका लागि १६, अरनिको चुलीका लागि नौ, पुमोरीका लागि १२, थापा पिक (धम्पुस) र जार्क्या पिकका लागि आठ-आठ, खातुङ खाङका लागि सात, रत्नचुलीका लागि ६, पोङ्ग्री गोल्दुम्बा आरोहणका लागि ६ जना आरोहीले अनुमति लिएका छन्।

### ■ कुन देशका कति आरोही ?

अनुमति लिएका कुल आरोहीमध्ये एक सय ६३ जना अमेरिकी नागरिक छन्। यस्तै, चीनबाट एक सय १३ जना, अस्ट्रेलियाबाट ३१, अस्ट्रियाबाट १६, ब्राजिलबाट १४, क्यानडाबाट ५१, फ्रान्सबाट ४६, जर्मनीबाट २१, इन्डियाबाट ९०, इरानबाट १२, जापानबाट ५१, मलेसियाबाट १०, मेक्सिकोबाट १६, नेपालबाट ४९, नेदरल्यान्डबाट १२, पोल्यान्डबाट १९, रसियाबाट ५०, साउथ कोरियाबाट १६, स्पेनबाट १४, स्विट्जरल्यान्डबाट २१, युक्रेनबाट १३, युकेबाट ६० जना आरोहीले विभिन्न हिमाल आरोहण गर्दै छन्।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

यस वर्ष विभिन्न दुई दर्जन हिमाल आरोहणका लागि अनुमति लिएका आरोहीहरू वसन्तकालीन सिजनमा हालसम्मका धेरै हुन्। सन् २०१६ मा सात सय ४०, सन् २०१७ मा आठ सय ३८, सन् २०१८ मा आठ सय ४४, सन् २०१९ मा आठ सय ८९, सन् २०२० मा शून्य, सन् २०२१ मा सात सय ५७ र सन् २०२२ मा करिब एक हजार आरोहीले विभिन्न हिमाल चढ्न अनुमति लिएका थिए। कोभिड महामारीका कारण सन् २०२० को वसन्त ऋतुमा कुनै पनि हिमाल आरोहणका लागि खुला थिएनन्। त्यसो त सिंगो विश्व नै कोभिडका कारण घरभित्रै थुनिएको थियो।

## ४५ मध्ये १६ कम्पनीले पाए ब्रोकर लाइसेन्सको आशयपत्र

**नयाँ पत्रिका**
**काठमाडौं, १८ वैशाख**

नेपाल धितोपत्र बोर्डले पहिलो चरणमा १६ कम्पनीलाई ब्रोकर लाइसेन्सको आशयपत्र दिएको छ। सोमबार बसेको बोर्ड सञ्चालक समितिको बैठकले आवेदन दिएका ४५ कम्पनीमध्ये पहिलो चरणमा १६ कम्पनीलाई (एलोआई) आशयपत्र दिने निर्णय गरेको हो। आशयपत्र पाउनेमा सातवटा बैंक तथा वित्तीय संस्थाका सहायक कम्पनीहरू नबिल सेक्युरिटिज, मेघा स्टक मार्केट, हिमालयन ब्रोकज कम्पनी, सिबिआइएल सेक्युरिटिज, एनएमबि सेक्युरिटिज, आरबिबी सेक्युरिटिज र सानिमा सेक्युरिटिज रहेका छन्।

जसमध्ये नबिल सेक्युरिटिजले आफ्ना लागिसमेत सेयर किनबेच गर्ने, सेयर प्रत्याभूतिकर्ताका रूपमा काम गर्ने र योग्य संस्थागत लगानीकर्ताका रूपमा (धितोपत्र व्यापारी)को काम गर्न पाउनेछ। जसको चुक्ता पुँजी एक अर्ब ५० करोड रुपैयाँ तोकिएको थियो। धितोपत्र व्यापारी गर्ने कम्पनीमा नबिल सेक्युरिटिजको एकल आवेदन परेको थियो।

लगानी व्यवस्थापन गरिदिने र निक्षेप सदस्य (डिपी)को काम गर्ने ब्रोकरको चुक्ता पुँजी ६० करोड तोकिएको छ। यसमा सेन्चुरी सेक्युरिटिज, हिमालयन सेक्युरिटिज र मेघा स्टक मार्केटले आवेदन दिएका थिए। पूर्ण कार्य गर्ने धितोपत्र दलालमा पहिलो चरणमा मेघा स्टक मार्केटले मात्र आशयपत्र पाएको छ।

त्यस्तै, सेयर किनबेचको काम मात्र गर्ने ब्रोकरका लागि चुक्ता पुँजी २० करोड हुनुपर्ने व्यवस्था छ। यसमा हिमालयन ब्रोकरेज, इन्डेक्स सेक्युरिटिज, सन सेक्युरिटिज, क्यापिटल माक्यास सेक्युरिटिज, भोले गणेश सेक्युरिटिज, इन्फिटिनिटी सेक्युरिजिट, आकाशभैरव सेक्युरिटिज, एलिट स्कट हाउस, एसपिएस सेक्युरिटिज रहेका छन्। मापदण्ड पुगेका सबैले लाइसेन्स पाउने नेपाल धितोपत्र बोर्डका प्रवक्ता अम्बिका गिरीले जानकारी दिए। उनले भने, 'अहिलेसम्म पाएको विवरणमा तोकिएको चुक्ता पुँजीअनुसार आवेदन परेको हुँदा सबैलाई दिने सम्भावना छ।' अहिले अनुमति पाएका १६ कम्पनीलाई बोर्डले पूर्वाधार निर्माण, कर्मचारी भर्नालगायतका काम गर्न निर्देशन दिनेछ। त्यसको ३० दिनभित्र बोर्डले स्थलगत अध्ययन गरी अनुमतिसँगै कारोबार सुचारु गर्नेछन्।

१५ वर्षपछि बैंक तथा वित्तीय संस्थालाई ब्रोकर लाइसेन्स दिने व्यवस्था कार्यान्वयनमा आएको छ। सोमबार पहिलो चरणमा सातवटा बैंक तथा वित्तीय संस्थाले ब्रोकर लाइसेन्सका लागि आशायपत्र पाएसँगै लगानीकर्ता र बैंकहरूले गरेको लामो प्रयासले पूर्णता पाएको छ।

धितोपत्र बोर्डले ०६४ सालमै बैंक तथा वित्तीय संस्थालाई ब्रोकर लाइसेन्स दिने व्यवस्था गरेको थियो। तत्कालीन बोर्ड अध्यक्ष रेवतबहादुर कार्कीले बैंक तथा वित्तीय संस्थालाई लाइसेन्स दिने व्यवस्था कार्यान्वयनमा ल्याउन लागेको थियो। तर, नेपाल राष्ट्र बैंकले सहायक कम्पनीले ब्रोकर सञ्चालन गर्न नपाउने निर्देशन जारी भएपछि तत्कालका लागि टरेको थियो।

०७४ सालमा धितोपत्र बोर्ड र अर्थ मन्त्रालयले बैंक तथा वित्तीय संस्थालाई ब्रोकर लाइसेन्स दिने तयारी थालेको थियो। त्यतिबेला मौद्रिक नीतिमार्फत नै राष्ट्र बैंकले सहायक कम्पनीलाई ब्रोकर लाइसेन्स दिन सकिने नीति ल्याएको भए पनि अर्थ समितिमार्फत त्यसलाई पुनः रोकेको थियो। बोर्डले गत वर्ष असोजमा धितोपत्र व्यवसायी तथा दलाल नियमावली, २०६४ लाई संशोधन गरेर नियमावली, २०७९ जारी गरेको थियो। बोर्डले पहिलोपटक खुला प्रतिस्पर्धाका माध्यमबाट आवेदन खुला गरेको थियो।

## २७ वैशाखबाट आइएमई जनरल र प्रुडेन्सियलको एकीकृत कारोबार हुँदै

**काठमाडौं**/ आइएमई जनरल र प्रुडेन्सियल इन्स्योरेन्स कम्पनीले मर्जर प्रक्रिया पूरा गरेर २७ वैशाखबाट एकीकृत कारोबार गर्ने भएका छन्। गत २७ माघमा यी दुई कम्पनीले एक-आपसमा मर्ज हुने प्रारम्भिक सहमति गरेका थिए। त्यसपछि आवश्यक प्रक्रिया पूरा गरेर दुई कम्पनीले एकीकृत कारोबार गर्न लागेका हुन्।

यी कम्पनीलाई एकीकृत कारोबार गर्न नियामक निकाय नेपाल बिमा प्राधिकरणले २६ चैतमै अनुमति दिइसकेको छ। नेपाल धितोपत्र बोर्डले गत १२ वैशाखमा मर्जर स्वीकृति दिएको थियो। यी दुई कम्पनी १:१ स्वाप रेसियोमा मर्ज हुन लागेका हुन्।

मर्जपछि बन्ने कम्पनीको नाम आइजिआई प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी राख्ने सहमति भएको छ। कम्पनीका अध्यक्ष भने हेमराज ढकाल बन्ने सहमति भएको छ, हाल उनी आइएमई इन्स्योरेन्सका अध्यक्ष छन्। यस्तै, कम्पनीका प्रमुख कार्यकारी अधिकृत (सिइओ)मा पनि आइएमईकै हालकै सिइओ योगेशभक्त बादे श्रेष्ठ बन्ने सहमति भएको छ। प्रुडेन्सियलका सिइओ श्रवण रावल भने वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत हुने सहमति भएको छ।

आगामी असारभित्र निर्जीवन बिमा कम्पनीले दुई अर्ब ५० करोड रुपैयाँ र जीवन बिमा कम्पनीले पाँच अर्ब न्यूनतम चुक्ता पुँजी कायम गर्नुपर्नेछ। त्यसपछि पुँजी बढाउनका लागि बिमा कम्पनीहरू मर्ज हुँदै छन्। सोही क्रममा यी कम्पनी मर्ज भएका हुन्।

मर्जपछि बन्ने कम्पनीको चुक्ता पुँजी तीन अर्ब दुई करोड ९३ लाख ३३ हजार रुपैयाँ पुग्नेछ। हाल आइएमई एक अर्ब ८० करोड ३७ लाख ५० हजार र प्रुडेन्सियलको एक अर्ब २२ करोड ५५ लाख ८३ हजार रुपैयाँ चुक्ता पुँजी छ।

**लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना**

प्रकाशित मिति : २०८०/१/१९ गते

यस महालक्ष्मी विकास बैंक लि. का तपसिलमा उल्लेखित शाखाबाट तपाई ऋणीले आफ्नो व्यवसायिक/व्यक्तिगत कार्यको लागि प्राप्त गरेको ऋण कर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तर-ताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न मिति २०७९/७/१५ गतेको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरि ऋणी, व्यक्तिगत जमानीकर्ता समेतलाई जानकारी गराउँदा समेत कर्जाको सांवा, ब्याज तथा अन्य दस्तुर चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित चल, अचल सम्पत्ति, जग्गाहरु तथा सो जग्गामा बनेको घर टहरा पर्खाल आदि र सो समेतले चर्चेको सम्पूर्ण लिगलगापात समेत जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनमा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि १५ दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरि गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान समेत गरिएको छ। सो अवधिमा ईच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफुले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फर्म बुझाउन समेत अनुरोध गरिन्छ। सूचना बमोजिम कसैको पनि बोलपत्र पर्न नआएमा धितो सुरक्षण रहेका सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ एवं बैंकको कर्जा असुली तथा धितो गैह्र बैंकिङ्ग सम्पत्ति बिक्री कार्यविधि २०६६ समेत बमोजिम पुनः लिलाम बिक्री गर्न वा बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

**तपसिल**

**परासी शाखा :**

**ऋणी : श्री चौधरी इलेक्ट्रीक सप्लायर्स** (प्रो. श्री विनोद चौधरी)
प्रा.फ.र.नं. ८१८/७२८५/०७१
दर्ता मिति : २०७१/०७/३० (घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी)
पान नं. ६०२०६८१७०
ठेगाना : तिलकपुर गा.वि.स. वडा नं. ८ नवलपरासी
**व्यक्तिगत जमानीकर्ताहरु :**
क) श्री भोला नाथ चौधरी (ना.प्र.नं. २०१/२४५ जारी मिति/जिल्ला २०४४/११/२४ नवलपरासी)
बाबु : श्री दिल्ली प्रसाद थारु, बाजे : श्री भगवती थारु
ठेगाना : हाल सरावल गा.पा. वडा नं. २ नवलपरासी
ख) श्री सावित्री चौधरी (ना.प्र.नं. ३६-०१-७०-१५२९८ जारी मिति/जिल्ला २०७०/११/२० नवलपरासी)
बाबु : श्री राम प्रसाद कंवर, ससुरा : श्री भोला नाथ चौधरी, पति : श्री विनोद चौधरी
ठेगाना : तिलकपुर गा.वि.स. वडा नं. ८ हाल सरावल गा.पा. वडा नं. २, नवलपरासी
ग) श्री द्वारीका प्रसाद चौधरी (ना.प्र.नं. ३६-०१-७१-०३७९५ जारी मिति/जिल्ला २०७१/७/३ नवलपरासी)
बाबु : श्री भोला नाथ चौधरी, बाजे : श्री दिल्ली प्रसाद थारु
ठेगाना : तिलकपुर गा.वि.स. वडा नं. ८ हाल सरावल गा.पा. वडा नं. २, नवलपरासी
घ) श्री विनोद चौधरी (ना.प्र.नं. ३६१०५९/२९८ जारी मिति/जिल्ला २०६६/८/२३ नवलपरासी)
बाबु : श्री भोलानाथ चौधरी, बाजे : श्री दिल्ली प्रसाद थारु
ठेगाना : तिलकपुर गा.वि.स. वडा नं. ८ नवलपरासी
कर्जा : व्यापार कर्जा ओ.डी.
**धितो सुरक्षणको विवरण :** श्री भगवती थारुको नाती श्री दिल्ली प्रसाद थारुको छोरा हाल सरावल गा.पा. वडा नं. २ नवलपरासी बस्ने श्री भोला नाथ चौधरीको नाममा मालपोत कार्यालय परासी, नवलपरासीमा दर्ता श्रेष्ता कायम रहेको जिल्ला नवलपरासी जमुवाड गा.वि.स. वडा नं. ९ (नक्सा सि.नं. ९/ख) स्थित कित्ता नं. १५०, १४०७ र १४०१ को क्षेत्रफल ०-१-१-०, ०-५-८-० र ०-३-८-० को जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलगापात समेत।

**नोट :**

१. बोलपत्र सम्बन्धि शर्त बन्देज सहितको बोलपत्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट तोकेको शुल्क तिरी प्राप्त गर्न सकिने छ।
२. बोलपत्र साथ आफुले बोलकबोल गरेको अंकको १० प्रतिशत नगद/बैंक ग्यारेण्टी /गुड फर पेमेण्ट चेक बैंकको खातामा धरौटी स्वरुप जम्मा गर्नु पर्ने छ
३. बोलपत्र स्विकृतवालाले बैंकले तोकिदिएको समय भित्र बोलकबोल गरेको बाँकी सम्पूर्ण रकम बुझाउनु पर्नेछ। अन्यथा धरौटी जफत हुने छ।
४. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने राजस्व लगायत सम्पूर्ण खर्च बोलकबोलदाताले नै व्योहर्नु पर्नेछ।
५. कारणबस सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्टको मिति कायम हुनेछ।
६. यस विषयसँग अन्य जानकारी लिनु पर्ने भएमा यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा सम्पर्क गर्नु हुन।
७. बोलपत्र स्विकृत/अस्विकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ।
८. शर्त सहितको बोलपत्र स्वीकार गरीने छैन।

शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८०/२/२ गते मंगलबार (कार्यालय समय भित्र)
बोलपत्र खोलिने मिति : २०८०/२/३ गते बुधबार दिनको २ बजे
बोलपत्र खोल्ने स्थान : महालक्ष्मी विकास बैंक लि. को सम्बन्धित शाखा कार्यालयहरुमा

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाण्डौं फोन नं. ०१-५३६८१५३, ५३६८७१९
कर्जा असूली विभाग थापाथली, काठमाण्डौं फोन नं. ०१-५९१९२१९/५९११५१९/२०
सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

# दुई महिनामा अमेरिकामा तेस्रो बैंक टाट पल्टियो

## फेडेरल डिपोजिट इन्स्योरेन्स कर्पोरेसनले गच्यो अमेरिकाको चौथौं ठूलो फस्ट रिपब्लिक बैंक टाट पल्टिएको घोषणा

**मीनराज बसन्त**/नयाँ पत्रिका

अमेरिकाको चौथौं ठूलो बैंक फस्ट रिपब्लिक बैंक टाट पल्टिएको छ। उक्त बैंकलाई अमेरिकी नियमनकारी निकाय फेडेरल डिपोजिट इन्स्योरेन्स कर्पोरेसनले टाट पल्टिएको घोषणा गरेको हो।

अमेरिकाका सिलिकन भ्याली र सिग्नेचर बैंक टाट पल्टिएको दुई महिना नबित्दै अर्को ठूलो बैंकसमेत टाट पल्टिएको हो। फस्ट रिपब्लिक बैंक टाट पल्टिएको घोषणा भएपछि विश्वव्यापी रूपमा तरंग फैलिएको छ।

व्यवस्थापन बिग्रँदै जाँदा बैंक बचाउने अनेकौं प्रयास विफल बनेपछि संकटग्रस्त बैंकलाई जेपी मोर्गन चेस एन्ड कम्पनीले अधिग्रहण गरेको छ। मोर्गनले बैंकको १७३ अर्ब डलर ऋणको पोर्टफोलियो, ३० अर्ब डलरको बचतपत्रका साथै ९२ अर्ब डलरको बैंक डिपोजिट अधिग्रहण गरेको हो।

डिपार्टमेन्ट अफ फाइनान्सियल प्रोटेक्सन एन्ड इनोभेसनका अनुसार जेपी मोर्गनले सुरक्षण नभएका र डिपोजिटसहितका सबै धनमाल अधिग्रहण गर्नेछ।

फस्ट रिपब्लिक बैंकले कुनै पनि प्रभावकारी उपाय अपनाउन सकेको थिएन। गत हप्ता मात्रै उक्त बैंकले पहिलो त्रैमासमा एक सय अर्ब डलर घाटा व्यहोर्नुपरेको घोषणा गरेको थियो। यो घाटाले गर्दा बैंकको सेयरमा गिरावटसमेत आएको थियो।

बैंक टाट पल्टिएपछि फेडेरल सरकारले एफडिआइसीसँग छलफल गरिरहेको छ। एफडिआइसीले बैंकका ग्राहकको डिपोजिटलाई ग्यारेन्टी दिने गर्छ। त्यसपछि अमेरिकी राज्यकोष विभागले गत हप्ता मात्रै ६ वटा बैंकसँग कुराकानी गर्दै फस्ट रिपब्लिक बैंकको सम्पत्तिमा उनीहरूको रुचिबारे बुझेको थियो।

फस्ट रिपब्लिक बैंक अमेरिकाको चौथौं ठूलो बैंक हो। बैंकको सम्पत्ति दुई सय ३३ अर्ब अमेरिकी डलर छ। तर, यही बैंक असफल प्रमाणित भएको छ। यसअघि सन् २००८ मा लेहमन ब्रदर्स बैंक टाट पल्टिएको थियो।




### ■ आठ राज्य, ८४ शाखा

अमेरिकाका आठ राज्यमा फस्ट रिपब्लिक बैंकका ८४ वटा कार्यालय जेपी मोर्गन चेस बैंकको शाखाका रूपमा पुनः खुल्नेछन्। यसपछि फस्ट रिपब्लिक बैंकका ग्राहक स्वतः जेपी मोर्गनका डिपोजिटर बन्नेछन्। अर्थात्, फस्ट रिपब्लिक बैंकका ग्राहकको पैसा सुरक्षित हुनेछ।

रिपब्लिकका ग्राहकको क्षति व्यहोर्न अमेरिकी नियामक निकायको इस्योरेन्स फन्डले १३ अर्ब डलर भुक्तानी गर्नुपर्ने हुन्छ। जेपी मोर्गन र फेडेरल डिपोजिट इन्स्योरेन्स कर्पोरेसनले सिंगल फेमिली र व्यापारिक ऋणको घाटा सँगसँगै रिकभरीलाई पनि साझा गर्नेछन्। जेपी मोर्गनले फस्ट रिपब्लिकको सम्पूर्ण सम्पत्ति अधिग्रहण गर्ने बताइएको छ।

### ■ रिपब्लिकसँग कति सम्पत्ति ?

१३ अप्रिलसम्म फस्ट रिपब्लिक बैंकको कुल सम्पत्ति २३० अर्ब डलरभन्दा बढी थियो। यस्तै, जम्मा भएको रकम १०४ अर्ब डलर थियो। जेपी मोर्गनबाहेक रिपब्लिक बैंक अधिग्रहण गर्न बोलकबोल गर्ने सिटिजन फाइनान्सियल ग्रुप, पिएनसी फाइनान्सियल सर्भिसेज ग्रुप, युएस बैंककर्प र बैंक अफ अमेरिका सहभागी थिए।

### ■ सेयरमा ओरालो यात्रा

सन् १९८५ मा स्थापित फस्ट रिपब्लिक बैंक अमेरिकाको १४औं ठूलो बैंक थियो। गत मार्चमा उक्त बैंकको सेयर ९७ प्रतिशतसम्म गिरावट आयो। मार्चमा प्रतिकित्ता एक सय २२ डलर रहेको सेयर अहिले ३.५१ डलरमा झरेको छ।

### ■ किन डुब्यो ?

अमेरिकाकै सिलिकन भ्याली र सिग्नेचर बैंकझैं फस्ट रिपब्लिक बैंक डुब्नुको कारण तरलता व्यवस्थापन रहेको बुझिएको छ। फेडेरल रिजर्भले महँगीसँग जुझ्न ब्याजदरमा तीव्र बढोत्तरी गरेको छ। यसको प्रत्यक्ष प्रभाव अमेरिकाका बैंकिङ क्षेत्रमा परेको देखिन्छ। बैंकका अधिकांश ग्राहकले बिमा नगरिएको रकम निकालेका थिए। अमेरिकामा अढाई लाखसम्मको रकम एफडिआइसीमार्फत बिमा हुने प्रावधान छ।

गत हप्ता रिपब्लिक बैंकले सूचना जारी गर्दै सन् २०२३ को पहिलो त्रैमासमा ग्राहकले १०२ अर्ब डलर निकालेको बताएको थियो। सन् ०२२ को अन्त्यतिर बैंकको डिपोजिट १७६ अर्ब डलरबराबर थियो। अर्थात्, ग्राहकले डिपोजिटको आधाभन्दा बढी रकम निकालेका थिए। यही क्रममा बैंकले ९२ अर्ब डलर ऋणसमेत लियो। तर, यति हुँदाहुँदै पनि सरकारले अधिग्रहण गर्नेबाहेक कुनै उपाय देखिएन। फस्ट रिपब्लिकका अधिकांश ग्राहक स्टार्टअप इन्डस्ट्रीका छन्।

त्यसो त रिपब्लिक बैंक पछिल्ला केही वर्षमा कैयौंपटक खरिद-बिक्री भएको छ। सन् २००७ मा मेरिल लिन्च एन्ड कम्पनीले १.८ अर्ब डलरमा अधिग्रहण गच्यो र अधिग्रहणको एक वर्षपछि बैंकको स्वामित्व बैंक अफ अमेरिकामा आयो। यस्तै, सन् २०१० मा १८६ अर्ब डलरमा जनरल एटलान्टिक र कोलोनी क्यापिटलसहित अन्य इन्भेस्टमेन्ट फर्मले यसलाई खरिद गरी पब्लिक गरे।

### ■ आर्थिक मन्दीको चिन्ता

रिपब्लिक बैंकको पतनले आर्थिक मन्दीको चिन्ता थप बढाउने देखिएको छ। अर्थशास्त्री एवं विश्लेषकले सिलिकन भ्याली बैंकको असफलताबाट सुरु भएको उथलपुथलले बैंक र लगानीकर्तालाई सचेत गराएको बताएका छन्। यो सतर्कताले ऋण लिन कठिन र महँगो बन्न सक्ने उनीहरूको बुझाइ छ। यसो भएको खण्डमा व्यापार विस्तारको गति सुस्त हुनुका साथै हायरिङ पनि कम हुनेछ।

### ■ नेपालसम्मै तरंग, तर प्रभाव पर्दैन

अमेरिकामा बैंक टाट पल्टिए पनि त्यसको प्रभाव नेपालका बैंकमा नपर्ने बैंकर भुवन दाहाल बताउँछन्। 'अमेरिकाका ठूला बैंक डुब्नुको कारण ब्याजदर जोखिम व्यवस्थापन नहुनु हो,' दाहाल भन्छन्, 'फेडेरलले अचाक्ली ब्याजदर बढाएपछि यो स्थिति आएको हो। सिलिकन भ्याली बैंकले त गभर्मेन्ट ट्रेजरीमै लगानी गरेको थियो।'

दाहालका अनुसार नेपालमा अमेरिकाको जस्तो उच्च ब्याजदर छैन, जसले गर्दा जोखिम कम देखिन्छ। 'नेपालले अमेरिकाको बैंक बन्ड किनेको भए डुब्न सक्ने अवस्था हुन्थ्यो,' दाहाल थप्छन्, 'तर, त्यो अवस्था छैन। नेपालको रेमिट्यान्स छ, ब्याजदर कम छ। यी कारणले पनि बैंक नै टाट पल्टिने सम्भावना कम देख्छु।'

# एक्साइड एक्सप्रेस ब्याट्रीको माग बढ्दो

**काठमाडौं**/ सिप्रदी ट्रेडिङ प्रालिले नेपाली बजारमा ल्याएका सबै प्रकारका ठूला गाडीहरूमा प्रयोग गर्न सकिने एक्साइड एक्सप्रेस ब्याट्रीको माग बढ्दो रहेको छ। बिक्री सुरु भएको छोटो समयमा नै गाडी व्यवसायीहरूबाट एक्साइड एक्सप्रेस ब्याट्रीप्रति सकारात्मक प्रतिक्रियासँगै बिक्री बढेको हो।

उच्च प्रविधिबाट निर्मित एक्साइड एक्सप्रेस ब्याट्रीको उत्पादनमा उच्च तापक्रम, कम्पन तथा जोल्टिङ सहन सक्ने भरपूर क्षमता रहेको कम्पनीले जनाएको छ। कम्पनीका अनुसार विशिष्ट ट्री रिडायल ग्रिडमा डिजाइन भएको एक्सप्रेस ब्याट्री छिटो चार्ज हुन्छ।

म्याजिक आईको विशेषताले गर्दा ब्याट्रीको चार्ज अवस्था बाहिरैबाट हेर्न पनि मिल्ने हुनाले यो ब्याट्री ठूला गाडीका लागि चर्चित भएको कम्पनीको दाबी छ।

# अर्थतन्त्रका चुनौतीविरुद्ध लड्न निजी क्षेत्र र सरकारको सहकार्य

## उद्योग मन्त्रालय, सिबिफिन तथा नेपाल बिजनेस इन्स्टिच्युटको संयुक्त आयोजनामा नेपाल बिजनेस समिट हुने

**नयाँ पत्रिका**
**काठमाडौं, १८ वैशाख**

अर्थतन्त्रमा बढ्दै गएका चुनौतीको सामना गर्ने उद्देश्यसहित सरकार र निजी क्षेत्रको साझेदारीमा नेपाल बिजनेस समिट २०२३ आयोजना हुने भएको छ। सरकार र निजी क्षेत्रबीचको दूरी कम गर्दै उद्यमी-व्यवसायी, बैंक तथा वित्तीय क्षेत्रको मनोबल बढाउन शिखर सम्मेलन आयोजना गर्न लागिएको हो।

सम्मेलन संघीय सरकारको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन) तथा नेपाल बिजनेस इन्स्टिच्युटको संयुक्त आयोजनामा हुने जनाइएको छ। सम्मेलनमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को प्रमुख आतिथ्यता र विशेष सम्बोधन रहने आयोजकले जनाएका छन्। शिखर सम्मेलनबारे जानकारी दिँदै सिबिफिनका अध्यक्ष पवनकुमार गोल्यानले उद्योगी-व्यवसायी र बैंक तथा वित्तीय संस्थाले भोग्दै आएका समस्याहरू समाधानका लागि पहल गर्न र वित्तीय संस्थाबारेको भ्रम निवारणका लागि बिजनेस समिट आयोजना गरेको बताए। पछिल्लो वित्तीय चुनौतीले उद्योगी-व्यवसायी र बैंक वित्तीय संस्थाबीचको दूरी बढ्दै जाने सम्भावना रहेको उनको भनाइ थियो। यसका लागि कृषि, पर्यटन, ऊर्जा, निर्यात क्षेत्रलाई राज्यले पहिलो प्राथमिकतामा राख्नुपर्नेमा जोड दिए।

नेपाल बिजनेस इन्स्टिच्युटका कार्यकारी अध्यक्ष एवं सम्मेलन आयोजक कमिटीका संयोजक विशाल गैरेले शिखर सम्मेलनले ठूला उद्योगको संरक्षण, साना, मझौला तथा स्टार्टअप उद्यमलाई प्रोत्साहन गर्ने, लगानीका नयाँ क्षेत्रको पहिचानसहित उत्पादनमूलक, रोजगारीमूलक, निर्यातमूलक क्षेत्रमा लगानी विस्तार गर्ने काममा नयाँ सम्भावना खोज्ने विश्वास व्यक्त गरे। उद्यमी-व्यवसायीले भोग्दै आएका नीतिगत र व्यवहारगत समस्याहरू समाधान गर्दै थप लगानी भित्र्याउने, निर्यात प्रवर्द्धन गर्ने र सोका लागि साझेदारी तथा लगानी गरी आत्मनिर्भर अर्थतन्त्रको निर्माणमा टेवा पुऱ्याउने उद्देश्य राखेको उनको भनाइ थियो।

सिबिफिनका वरिष्ठ उपाध्यक्ष भोजबहादुर शाहले उद्यमशीलता र व्यावसायिक प्रवर्द्धनका लागि बिजनेस समिट आयोजना गरेको बताए। सिबिफिनका उपाध्यक्ष राजेश उपाध्यायले सरकार र निजी क्षेत्रबीचको यो शिखर सम्मेलनले अर्थतन्त्रको भिजन डकुमेन्ट तयार गर्ने र आगामी दिनमा यसले जारी गर्ने घोषणापत्र सरकारको नीति, कार्यक्रममा समेटिने विश्वास व्यक्त गरे।

शिखर सम्मेलनबाट स्वदेशी उत्पादन वृद्धि, उपभोग तथा निर्यात प्रवर्द्धनमा सहयोग पुग्ने, रोजगारीका अवसरहरूको सिर्जना हुने, लगानीका सम्भावित क्षेत्रहरूको पहिचानसहित लगानी विस्तार हुने आयोजकको अपेक्षा छ। त्यस्तै, युवा तथा महिलाहरू उद्यम-व्यवसायमा आकर्षित हुने, घरेलु, साना, मझौला उद्योगहरूको स्तरोन्नतिसहित नवप्रवर्तन क्षेत्रमा लगानी बढ्ने, बैंक तथा वित्तीय क्षेत्रको दिगो प्रवर्द्धन हुने आयोजकले विश्वास व्यक्त गरेका छन्। यसका साथै, तीन तहकै सरकार, निजी क्षेत्र र कूटनीतिक नियोगबीच सम्बन्ध विस्तार भई उच्चस्तरको नेटवर्किङ हुने अपेक्षासमेत राखिएको आयोजकको भनाइ छ। शिखर सम्मेलनमा देशभरका उद्यमी-व्यवसायी र बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि गरी चार सयभन्दा बढी संख्यामा सहभागिता रहने आयोजकले जनाएका छन्। सिबिफिनका महानिर्देशक डा. गोपालप्रसाद तिवारीले अर्थतन्त्रमा अहिले देखिएको चुनौतीलाई सामना गर्न विशेष सुझावसहितको अवधारणापत्र तयार गरिने बताए।

सम्मेलन आयोजनाका लागि टाइटल स्पोन्सर वर्ल्ड लिंक कम्युनिकेसनको रहेको जनाइएको छ। त्यस्तै, आइएफसी, वर्ल्ड बैंक, डब्लुडब्लुएफ, नबिल बैंक, एनएमबि बैंक, सिद्धार्थ बैंक, दराज नेपाल, नेपाल एयरलाइन्स, राष्ट्रिय वाणिज्य बैंक, नमस्ते पे, कामना सेवा विकास बैंक, महालक्ष्मी विकास बैंक, गरिमा विकास बैंक, मुक्तिनाथ कृषि कम्पनी लिमिटेडलगायतले साझेदारी गरेको उल्लेख छ।




### ■ यी हुनेछन् सम्मेलनका वक्ता

सम्मेलनमा अर्थमन्त्री डा. प्रकाशशरण महत, विश्व बैंक समूहको इन्टरनेसनल फाइनान्स कर्पोरेसन (आइएफसी)का एसिया प्यासिफिक क्षेत्रका भाइस प्रेसिडेन्टका सल्लाहकार कमर सलिम, उद्यमी तथा प्रतिनिधिसभाका सदस्य विनोदकुमार चौधरी, अर्थशास्त्री तथा प्रतिनिधिसभाका सदस्य डा. स्वर्णिम वाग्ले, नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव मधुकुमार मरासिनीले सम्बोधन गर्ने कार्यक्रम रहेको आयोजकले जनाएका छन्। त्यस्तै, विश्व बैंकका कन्ट्री डाइरेक्टर फारिस हदाद जर्भोस, एफएनसिसिआईका पूर्वअध्यक्ष भवानी राणा, सिएनआईका पूर्वअध्यक्ष हरिभक्त शर्मा, म्यानेजमेन्ट एसोसिएसन नेपालका अध्यक्ष उपेन्द्रप्रसाद पौडेल, नेपाल बैंकर्स संघका अध्यक्ष सुनील केसी, वर्ल्ड लिंकका अध्यक्ष दिलीप अग्रवाल, डोल्मा अर्गनाइजेसनका प्रबन्ध निर्देशक जोसेफ अल्भान, दराज नेपालका प्रबन्ध सञ्चाल आँचल कुँवरलगायत विभिन्न देशका राजदूत, अर्थशास्त्री, उद्यमी-व्यवसायीहरू, विभिन्न मन्त्रालयका सचिव तथा सहसचिवहरूले सम्मेलनमा सम्बोधन गर्ने जनाइएको छ।

# मौलाकाली केबलकारको औपचारिक उद्घाटन

**नयाँ पत्रिका**
**भरतपुर, १८ वैशाख**

गैंडाकोटमा मौलाकाली केबलकार औपचारिक रूपमा सञ्चालनमा आएको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सोमबार नवलपुरको गैंडाकोट-१ मा रहेको मौलाकाली केबलकार बटम स्टेसनमा ताम्रपत्र अनावरण गर्दै केबलकार सञ्चालनको औपचारिक उद्घाटन गरेका हुन्। नयाँ वर्षको अवसर पारेर वैशाख १ गते नै सञ्चालनमा आएको केबलकारको औपचारिक उद्घाटन भने भएको थिएन।

उद्घाटनपछि प्रधानमन्त्री दाहालले शिथिल अर्थतन्त्रलाई उकास्न मौलाकालीजस्ता पर्यटकीय पूर्वाधारको महत्त्व रहने उल्लेख गर्दै सरकार, निजी क्षेत्रलाई सहजीकरण गर्न प्रतिबद्ध व्यक्त गरेका थिए।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्षसमेत रहेका मौलाकाली केबलकारका अध्यक्ष चन्द्रप्रसाद ढकालले धार्मिक पर्यटनको विकासलाई पहिलो प्राथमिकतामा राख्दै केबलकार सञ्चालनमा ल्याएको बताए। ढकालले भने, 'अब धार्मिक पर्यटनमा हिँडेर जान नसक्ने र हतार भएकाहरू सजिलै पुगेर फर्कन पाउनेछन्। केबलकारसँगै दशनार्थीको संख्या पनि बढ्नेछ।' सबै नेपालीसमक्ष प्रचारप्रसार गर्न केबलकारसहितका नयाँ पर्यटकीय संरचनाले सघाउ पुग्ने उनले विश्वास व्यक्त गरे। केबलकार अघि यहाँ सिँढी उक्लेर मन्दिर दर्शन गर्न जानुपर्ने अवस्था थियो। घुमाउरो बाटो भएर साना सवारीसाधनसमेत जान थालेका थिए।

### ■ कस्तो छ केबलकार ?

पूर्व-पश्चिम राजमार्गको नारायणी पुलबाट उत्तरतर्फ दुई किलोमिटरमा मन्दिर फेदीको प्रवेशद्वार पुगिन्छ। मौलाकाली सामुदायिक वन र मौलाकालिका धार्मिक वनभित्र रमणीय हरियाली वातावरणमा केबलकार टप स्टेसन पुग्छ। यो केबलकार एक हजार दुई सय मिटर लम्बाइको छ। यहाँ कुल १२ डब्बा (गान्डोला) छन्। एउटा डब्बामा एकपटकमा आठजना यात्रु बस्न मिल्छ। फेदीबाट केबलकार चढेपछि पाँच मिनेटमा मन्दिरनजिकैको स्टेसनमा पुगिन्छ। त्यहाँबाट करिब पाँच मिनेट हिँडेपछि मौलाकालिका मन्दिर पुगिन्छ। केबलकारमार्फत दैनिक ६ हजार यात्रु आवतजावत गर्न सक्नेछन्। मौलाकाली केबलकार आयोजनामा मुख्य लगानीकर्ता आइएमई समूहको ५१ प्रतिशत सेयर छ। बाँकी ४९ प्रतिशत लगानी स्थानीयको रहेको समूहका अध्यक्ष चन्द्र ढकालले बताए।

दुई अर्ब रुपैयाँमा चारतारे होटेलसहित केबलकारको पूर्वाधार निर्माण गरिएको हो। मन्दिरनजिकैको स्टेसनमा बन्ने होटेल निर्माणका क्रममा नै छ। होटेलमा ६० कोठा, बैंक्वेट हल र रेस्टुरेन्ट बनाउने योजना छ। यो केबलकार १३ महिनाअघि मात्र बनाउन थालिएको थियो। केबलकारका लागि ५६ रोपनी जग्गा अधिग्रहण गरिएको छ। त्यसबापत सरकारलाई ५८ रोपनी जग्गा सट्टाभर्ना दिएको कम्पनीले जनाएको छ। कम्पनीले पूर्वी नवलपरासीकै दुर्गम पहाडी गाउँ मिथुकरमको जग्गा किनेर सट्टाभर्ना गरेको हो। आइएमई समूहले काठमाडौंमा चन्द्रागिरि केबलकार सञ्चालन गरिरहेको छ। बुटवलमा अब केही समयभित्रै र अरू प्रदेशमा पनि केबलकार सञ्चालनको तयारी भइरहेको ढकालले बताए।

# बढी रेमिट्यान्स भित्र्याउने बैंकका रूपमा नेपाल एसबिआई सम्मानित



**काठमाडौं**/ नेपाल एसबिआई बैंक लिमिटेडले रेमिट्यान्सको आप्रवाह विधातर्फ उल्लेखनीय योगदान गरेकोमा सम्मानित भएको छ। नेपाल राष्ट्र बैंकको ६८औँ वार्षिक उत्सव समारोहको अवसर पारेर आयोजना गरिएको विशेष कार्यक्रममा नेपाल एसबिआई बैंकलाई सम्मान गरिएको हो।

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले बैंकका प्रमुख कार्यकारी अधिकृत दीपककुमार देलाई प्रशंसा प्रदान गरेका थिए। आर्थिक वर्ष ०७८/७९ भित्र बैंक तथा वित्तीय संस्थाहरूमध्ये नेपाल एसबिआई बैंकले बढी विप्रेषण भित्र्याउने कार्यमा उल्लेखनीय योगदान गरेकोमा उक्त सम्मान प्रदान गरिएको हो। बैंकले हाल देशभरमा ९३ शाखा, २२ एक्सटेन्सन काउन्टर, सात प्रादेशिक कार्यालय तथा एक कर्पोरेट अफिसका साथै एक सय ३० एटिएममार्फत सेवा दिइरहेको जनाएको छ।

# बेलौरी नाका सञ्चालन गर्न माग

**मोहन विष्ट/नयाँ पत्रिका**
**कञ्चनपुर, १८ वैशाख**

कञ्चनपुरको दक्षिणी क्षेत्रमा रहेको बेलौरी भन्सारनाका सञ्चालन गर्न परराष्ट्रमन्त्री एनपी साउदलाई ज्ञापनपत्र बुझाइएको छ। बेलौरी नगरपालिकाले सोमबार बेलौरी पुगेका परराष्ट्रमन्त्री साउदलाई भन्सार नाका विस्तारको माग अघि सारेर ज्ञापनपत्र बुझाएको हो।

बेलौरी नगरपालिका प्रमुख पोतीलाल चौधरीले मुख्य गरेर भन्सारनाका सञ्चालन, भारतीय एसएसबीले बेलौरी नगरपालिका-८, पचुईस्थित हुलाकी सडक र सोही सडकमा विद्युत् विस्तारमा अवरोध पुऱ्याएको भन्दै सडक र विद्युतको माग अघि सार्नुका साथै बेलौरीको सीमा विवाद टुंग्याउनुपर्ने विषय अघि सारेर ज्ञापनपत्र बुझाएको बताए।

'हामीले पहिल्यैदेखि बेलौरी नाका विस्तारको माग अघि सार्दै आएका छौं, 'मेयर चौधरीले भने, 'यसै सिलसिलामा आज परराष्ट्रमन्त्रीलाई ज्ञापनपत्र बुझाएर ध्यानाकर्षण गराएका छौं।' भारतसँग जोडिएको सीमा समस्यासमेत रहेको विवाद निरूपणका लागि मेयर चौधरीले परराष्ट्रमन्त्रीलाई आग्रह गरेका छन्।

बेलौरी नाका छोटी भन्सार भए पनि भारत खजुरियामा नहुँदा पारवहनमा समस्या भइरहेको छ। बेलौरी छोटी भन्सार पनि एक वर्षदेखि बन्द रहेको छ। बेलौरी छोटी भन्सार कैलाली भन्सारमातहत लिएसँगै गत ०७९ वैशाखदेखि कैलाली भन्सारले ताला लगाएर कार्यालय बन्द गरेको छ।

नगरपालिकाले दिएको ज्ञापनपत्र बुझ्दै परराष्ट्रमन्त्री एनपी साउदले प्रधानमन्त्री भारत भ्रमणका वेला बेलौरी नाका विस्तार, हुलाकी सडक विस्तार, विद्युत् विस्तारमा आएका समस्यासहित विविध सीमा समस्या निरूपणका लागि भारतसँग प्रस्ताव अघि सारेर समाधान गर्ने वचन दिएको मेयर चौधरीले बताए।


## कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८०/०१/१९ गते)

यस बैंकको तपशिलको ऋणी संस्थाले बानेश्वर शाखाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्ने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी संस्था, धितो जमानतकर्ता, जमानीकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ। सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम बिक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रिबाट पनि यस बैंकको सम्पूर्ण रकम असुल उपर नभएमा वा कथम कथाचित धितोबाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, सहकारी ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ।

**ऋणी संस्थाको नाम : श्री कान्तिपुर सेभिङ एण्ड क्रेडिट को अपरेटिभ लिमिटेड । रजिष्टर्ड ठेगाना : का.म.न.पा -३४, काठमाण्डौं । दर्ता नं : २२४**

**संचालक तथा जमानीकर्ताको विवरण**

१) नाम : चन्द्र बहादुर तामाङ (पूर्व अध्यक्ष तथा जमानीकर्ता) बाबु : सानु माईला तामाङ बाजे : काजीमान तामाङ ना प्र नं. : ३० ४१२७८।८०४ ठेगाना : नारायणस्थान -८, काभ्रे

२) नाम : हिमालय विक्रम मल्ल ठकुरी (वर्तमान अध्यक्ष) बाबु : पदम बहादुर मल्ल ठकुरी बाजे : हरि बहादुर मल्ल ठकुरी ना.प्र.नं : ६।९०५ ठेगाना : शिवगडी -०८, पर्वत

३) नाम : जोग लाल लामा (सचिव) बाबु : लीला नारायण लामा बाजे : डोल नारायण लामा ना.प्र.नं : ८०३ ठेगाना : पोखरीनारायण स्थान -३, काभ्रे

४) नाम : प्रेमध्वज लामा (कोषाध्यक्ष ) बाबु : उर्क ध्वज बाजे : सानु लामा ना.प्र.नं : ३०२१४ ठेगाना : पोखरी नारायणस्थान-८, काभ्रे

५) नाम : नारायण प्रसाद रिमाल (संचालक) बाबु : दिना नाथ रिमाल बाजे : उमाकान्त रिमाल ना.प्र.नं : ११२३९ ठेगाना : गोर्स्याङ -९, नुवाकोट

६) नाम : इन्दु थापा (संचालक) बाबु : दौलत विक्रम विष्ट बाजे : सोमराज विष्ट ना.प्र.नं : ४०५१।९००७।१००४० ठेगाना : का.म.पा -३४, काठमाण्डौं

७) नाम : सानु कान्छा लामा (संचालक) बाबु : मान सिं बाजे : अवतार सिं लामा ना.प्र.नं : ८९४३७२०१५ ठेगाना : पोखरीनारायण स्थान -५, काभ्रे

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

नेपाल सरकार, सहकारी तथा गरीबी निवारण मन्त्रालय/सहकारी विभाग अर्न्तगत डिभीजन सहकारी कार्यालय काठमाण्डौमा मिति २०५३।०८।३० मा (दर्ता नं. २२४) दर्ता भई बाग्मती प्रदेश काठमाण्डौ जिल्ला का.म.न.पा बडा नं. ३४ रजिष्टर्ड ठेगाना रहेको श्री कान्तिपुर सेभिङ्ग एण्ड क्रेडिट लिमिटेडको नाममा मालपोत कार्यालय डिल्लीबजारमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला का.म.न.पा बडा नं. ३४ को कित्ता नं ४९४, ३२९, ५०२, ३२१ को क्षेत्रफल क्रमस १-१४-०-०, ०-२-०-०, ०-३-०-०, ०-४-०-२ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय: कृपण्डोल, ललितपुर, फोन: ०१-५१८०१८२, Web: www.ncbl.coop

## नबिल बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मितिः २०८०/०१/१९)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०७९/०९/२६ को नयाँ पत्रिकामा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी साबाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं वा कावासोती शाखा, नवलपरासीमा** आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ।

**तपसिल**

**ऋणीको विवरणः**

नारायण दत्तको नाति, भिमलाल पोखरेलको छोरा, नवलपरासी जिल्ला, अमरापुरी गा.वि.स., वडा नं. ६ स्थायी घर भई हाल नवलपरासी जिल्ला, कावासोती नगरपालिका, वडा नं. ९ बस्ने, ना.प्र.नं. ८६६४५ (जारी मितिः २०४६/०१/३०, स्थान नवलपरासी) भएको **श्री गोविन्द राज पोखरेल।**

**व्यक्तिगत जमानतकर्ताको विवरणः**

शिवलाल उपाध्याय फुलेलकी छोरी, भिमलाल पोखरेलकी बुहारी, गोविन्द राज पोखरेलकी श्रीमती नवलपरासी जिल्ला, गैडाकोट न.पा., वडा नं. १६ स्थायी घर भई हाल नवलपरासी जिल्ला, कावासोती नगरपालिका, वडा नं. ९ बस्ने, ना.प्र.नं. ३७।०५३/४/२४५५८ (जारी मितिः २०६५/०७/२४, स्थान नवलपरासी) भएकी **श्रीमती मिना पोखेल।**

**धितोको विवरणः**

नवलपरासी जिल्ला, अमरापुरी गा.वि.स., वडा नं. ६ स्थायी घर भई हाल नवलपरासी जिल्ला, कावासोती नगरपालिका, वडा नं. ९ बस्ने **श्री गोविन्द राज पोखरेल**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सावित्र नवलपरासी जिल्ला, बेल्डीहा गा.वि.स., वडा नं. ७ सिट नं ७ग मा अवस्थित कि.नं. ७३१ र ३८९ क्षेत्रफल ०-३-७.०५-० र ०-२-१४.५ विगाहा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

लिलाम बिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा वा कावासोती शाखा, नवलपरासीवाट** कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८०/०२/०२ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा वा कावासोती शाखा, नवलपरासीमा** बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८०/०२/०३ गते ३:०० बजे बैंकको **कावासोती शाखा, नवलपरासीमा** उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्यप्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुनकुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफतगर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै ब्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
११. लिलामबिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा वा कावासोती शाखा, नवलपरासीमा** कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्रफाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

## पायोनियर बचत तथा ऋण सहकारी संस्था लि.

PISCO
का.म.न.पा. २२ न्युरोड, काठमाण्डौं।

**पायोनियर बचत तथा ऋण सहकारी संस्था लि. पाको, न्यूरोड१२१ काठमाण्डौं का तपशिलका ऋणीहरू लाई १५ (पन्ध्र) दिन भित्र कर्जा चुक्ता गर्ने जरूरी सूचना।**

**प्रकाशित मितिः २०८०/०१/१५ गते**

यस संस्थाबाट तपशिलमा उल्लेखित ऋणी सदस्यहरुले जग्गा/शेयर धितो राखी लिनु भएको कर्जाको साँवा, व्याज, हर्जना लगाएतका रकम शर्त बमोजिम यस संस्थामा समय समयमा दाखिल गर्नुपर्ने रकम हाल सम्म पनि नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक लिखित एवं मौखिक तार तकेता गर्दा समेत सो रकम भुक्तानी न

# सरकार-महावीर सातबुँदे सहमति

## विकास बजेटको एक प्रतिशत छुट्याइने, नवप्रवर्तन कोष स्थापना गरिने

**काठमाडौं**/ सरकारले राष्ट्रिय आविष्कार केन्द्रका संस्थापक एवं वैज्ञानिक महावीर पुनका चारवटै माग पूरा गर्ने सहमति गरेको छ। उपप्रधान एवं रक्षामन्त्री पूर्णबहादुर खड्का र पाँच दिनदेखि धर्नामा रहेका पुनबीच सोमबार चारबुँदे सहमतिपत्रमा हस्ताक्षर भएसँगै आन्दोलन स्थगित भएको छ।

दुई दिनदेखिको वार्ता र छलफलपश्चात् आगामी आर्थिक वर्ष ०८०/८१ देखि संघ सरकारको पुँजीगत बजेटको एक प्रतिशत रकम अनुसन्धान विकास, नवप्रवर्तन तथा आविष्कार कोषमा जम्मा गर्ने सहमति जुटेको छ। अब सरकारले कोष खडा गरेर अनुसन्धान तथा विकास, नवप्रवर्तन तथा आविष्कारसम्बन्धी कार्य एकीकृत रूपमा सञ्चालन एवं लगानी गर्नेछ। कोष सञ्चालनका लागि संघीय संसद्को आगामी अधिवेशनबाट विधेयक पारित गर्ने सहमति भएको छ। सहमतिअनुसार विधेयकको मस्यौदा भने सरोकारवालाको परामर्शमा ६० दिनभित्र तयार गरिनेछ।

पुनले संघ र प्रदेश दुवै सरकारले पुँजीगत बजेटको एक प्रतिशत नवप्रवर्तनमा छुट्याउनुपर्ने र छुट्टै कोष खडा गर्नुपर्ने प्रमुख माग राखेका थिए भने प्रदेश सरकारसँग जोडिएको विषयबाहेक यो माग पूरा गर्ने सहमति जुटेको छ।

पुनले 'अनुसन्धान, नवप्रवर्तन र आविष्कार प्रवर्द्धन, सञ्चालन तथा खरिद ऐन' बनाउनुपर्ने माग राखेका थिए। सरकार र पुन पक्षबीच यी क्षेत्रमा आवश्यक नीतिगत, कानुनी एवं संस्थागत प्रबन्ध गर्ने सहमति जुटेको छ। आविष्कारबाट उत्पादित वस्तु तथा सेवालाई आवश्यक पर्ने अनुमति, लाइसेन्स, दर्ता सञ्चालन तथा दिगोपन कायम गर्ने विषयसँग सम्बन्धित कानुनमा सुधार गरी सहजीकरण गर्ने भनिएको छ।

पुनले सहमतिमा सबै नेपालीको जित भएको र आफूहरूले अब यसको कार्यान्वयनको अपेक्षा गर्ने बताए। 'कागजमा सहमति भएको छ, सहमतिअनुसार सोमबार साँझबाट धर्ना स्थगित भएको छ। अब सरकारी निकायबाट कसरी कार्यान्वयन हुन्छ हेर्छौं। सहमति लागू गराएरै छाड्ने हो। आगामी आवको बजेट वक्तव्यबाट नवप्रवर्तनमा बजेट विनियोजन होला,' उनले भने, 'तर, ऐन बनाउने विषयमा केही समय लाग्ने देखिन्छ। यो जित सम्पूर्ण नेपालीको हो। सरकारले विनियोजन गर्ने रकम राष्ट्रिय आविष्कार केन्द्रले पाउने होइन, अनुसन्धान र नवप्रवर्तनको काम गर्नेले, राम्रो आइडिया छ भन्नेले पाउने हो।'

पुनको नेतृत्वमा १४ वैशाखबाट माइतीघरमा धर्ना थियो। सरकारले आइतबार मात्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव सुमनराज अर्यालको नेतृत्वमा वार्ताटोली गठन गरेको थियो। टोलीले आइतबार र सोमबार वार्ता गरेको थियो भने उपप्रधानमन्त्री खड्का र मुख्यसचिव शंकरदास बैरागीले पनि पुनसँग छलफल गरेका थिए।

# परिवर्तनकारी शक्ति सचेत हुनुपर्ने वेला आएको छ : प्रधानमन्त्री

**काठमाडौं**/ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले प्रतिक्रियावादी सलबलाएको भन्दै फेरि जाग्नुपर्ने बताएका छन्। परिवर्तनकारी शक्ति सचेत हुनुपर्नेमा उनको भनाइ छ। 'हामीले निकै ठूलो संघर्ष गरेर संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्त भएको हो। यो सामान्य परिवर्तन होइन। तर, परिवर्तनका विरोधी क्रान्तिका उपलब्धि उल्टाउन विभिन्न ढंगले लागेका छन्। हामी गर्जिएनौं भने प्रतिक्रियावादीहरू फेरि टाउको उठाउन सक्छन्। रछ्यानमा मिल्किसकेका प्रतिक्रियावादी शक्तिले पुरानै व्यवस्थाको सपना देख्दै छन्। त्यसैले तपाईं-हामीहरू फेरि जाग्नुपर्छ,' ट्रेड युनियन महासंघको आठौं महाधिवेशनलाई राजधानीमा सोमबार सम्बोधन गर्दै प्रचण्डले भने।

प्रधानमन्त्रीले विगतको भ्रष्टाचारको छानबिन गर्न उच्चस्तरीय आयोग बनाउने पनि उनले बताएका छन्। माओवादीले चुनावी घोषणापत्रमै ०४६ पछि भएका सबै भ्रष्टाचारको छानबिन गर्ने प्रतिबद्धता जनाएको स्मरणसमेत गराए। उनले सामाजिक न्याय, सुशासन र समृद्धि आफ्नो प्रमुख प्राथमिकता भएको बताए। उनले भ्रष्टाचारीहरू नै भ्रष्टाचारको छानबिन हुनुपर्‍यो भन्दै भ्रम सिर्जना गर्न लागेको बताए। 'सबै भ्रष्टाचारको छानबिन गरिनेछ। हामी आयोग बनाउने तयारीमै छौं। सबैभन्दा ठूला भ्रष्टाचारीहरू नै भ्रष्टाचारको छानबिन हुनुपर्‍यो भन्दै तमासा गरेको देख्दा अनौठो लाग्छ। तिनीहरू जनतालाई भ्रम पार्न प्रस्तुत भइरहेका छन्। हामी तिनीहरूको भ्रममा पर्न जरुरी छैन। भ्रष्टाचारको छानबिन गरिन्छ र मुलुकमा सुशासनको नयाँ वातावरण बनाइन्छ,' उनले भने।

प्रचण्डले चार महिनामा सकारात्मक सुरुवात भएको दाबी पनि गरे। 'यसपटक समयभन्दा अगाडि नै दुर्गमभन्दा दुर्गमका विद्यालयमा पुस्तक पुगेका छन्। राजस्व संकलन बढेको छ। चोरीपैठारी घटेको छ। रेमिट्यान्स बढेको छ। विदेशमा रहेका लाखौं नेपाली श्रमिकहरूलाई योगदानमा आधारित सामाजिक कार्यक्रममा आबद्ध गरिएको छ,' उनले भने।

# लोकतन्त्रविरोधी सलबलाए, जनता सजग बन्नुपर्छ : ओली

**काठमाडौं**/ एमाले अध्यक्ष केपी ओलीले जनताले पाएको उपलब्धिविरुद्ध अनेक खालका तत्त्व सक्रिय बनेर सलबलाइरहेको बताएका छन्। अन्तर्राष्ट्रिय श्रमिक दिवसका अवसरमा जिफन्टले सोमबार भृकुटीमण्डपमा आयोजना गरेको सभामा उनले पूर्वराजा ज्ञानेन्द्र शाहको देशदौडाहलाई लक्षित गर्दै उनले सक्रिय बन्न अनुकूल परिस्थितिको खोजी गरिरहेको टिप्पणी गर्दै जनता सजग हुनुपर्ने वेला आएको बताए।

'अहिले जनताले पाएका उपलब्धि र लोकतन्त्रविरुद्ध अनेक प्रकारका तत्त्व सक्रिय भएर सलबलाउन थालेका छन्,' उनले भने, 'कोहीकोही मुसाले बाहिर बिरालो छ कि छैन भनेर हेरेजस्तै दुलाबाट फुत्त निस्किऊँ कि जस्तो गरेर अनुकूल परिस्थिति आयो कि आएन भनेर हेर्न थालेका छन्। नेपाली जनता सजग हुनुपर्छ।'

आफूले सरकार छाडेको दुई वर्षमै मुलुकको अर्थतन्त्र तहसनहस बनिरहेको र अर्थमन्त्री स्वयंले कर्मचारीलाई तलब खुवाउन नसक्नेतर्फ इंगित गरेकाले मुलुक गम्भीर अवस्थातिर पुगेको बताए। जनताले सास्ती व्यहोर्दा सरकार निकम्मा भएर कुर्सीमा बसिरहेको उनको भनाइ थियो। 'अहिलेको सरकार सरकारमा किन बसिरहेको छ, जनताले हटाउन सकेका छैनन्, त्यो आफ्नो ठाउँमा छ, तर सरकार नै किन बसिरहेको छ अचम्मलाग्दो छ,' उनले भने। सरकारले सामाजिक सुधार, विकास निर्माण र सुशासनको काममा ध्यान नदिएको उनको आरोप थियो।

# सरकारले सामाजिक सुरक्षाको प्रत्याभूतिमा जोड दिनुपर्छ : नेपाल

**काठमाडौं**/ एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले सामाजिक सुरक्षाको प्रत्याभूति हुनुपर्नेमा जोड दिएका छन्। वाम-लोकतान्त्रिक गठबन्धनको सरकारले विकास निर्माण र जनजीविकाको सवाल सम्बोधन गर्दै अगाडि बढ्नुपर्नेमा जोड दिए।

एकीकृत ट्रेड युनियनको महाधिवेशन सोमबार उद्घाटन गर्दै नेपालले वामपन्थी र लोकतान्त्रिक गठबन्धन सरकारसँग जनताले धेरै अपेक्षा गरेको बताए। 'वामपन्थको भविष्य छ, श्रमजीवी सर्वहारा जनताको भविष्य छ। भ्रष्टाचार अन्त्य, सुलभ सेवा प्रवाह, जनताको पीडा सम्बोधन गर्दै अगाडि बढ्नुपर्छ,' उनले भने। लामो संघर्षपछि संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्त भएको भन्दै नेपालले संविधानमा उल्लेख गरिएका मौलिक हक जनताले सहजै प्राप्त गर्नुपर्ने बताए। श्रमलाई सम्मान गर्दै अगाडि बढ्नुपर्नेमा उनले जोड दिए।

वामपन्थी बिग्रिएपछि दक्षिणपन्थी बन्ने गरेका उदाहरण रहेको भन्दै नेपालले सक्कली र नक्कली वामपन्थी चिन्न आग्रह गरे। '०७४ मा वामपन्थीले झन्डै दुईतिहाइ बहुमत प्राप्त गरेका थिए। तर, नेताको बुद्धि बिग्रिएपछि वामपन्थी दक्षिणपन्थी बन्न पुग्दोरहेछ। सेवामुखी होइन, पीडामुखी बन्न पुग्दोरहेछ। केशरजंग रायमाझीले कम्युनिस्ट पार्टीलाई दरबारको पोल्टोमा पुऱ्याइदिए। असल हो कि कमसल हो हेर्नुपर्छ। हेर्दा उस्तैउस्तै हुन्छ। नक्कली र सक्कलीलाई छुट्याउनुपर्छ,' उनले भने।

## सरकारमा गएर...

« पृष्ठ १ बाट क्रमशः

केन्द्रीय समिति ३९ सदस्यीय छ। प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सरकारमा सहभागी हुन आग्रह गरेपछि रास्वपाले केन्द्रीय सदस्य र सांसदको धारणा बुझ्ने प्रक्रिया थालेको थियो। सोहीक्रममा सोमबर बसेको केन्द्रीय समिति बैठकमा धेरैजसो सदस्यले अर्को चुनावमा बहुमत ल्याउन सरकारमा गएर उत्कृष्ट काम गर्नैपर्ने धारणा राखेका हुन्।

तर, रास्वपाले सरकारमा जाने या सरकारलाई दिएको समर्थन फिर्ता गरेर प्रतिपक्षमै बस्नेबारे ठोस निर्णय भने शुक्रवार गर्दै छ। केन्द्रीय समितिको बैठकले यस विषयमा परिपक्व निर्णय गर्न चार दिनपछि निर्णायक बैठक बोलाएको महामन्त्री डा. मुकुल ढकालले बताए। महामन्त्री ढकालका अनुसार रास्वपा सरकारमा गए सत्तागठबन्धनभित्र शक्तिबाँडफाँटको सन्तुलन मिलाउने जिम्मा प्रधानमन्त्री स्वयंले लिएका छन्।

आइतबार बिहान प्रधानमन्त्री प्रचण्डले रास्वपा सभापति रवि लामिछानेसँग औपचारिक रूपमा सरकारमा आउन प्रस्ताव गरेका थिए। उपनिर्वाचनमार्फत पुनः सांसद निर्वाचित भएर आएपछि प्रधानमन्त्री प्रचण्डले उनलाई यसअघि पाएको गृह मन्त्रालय नै दिन तयार भएको लामिछानेले सोमबारको बैठकमा 'ब्रिफ' गरेका थिए। नीति तथा कार्यक्रमबाट हटाइएको 'भ्रष्टाचारको फाइल खोल्ने' बुँदा थप्न पनि प्रधानमन्त्री सकारात्मक रहेको उनले बताएका थिए।

महामन्त्री ढकालका अनुसार बैठकमा कसैलाई पनि एकपक्षीय धारणा राख्न दिइएन। सबैलाई सरकारमा जाँदा र प्रतिपक्षमा बस्दा दुवैका फाइदा-बेफाइदा अनिवार्य राख्न भनिएको थियो। बैठकमा बोल्ने केन्द्रीय समितिका अधिकांश सदस्यले सरकारमा जाँदा उत्कृष्ट कार्यसम्पादन गरेर जनताको मन जित्न सकिने बताएका थिए। तर, सँगसँगै अधिकांशको आशंकाप्रतिकूल राजनीतिक अवस्था र सरकारको स्थिरतालाई लिएर थियो।

'हामीसँग अब्बल सांसद छन्। अवसर पाउँदा कस्तो काम गर्‍यौं, त्यो एक महिनामै देखिएकै छ, त्यसैले प्रतिपक्षमा बसेर आवाज उठाउनुभन्दा सरकारमा सहभागी भएर जनतालाई डेलिभरी दिँदा अर्को चुनावमा बहुमत सिट जित्ने पार्टीको लक्ष्य पूरा हुने धेरैको मत थियो,' महामन्त्री ढकालले भने, 'चार वर्षपछि भोलि चुनावमा जाँदा काम के गरिस् भनेर जनताले प्रश्न गर्न सक्छन्, त्यसैले पनि स्थिर सरकारको ग्यारेन्टी र काम गर्न सक्ने स्वतन्त्र वातावरण बनेको अवस्थामा सरकारमा जाँदा नै फाइदा हुने साथीहरूको मत थियो।'

त्यस्तै, कतिपयले बदलिँदो राजनीतिक परिस्थितिमा सरकारको स्थिरताका लागि तत्काल सरकारमा जान आवश्यक रहेको बताए। स्थिरताको सुनिश्चितता नभएसम्म सरकारमा जानु रास्वपाका लागि हानिकारक धेरैजसोको मत थियो। त्यस्तै, प्रतिपक्षमा बस्दाको फाइदा-बेफाइदाको मत राख्ने क्रममा अधिकांशले बलियो प्रतिपक्ष बन्दा सदनमा जनताको आवाज बन्न सकिने बताएका थिए। सदनमा आवश्यक बलियो प्रतिपक्षको भूमिका रास्वपाले मात्रै निर्वाह गर्न सक्ने उनीहरूको मत थियो। 'विगतमा जसरी राजनीतिक जालझेलका कारण गठबन्धन फेरबदल भयो, भोलि पनि त्यस्तै परिस्थिति बनेर फस्ने अवस्था हुन सक्छ भन्ने मत धेरैको आयो,' महामन्त्री ढकालले भने, 'अहिले सदनमा कोही पनि बलियो प्रतिपक्ष भएनन्। त्यो अभाव हामी पूरा गरौं। यसरी पनि जनताको मन जित्न सकिन्छ भन्ने साथीहरूको तर्क थियो।'

तर, रास्वपाका अर्का एक नेताका अनुसार बैठकमा प्रतिपक्षमा बसेर बोल्नुभन्दा सरकारमा गएर जनताको काम गर्न सक्दा बढी प्रभावकारी हुने सदस्यहरूको मत थियो। 'जनताले हामीबाट धेरै अपेक्षा राखेका छन्। अहिले प्रतिपक्षमा बस्यौं भने भोलि चार वर्षपछि चुनावमा जाँदा जनताले खोइ काम भनेर प्रश्न गर्न सक्छन्। त्यतिवेला हामीसँग हुनुपर्ने जवाफका लागि सरकारमा गएर काम गर्नु बढी प्रभावकारी हुन्छ भन्ने बहुमतको धारणा थियो,' ती नेताले भने।

बैठकको अन्त्यमा सभापति लामिछानेले 'सशक्त प्रचण्ड'सँग सहकार्य गर्न तयार रहेको बताएका थिए। 'सशक्त प्रचण्डसँग सहकार्य गर्न तयार हो, तर मरेको निरहीसँग सहकार्य गर्न सकिँदैन। अहिलेको प्रचण्डचाहिँ निरहीजस्तै देखिनुभएको छ। पुरानो प्रचण्ड जागेको अवस्थामा सहकार्य हुन सक्छ,' बैठकमा लामिछानेको भनाइ रहेको एक सदस्यले बताए। उनका अनुसार यो रायप्रति बहुमत सदस्यले ताली बजाएर समर्थन गरेका थिए।

### लामिछाने फेरि संसदीय दलको नेता, सचेतकमा डाँगी

चितवन २ मा भएको उपनिर्वाचनमार्फत पुनः सांसद निर्वाचित भएर आएका रास्वपाका सभापति रवि लामिछाने फेरि संसदीय दलको नेता चयन भएका छन्। सोमबार केन्द्रीय समितिको सिफारिसअनुसार संसदीय दलको बैठकले लामिछानेलाई सर्वसम्मत दलको नेता चयन गरेको हो। १३ माघमा नागरिकता मुद्दाका कारण सर्वोच्च अदालतको फैसलाले एकसाथ लामिछानेको गृहमन्त्री, सांसद र पार्टी सभापति गुमेपछि उपसभापति डिपी अर्याल संसदीय दलको नेता बनेका थिए। १० वैशाखमा भएको उपनिर्वाचनमा लामिछाने पुनः सांसद निर्वाचित भएर आएपछि अर्याललले शनिबार दलको नेताबाट राजीनामा दिएका थिए।

त्यसैै, रास्वपाको सचेतकमा सांसद निशा डाँगी नियुक्त भएकी छिन्। सोमबार संसदीय दलको बैठकले डाँगीलाई सचेतकको जिम्मेवारी दिएको रास्वपाका प्रमुख सचेतक सन्तोष परियारले जानकारी दिए। डाँगी समानुपातिकतर्फबाट रास्वपामा प्रतिनिधिसभा सांसद बनेकी थिइन्।

### रास्वपाले तोक्यो ३७ विभाग प्रमुख, अर्थमा स्वर्णिम वाग्ले

रास्वपाले विभिन्न ३७ वटा विभाग गठन गर्दै विभागीय प्रमुख तोकेको छ। जसअनुसार तनहुँ २ बाट हालै सांसद निर्वाचित भएर अर्थशास्त्री स्वर्णिम वाग्लेलाई अर्थनीति विभाग प्रमुख तोकिएको छ। त्यस्तै, पार्टी महामन्त्री डा. मुकुल ढकाललाई नीति तथा विचार र प्रशिक्षण विभागको जिम्मेवारी दिइएको छ। पार्टीका सहमहामन्त्री कवीन्द्र बुर्लाकोटीलाई संगठन विभाग प्रमुख तोकिएको छ।

त्यस्तै, विपिन आचार्यलाई अभियान तथा प्रचार-प्रसार, शिशिर खनाललाई अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन तथा संस्कृति, डोलप्रसाद अर्याललाई प्रवास नेपाली सम्पर्क, कुसुम महर्जनलाई मानवीय विकास प्रवर्द्धन, रामकृष्ण भट्टराईलाई उत्पादन प्रवर्द्धन, दीपक बोहोरालाई जनसम्पर्क, हरि ढकाललाई भ्रष्टाचार निवारण तथा सुशासन प्रवर्द्धन, डा. चन्दा कार्कीलाई गुनासो व्यवस्थापन, डा. अनरिको पाण्डेलाई विकास योजना तथा नीति तर्जुमा, मनीष झालाई तथ्यांक अनुसन्धान तथा अभिलेखीकरण र सार्वजनिक लेखा समीक्षा, गणेश कार्कीलाई विधेयक मन्थन, सोबिता गौतमलाई कानुन तथा न्याय विभाग, सुमना श्रेष्ठलाई शिक्षा र विज्ञान, सञ्चार तथा सूचना प्रविधि, डा. तोसिमा कार्कीलाई स्वास्थ्य तथा जनसंख्या र युवा तथा खेलकुद, अशोक चौधरीलाई कृषी र सहकारी, विराजभक्त श्रेष्ठलाई मुद्रा तथा पुँजी बजार, गणेश पराजुलीलाई उद्योग तथा वाणिज्य विभाग प्रमुख तोकिएको छ।

त्यसैगरी, असिम शाहलाई श्रम तथा उपभोक्ता हित, शिव नेपालीलाई यातायात, निशा डाँगीलाई पूर्वाधार विकास अनुगमन, सन्तोष परियारलाई मानव अधिकार, विनिता कठायतलाई वन, वातावरण तथा प्राकृतिक स्रोत र लक्ष्मी तिवारीलाई महिला तथा सामाजिक विकास विभाग प्रमुख तोकिएको छ।

## आठ वर्षपछि...

« पृष्ठ १ बाट क्रमशः

खुला भए पनि खासापट्टि ड्युटी फ्री नभएकाले बढी कर तिर्नुपर्ने बाध्यता रहेको बताए।

नाका खुले पनि मानिस आवतजावत तत्काल नहुने अवस्था छ। निकासी भएका सामान नेपाली पक्षले सीमासम्म पुऱ्याउने र पारिबाट चिनियाँ व्यापारीले बुझ्ने प्रणाली लागू हुनेछ। भूकम्पले लडेका खासाका सरकारी कार्यालय र निजी आवास पुनर्निर्माण सम्पन्न भएका छैनन्। वर्षौंदेखि खासा बसेका स्थानीय अझै घर फर्केका छैनन्। हाल खासामा खाने, बस्ने होटेल र रेस्टुरेन्ट नभएकाले मानिस आवतजावत सम्भव छैन। नेपाली कन्टेनर लगेर राख्ने खासा पार्किङ गत वर्षको पहिरोले पुरेकाले त्यसको पुनर्निर्माण गर्न चीन सरकारले भर्खर टेन्डर निकालेको छ। खासामा बस्ने चिनियाँ सरकारी अधिकारीका अनुसार नाका पूर्ववत् सञ्चालन हुन अझै ६ महिना लाग्छ।

निकासी चेकजाँच, अध्यागमन र क्वारेन्टिनको सबै पूर्वाधार भने तयार भइसकेका छन्। तातोपानी क्षेत्रमा रहेका धेरैजसो सरकारी कार्यालय भने पूर्वाधारविहीन छन्। भूकम्पमा बचेको पुरानो भन्सार भवनमा अध्यागमन कार्यालय कोदारीका कर्मचारीले नियमित काम सुरु गरेका छन्। खासाका बासिन्दा र सरकारी कार्यालयको घर पुनर्निर्माण गर्न पनि टेन्डर निस्केको छ।

अध्यागमनका कर्मचारी तिलक मगरले खासा क्षेत्र प्रवेशका लागि आवश्यक कागजात तयार पार्ने काम सुरु भएको बताए। आयात-निर्यात व्यवस्थित पार्न सीमा सुरक्षामा रहेका प्रहरीले गस्ती बढाएका छन्। 'निकासीका लागि भन्सार, क्वारेन्टिन र सम्बन्धित व्यापारी तयारी अवस्थामा रहेका छन्,' भन्सार प्रमुख केसीले भने। अहिले हस्तकला र तयारी सामग्री जाने भएकाले सम्बन्धित कम्पनीको सिफारिस भए पुग्छ। खाद्यान्न, तरकारी, फलफूल र मासुजन्य वस्तु पठाउन पनि क्वारेन्टिन तयारी अवस्थामा रहेको केसीले बताए।

भूकम्पपछि चीन सरकारले झाङ्मुपोर्ट (खासा) पुनर्निर्माण सुरु गरेको थियो। तर, कोरोना महामारीले सबै प्रोजेक्ट रोकिए। अहिले निकासी नियमित गर्नुपर्ने दबाबले पुनर्निर्माणलाई तीव्र पारिएको छ। चिनियाँ क्षेत्रका व्यापारीसँग निरन्तर संवादमा रहेका सिन्धुपाल्चोक उद्योग वाणिज्य संघका अध्यक्ष राजकुमार बस्नेतका अनुसार आउँदो डिसेम्बरसम्म सम्पूर्ण रूपले पुनर्निर्माण सकिनेछ। काठमाडौंबाट सबैभन्दा नजिक पर्ने भएकाले तातोपानीबाट आयात-निर्यात गर्दा व्यापार घाटा कम हुने उनले बताए।

त्यस्तै, हुम्लाको हिल्सा नाका पनि सोमबारदेखि दुईतर्फी खुला भएको छ। मानिस र कार्गो ओहोर-दोहोरका लागि औपचारिक रूपमा नाका खुला भएको हुम्लाका प्रमुख जिल्ला अधिकारी श्रीनाथ पौडेलले बताए। पौडेलका अनुसार नाका खुलेसँगै सोमबार १८ नेपाली तिब्बत गएका छन्। हिल्सामा अध्यागमन अधिकारी र सशस्त्र प्रहरीका अधिकृत तथा चिनियाँ अधिकारीको सहभागितामा नाका सञ्चालनको सुरुवात गरिएको थियो। कोरोना महामारी भएसँगै तीन वर्षदेखि बन्द यो नाका कैलाश मानसरोवर जाने प्रमुख रुट हो।


**नबिल बैंक लिमिटेड, बुटवल शाखा, रुपन्देही तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना**

(प्रकाशित मितिः २०८०/०१/१९)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै बास्ता नगरी चासो नदेखाई ऋण दायित्व फछ्यौंट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचना द्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ। साथै, सवारी साधनको हकमा उक्त सवारी साधन बैंकको नाममा दर्ता रहेको र सो सवारी साधनको स्वामित्व बैंकमा रहेकोले कसैले अनधिकृत रुपमा प्रयोग गरिरहनुभएको छ भने यथासिघ्र बैंकमा बुझाउनु होला। अन्यथा अनधिकृत रुपमा बैंकको सवारी प्रयोग गर्नु भए उपर प्रचलित कानून बमोजिम कारवाही गर्न बैंक बाध्य हुने समेत जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

**तपसिल**

**ऋणी कम्पनीको नाम र ठेगानाको विवरण**

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७५/०४/१३ मा दर्ता नं. १९४३१५/०७५/०७६ अन्तर्गत दर्ता भएको **श्री कानुड ढुवानी सेवा प्रा. ली.** ।
ठेगानाः रुपन्देही जिल्ला बुटवल उ.म.न.पा वडा नं. ३, बुटवल रुपन्देही ।

**ऋणी कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. मन विर दिसुवा मगरको नाति हुम बहादुर दिसुवा मगरको छोरा पाल्पा जिल्ला बिरकोट गा.वि.स. वडा नं. ५ स्थायी घर भइ हाल रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ३ बस्ने, ना.प्र.नं.३९१०४४/५३३ (जारी मितिः २०६७/१२/१०, स्थान पाल्पा) भएका **श्री चतुर बहादुर दिसुवा मगर** ।

२. जंग बहादुर थापाको छोरी, हुम बहादुर दिसुवा मगरको बुहारी चतुर बहादुर दिसुवा मगरको श्रीमती पाल्पा जिल्ला बिरकोट गा.वि.स. वडा नं. ५ स्थायी घर भइ हाल रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ३ बस्ने ना.प्र.नं. ८२४४३ (जारी मितिः २०५७/०६/०८, स्थान पाल्पा) भएका **श्रीमती पार्वती दिसुवा मगर** ।

३. मन विर दिसुवा मगरको नाति हुम बहादुर दिसुवा मगरको छोरा पाल्पा जिल्ला बिरकोट गा.वि.स. वडा नं. ५ स्थायी घर भइ हाल रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ३ बस्ने, ना.प्र.नं.६१७८५ (जारी मितिः २०५३/०९/२५, स्थान पाल्पा) भएका **श्री प्रेम बहादुर दिसुवा मगर** ।

४. कमल प्रसाद श्रेष्ठको छोरी, शेर बहादुर रानाको बुहारी जहर सिंह रानाको श्रीमती रुपन्देही जिल्ला शंकरनगर गा.वि.स. वडा नं. ६ स्थायी घर भइ हाल रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. ४ बस्ने ना.प्र.नं. २३२७१ (जारी मितिः २०६०/०८/२१, स्थान रुपन्देही) भएका **श्रीमती धन माया राना** ।

५. डण्डबीर रानाको नाति शेर बहादुर रानाको छोरा, रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. ४ बस्ने ना.प्र.नं. ३७-०२-७३-०२७१४ (जारी मितिः २०७३/०३/२९, स्थान रुपन्देही) भएका **श्री जहर सिंह राना** ।

६. गोपि रानाको नाति डण्डबीर रानाको छोरा, रुपन्देही जिल्ला शंकरनगर गा.वि.स वडा नं. ६ स्थायी घर भइ हाल रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. ४ बस्ने ना.प्र.नं. ३७२०१३/५०७१७ (जारी मितिः २०३८/११/२०, स्थान रुपन्देही) भएका **श्री शेर बहादुर राना** ।

७. रन बहादुर कामुको छोरी, हुम बहादुर दिसुवा मगरको बुहारी प्रेम बहादुर दिसुवा मगरको श्रीमती पाल्पा जिल्ला बिरकोट गा.वि.स. वडा नं. ५ स्थायी घर भइ हाल रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ३ बस्ने ना.प्र.नं. २/८३५७ (जारी मितिः २०६३/०८/२८, स्थान पाल्पा) भएका **श्रीमती अम्बिका दिसुवा** ।

८. मिनराम दिसुवा मगरको नाति मन विर दिसुवा मगरको छोरा, पाल्पा जिल्ला बिरकोट गा.वि.स. वडा नं. ५ स्थायी घर भइ हाल रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ३ बस्ने ना.प्र.नं. २८६३ लु. पा. २२३०३ (जारी मितिः २०४४/१/२९, स्थान पाल्पा) भएका **श्री हुम बहादुर दिसुवा मगर** ।

९. करण बहादुर बारघरेको नाति हुम बहादुर बारघरेको छोरा, पाल्पा जिल्ला बिरकोट गा.वि.स. वडा नं. ४ स्थायी घर भइ हाल रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ३ बस्ने ना.प्र.नं. १०६८ (जारी मितिः २०४४/११/०१, स्थान पाल्पा) भएका **श्री थर्क बहादुर बारघरे** ।

१०. नर बहादुर सारुको छोरी, हुम बहादुर बारघरेको बुहारी थर्क बहादुर बारघरेको श्रीमती पाल्पा जिल्ला पुर्वखोला गा.पा. वडा नं. ५ स्थायी घर भइ हाल रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ३ बस्ने ना.प्र.नं. ३९-०१-७४-०८६०२ (जारी मितिः २०७४/११/१८, स्थान पाल्पा) भएकी **श्रीमती मायासरा बारघरे** ।

**धितोको विवरणः**

**धितोमा रहेको घर/जग्गाको विवरणः**

१. रुपन्देही जिल्ला शंकरनगर गा.वि.स वडा नं. ६ स्थायी घर भइ हाल रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. ४ बस्ने **श्री शेर बहादुर रानाको** नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का

मंगलबार १९ वैशाख ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०

# एसिसी प्रिमियर कप फाइनल 'रिजर्भ डे'मा

फाइनल 'रिजर्भ डे'मा जाँदा युएईले २७.३ ओभरमा ९ विकेट गुमाउँदै १०६ रन बनाएको छ, आज यहींबाट ब्याटिङ गर्दै छ। धारिलो बलिङ गरेको नेपालको सहजै जित निकाल्ने योजना छ। वर्षाका कारण खेलै नभए नेपाल वरीयताअनुसार सीधै एसिया कपमा छनोट हुनेछ।

**रमेश सुवेदी**/नयाँ पत्रिका

एसिसी प्रिमियर कपको फाइनल खेल मंगलबार 'रिजर्भ डे'मा हुने भएको छ। घरेलु टोली नेपाल र युएईले सोमबार त्रिभुवन अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा उपाधिका लागि प्रतिस्पर्धा गरेका थिए। तर, पहिलो ब्याटिङको क्रममा इनिङ्सको २७.३ ओभरपछि खेल रोकियो। वर्षाका कारण खेल अगाडि बढाउन नसकिएपछि फिल्ड अम्पायर विनोद बाबु र राहत अलीले दिउँसो ३ बजेपछि नेपाल र युएईबीचको फाइनल खेल रिजर्भ डेमा गर्ने निर्णय गरे। खेल रोकिँदा टस हारी पहिलो ब्याटिङ गरेको युएईले आज १०६-९ को स्थितिबाट बिहान ९ बजे खेल सुरु गर्नेछ।

इनिङ्सको १६औँ ओभर चलिरहँदा पहिलोपटक वर्षाले खेल रोकियो। यसवेला युएई ६०-६ को कमजोर अवस्थामा थियो। निरन्तर वर्षा भइरहँदा प्राविधिकहरूले आउटफिल्ड र मुख्य पिचलाई त्रिपालले ढाकेका थिए। दोस्रोपटकको भारी वर्षाले खेल रोकिँदा हजारौँ दर्शक निराश हुँदै घर फर्किए। एसियन क्रिकेट परिषद् (एसिसी)ले फाइनल खेलमा पनि वर्षा हुने भएपछि 'रिजर्भ डे' (रोकिएको खेल अर्को दिन हुने) नियम बनाएको छ। यसअघि दुई सेमिफाइनल र तेस्रो स्थानको खेल पनि वर्षाले प्रभावित भएका थिए।

## आज पनि वर्षा भए के हुन्छ ?

युएईको पूरा इनिङ्सपछि नेपालले लक्ष्य पछ्याउनेछ। मंगलबारसमेत वर्षा हुने पूर्वानुमान गरिएको छ। वर्षाले खेल रोकिएको खण्डमा एसिसीले विजेता टोली घोषणा गर्न विभिन्न नियम बनाएको छ। रिजर्भ डेमा पनि वर्षा हुँदा खेलको छिनोफानो सुपर ओभरबाट हुन सक्छ। डिएलएस प्रणालीबाट नतिजा निकाल्न दोस्रो इनिङ्सको खेल २० ओभर पूरा हुनुपर्छ। यो अवस्थामा दोस्रो ब्याटिङ गरेको टोलीले नयाँ लक्ष्य प्राप्त गर्नेछ। दोस्रो ओभरको खेल २० ओभर नहुँदा खेलको नतिजा सुपर ओभरबाट हुने प्रावधान रहेको छ।

सुपर ओभरसमेत खेल खेलाउन नसक्ने अवस्था भए 'नो रिजल्ट'का आधारमा विजेता घोषणा हुनेछ। फाइनलको नो रिजल्टमा एकदिवसीय वरीयताका आधारमा विजेता घोषणा हुनेछ। नेपाल र युएईले आइसिसीको एकदिवसीय वरीयता प्राप्त गरेका छन्। यस्तो समीकरणमा नेपाल आइसिसीको एकदिवसीय वरीयतामा युएईभन्दा माथि रहेकाले सीधै एसिया कप खेल्नेछ। नेपाल वरीयतामा १४औँ र युएई १९औँ स्थानमा रहेका छन्।

एसिसी प्रिमियर कपको विजेताले सेप्टेम्बरमा हुने एसिया कपको समूह 'ए'मा भारत र पाकिस्तानसँग खेल्ने अवसर पाउनेछ। नेपाल र युएईको लक्ष्य नै एसिया कप खेल्ने हो।



युएईका खेलाडीलाई आउट पारेपछि नेपाली टोली खुसियाली मनाउँदै। तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

## नेपालको सानदार प्रदर्शन

नेपालले ३.१ ओभरमा पहिलो विकेट हात पाऱ्यो। तीव्र गतिका बलर सोमपाल कामीले ११ रनमा खेलिरहेका कप्तान मुहम्मद वासिमलाई पेभिलियन फर्काए। ४.५ ओभरमा युएईले दोस्रो विकेट गुमायो। आठ रन जोडेका भृत्या अरविन्दालाई करण केसीले विकेटकिपर आसिफ शेखबाट क्याच गराए। ८.१ ओभरमा तेस्रो विकेट गुमाएको युएई दबाबमा देखियो। अर्का ओपनर आर्यनलाई करणले आरिफको हातबाट क्याच गराए। इनिङ्सको ९.१ ओभरमा युएई ३५-४ को अवस्थामा रह्यो। रोहन मुस्तफालाई सन्दीप लामिछानेले कुशल मल्लबाट क्याच गराए।

## ह्याट्रिकको प्रतीक्षामा ललित



टस हारी फिल्डिङ रोजेको नेपाली बलरले उत्कृष्ट बलिङ प्रदर्शन गरेका थिए। नेपाली सबै बलरले घातक बलिङ गरेका कारण नै बलियो युएईको ब्याटिङ कमजोर देखिएको हो। बलिङमा मात्र नभएर नेपाली खेलाडीले फिल्डिङमा समेत उत्कृष्ट प्रदर्शन गरे। नेपालका ललित राजवंशीले सर्वाधिक तीन विकेट लिएका छन्। ललित अहिले ह्याट्रिकनजिक छन्। वर्षाले खेल रोकिनुअघि ललितले इनिङ्सको २७.२ ओभरमा आसिफ खानलाई आरिफ खानबाट क्याचआउट गराए। त्यसपछि इनिङ्सको २७.३ ओभरमा उनले जाहुर खानलाई आसिफबाट क्याचआउट गराउँदै लगातार बलमा विकेट लिए। रिजर्भ डेमा ललितले नै बलिङ गर्नेछन्। उनले फ्याँकेको पहिलो बलमै विकेट लिँदा ह्याट्रिक पूरा हुनेछ। अहिलेसम्म ललितले ४.३ ओभरमा एक मेडनसहित पाँच रन खर्चिएका छन्।

## एसिया कप अन्योलमा

त्रिवि मैदानमा नेपाल र युएई सेप्टेम्बरमा एसिया कपमा सहभागी हुन प्रतिस्पर्धा गरिरहेका छन्। तर, पाकिस्तानमा एसिया कप २०२३ हुने वा नहुने भन्ने अन्योलपूर्ण स्थिति उत्पन्न भएको छ। प्रतियोगितामा सहभागी भारतले पाकिस्तानमा गएर नखेल्ने अडान राखेको छ। पाकिस्तानबाहेक अन्य राष्ट्र (तटस्थ भूमि)मा आफू खेल्न राजी भएको भारतीय पक्षको भनाइ छ। भारतीय क्रिकेट बोर्ड (बिसिसिआई)ले पाकिस्तानमा आफ्ना खेलाडीले भाग नलिने जनाएको छ। पाकिस्तानले भने प्रतियोगिता आफ्नै भूमिमा हुनुपर्ने र आयोजना गर्न तयार भएको जनाएको छ।



पाकिस्तान क्रिकेट बोर्ड (पिसिबी)ले आफ्नो अडान त्यागेको छैन।

पिसिबीले गत महिना भएको एसियन क्रिकेट काउन्सिल (एसिसी)को बैठकमा एसिया कपका लागि हाइब्रिड मोडल प्रस्तुत गरेको थियो। जसअन्तर्गत अन्य टोलीले पाकिस्तानमा खेल्नेछन् भने भारतीय टोलीले अर्को देशमा खेल्ने प्रस्ताव गरेको छ। गत महिना पिसिबीका अध्यक्ष नजम सेठीले हाइब्रिड मोडल प्रस्तुत गर्दा एसिसीका अध्यक्ष जय शाहले सोही मोडलमा चासो देखाएका थिए।

शाहले एसिया कपको स्थल टुंगो लगाउन काउन्सिलले अन्य सहभागी देशको सुझावको प्रतीक्षा गरिरहेको बताएका थिए। 'हामी २०२३ को एसिया कपका लागि स्थान र भारत-पाकिस्तान खेलको बारेमा स्पष्टतालाई अन्तिम रूप दिन अन्य राष्ट्रको प्रतिक्रियाको पर्खाइमा छौं,' शाहले भनेका छन्। यसैबीच, भारतीय मिडियाले एसिया कप सेप्टेम्बरमा पाकिस्तानमा हुन नसक्ने र युएईले आयोजना गर्न सक्ने दाबी गरेका छन्। श्रीलंकाले प्रतियोगिता आयोजनाका लागि तयार रहेको धारणा राखेको छ। यता, पाकिस्तानले एसिया कप पाकिस्तानमै आयोजना गर्नुबाहेक अन्य कुनै पनि विकल्पको पक्षमा आफूहरू नरहेको स्पष्ट पारेको छ। भारत र पाकिस्तानबीचको यही खिचातानीले एसिया कप आयोजना अन्योलमा परेको हो।

## खेल संक्षेप

### एसियन जोनलमा सहभागी हुँदै नेपाल

**काठमाडौं**/ बंगलादेश बुद्धिचाल संघको आयोजनामा १९ देखि २८ वैशाखसम्म हुने एसियन जोनल ३.२ चेस च्याम्पियनसिपमा नेपालका फिडे मास्टर रुपेश जैसवाल र महिला फिडे मास्टर सुजना लोहनीले प्रतिस्पर्धा गर्ने भएका छन्। वैशाखमै काठमाडौंमा भएको राष्ट्रिय बुद्धिचाल प्रपियोगिताको विजेताद्वय रुपेश र सुजनाले बंगलादेश, माल्दिभ्स, श्रीलंका, पाकिस्तान र भुटानका खेलाडीविरुद्ध प्रतिस्पर्धा गर्नेछन्। खुलातर्फ २१४९ रेटेड खेलाडी रुपेशले प्रतियोगितामा १२औँ वरीयता प्राप्त गरेका छन्। महिलातर्फ नवौँ स्थानमा रहेकी सुजनाको १७४३ रेटेड छ।



यसैबीच, दोलखा चेस होम क्लबको आयोजनामा ५ देखि ९ जेठसम्म चरिकोटमा दोलखा ओपन अन्तर्राष्ट्रिय बुद्धिचाल प्रतियोगिता हुने भएको छ। कालिन्चोक सेकेन्डरी स्कुलमा हुने प्रतियोगिताका विजेता खेलाडीले एक लाख, उपविजेताले ६० हजार र तेस्रो हुनेले ४० हजार रुपैयाँ हात पार्नेछन्। प्रतियोगितामा ४७ जना खेलाडी पुरस्कृत हुनेछन्। प्रतियोगितामा नेपाल, भारत, बंगलादेश, पाकिस्तान, श्रीलंका, फ्रान्स र अमेरिकाका खेलाडीले भाग लिनेछन्।

### मैत्रीपूर्ण खेलमा एपिएफ विजयी

**काठमाडौं**/ सशस्त्र प्रहरी बलको एपिएफ टोलीले सोमबार मैत्रीपूर्ण फुटबल प्रतियोगितामा सञ्चारकर्मीलाई २-१ ले हराएको छ। सशस्त्र प्रहरी प्रधान कार्यालय हलचोक मैदानमा भएको खेलमा सञ्चारकर्मीले अग्रता लिएको थियो। सञ्चारकर्मी टोलीले आफ्नो अग्रता रक्षा गर्न नसक्दा एपिएफसँग पराजित भयो। पहिलो हाफमा उजिर कार्कीको गोलमा सञ्चारकर्मीले १-० को अग्रता लिएको थियो। दोस्रो हाफमा एपिएफका लागि गणेश लावतीले १-१ को बराबरी गरे। खेलको अन्तिम समयमा एपिएफका महानिरीक्षक राजु अर्यालले २-१ को निर्णायक गोल गरे।

### ठकुरी स्मृति तेक्वान्दो शुक्रबारदेखि

**काठमाडौं**/ श्री सुन्दरी माई तेक्वान्दो डोजाङ नेपालको आयोजनामा प्रथम चक्रबहादुर ठकुरी स्मृति जिल्लास्तरीय तेक्वान्दो प्रतियोगिता शुक्रबारदेखि हुने भएको छ। गोकर्णेश्वर नगरपालिकाको प्रायोजनमा हुने प्रतियोगितामा विभिन्न २० डोजाङका २ सय ६० पुरुष र २ सय महिला खेलाडीले भाग लिने प्रतियोगिताका संयोजक सुवासचन्द्र गौतमले जनाएका छन्। गेरोगीमा २१ तथा पुम्से (एकल)मा २ गरी जम्मा २३ स्वर्णका लागि प्रतिस्पर्धा हुनेछ। प्रतियोगिताको उत्कृष्ट पुरुष र महिला खेलाडीले पाँच हजार पुरस्कार पाउनेछन्। दुई दिनसम्म चल्ने प्रतियोगिताको बजेट पाँच लाख रहेको छ। गोकर्णेश्वर नगरपालिका वडा १ को सुन्दरीजलस्थित ओखेनी माविमा खेल हुनेछ।

# बक्सिङको प्रारम्भिक छनोट सुरु



**नयाँ पत्रिका**
**काठमाडौं, १८ वैशाख**

नेपाल बक्सिङ संघले चीनको हाङझावमा हुने १९औँ एसियाली खेलकुदका लागि बक्सिङको प्रारम्भिक छनोट प्रतियोगिता सोमबारदेखि सुरु गरेको छ। सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुद परिसरमा पुरुष ५१ केजी तौलसमूहको क्वार्टरफाइनलमा नेपाल प्रहरीका चन्द्रबहादुर थापाले एचटुओका लालप्रसाद उप्रेतीमाथि ४-३ अंकका आधारमा जित निकाले। सोही तौलसमूहमा एपिएफका प्रदीप महर्जनले पाँचथरका फुङ्लाङ काम्बाङलाई आरएससीका आधारमा हराए। बक्समाण्डुका लक्ष्मण राईले रुकुमका जीवन पुनमगरलाई ५-० अंकले पाखा लगाए। आर्मीका सुशील थापाले ललितपुरका खेलाडी चिरन्जीवी खड्कालाई ५-० अंकका आधारमा हराए।

पुरुष ५७ केजीमा बाँकेका खेलाडी इन्द्र सुनारले केओका प्रणालीमा एपिएफका पुरन राईमाथि जित निकाले। आर्मीका पुरन सुनुवारले नुवाकोटका नीराजन मोक्तानलाई सहज अंकमा निराश पारे। पुरुष ६३.५ केजीमा प्रहरीका निकेश देसारमाथि आरएससीका आधारमा मकवानपुरका सोहन राईले जित हासिल गरे। पुरुष ७१ केजीमा लुम्बिनीका विकास रानाले नक्साल बक्सिङ क्लबका अश्विनधिरण श्रेष्ठलाई ४-३ को स्कोरमा पराजित गरेका छन्।

आर्मीका दीपेश लामाले बक्समाण्डुका दावाछिरिङ लामालाई ४-१ स्कोरमा पाखा लगाए। एपिएफका विक्रम चौधरीले स्विट साइन्स बक्सिङ क्लबका नीराजन नेपालीलाई ५-० को फराकिलो अन्तरमा पराजित गरेका छन्। महिला ५० केजीमा लुम्बिनीकी माया केसीले आर्मीकी आरती बम्जनलाई ५-० ले हराइन्। स्विट साइन्सकी रमिसा श्रेष्ठले जेनेक्सकी तेजीमाया गुरुङलाई ५-० ले पाखा लगाइन्। एचटुओकी अस्मिता दुवालले प्रहरीकी रिता धरलालाई ४-३ अंकका आधारमा हराइन्। यसअघि प्रतियोगिताको उद्घाटन राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले गरेका थिए।

# अभिषेक र अभिलाषालाई टेनिस उपाधि

**नयाँ पत्रिका**
**काठमाडौं, १८ वैशाख**

अभिषेक बाँस्तोला र अभिलाषा विष्टले नवौँ सिटिजन्स बैंक खुला टेनिस प्रतियोगिततको उपाधि जितेका छन्। पुरुष एकलमा अभिषेक र महिलामा अभिलाषा च्याम्पियन बनेका हुन्। राष्ट्रिय खेलकुद परिषद् (राखेप)को टेनिस कोर्टमा भएको पुरुष फाइनलमा अभिषेकले ऋतिक राणालाई ६-० र ६-१ को सोझो सेटमा पराजित गर्दै उपाधि हात पारेका हुन्। प्रतियोगिताअन्तर्गत महिलाको उपाधि भिडन्तमा राष्ट्रिय च्याम्पियन अभिलाषाले माहिका राणालाई सीधा सेटमा ६-४ र ६-४ ले हराइन्। पुरुष र महिला च्याम्पियनले ५० हजार र उपविजेताले २५ हजार रुपैयाँ पाएका छन्।

भेट्टान ४५ वर्षमाथि पुरुष डबल्समा चन्द्र शाही र डेगेन्द्र श्रेष्ठको जोडीले फाइनलमा सुदर्शन विष्ट र राजु क्षेत्रीको जोडीलाई ५-७, ६-१ र १०-५ ले पाखा लगाउँदै पहिलो भयो। ५५ वर्षमाथि पुरुष डबल्समा कृष्णराज घले र सुवर्ण धाक्वाको जोडी च्याम्पियन बन्यो। सो जोडीले उपाधि भिडन्तमा कमल थापा र छ्याम्बा डुन्डुपको जोडीमाथि ६-० र ६-२ को सहज जित दर्ता गऱ्यो।

भेट्टान ५५ वर्षमाथि पुरुष एकलमा जीवन घिमिरे शीर्ष स्थानमा रहे। ४५ वर्षमाथि पुरुष एकलको स्वर्ण भिडन्तमा महेश श्रेष्ठले बाजी मारे। उनले फाइनलमा रोहित सुनुवारलाई ६-४, ४-६ र १०-५ ले पन्छाए। १२ वैशाखदेखि सुरु भएको प्रतियोगितामा १ सय ५२ खेलाडी सहभागी थिए। त्यसमा सबैभन्दा बढी उमेरका ७८ वर्षीय मुरारीभक्त माथेमा रहे।

# मुख्य प्रशिक्षक श्रेष्ठले मनाङ छाडे

**नयाँ पत्रिका**
**काठमाडौं, १८ वैशाख**

सहिद स्मारक ए डिभिजन फुटबल प्रतियोगितामा लगातार खराब प्रदर्शन गरिरहेको मनाङ मर्स्याङ्दीका मुख्य प्रशिक्षक किरण श्रेष्ठले सोमबार सोसल मिडियाबाट पदबाट राजीनामा दिएका छन्। श्रेष्ठको प्रशिक्षणमा मनाङ लिगमा लगातार ६ खेलमा पराजित भएको थियो। श्रेष्ठको प्रशिक्षणमा मनाङले लिगमा १३ खेलमध्ये चारमा जित र तीनमा बराबरी नतिजा निकालेको छ।

श्रेष्ठले घरायसी कारण देखाउँदै राजीनामा दिएका हुन्। यसैबीच, मनाङका अध्यक्ष विजय घलेले प्रशिक्षक श्रेष्ठले घरायसी कारणले नै पद छाडेको बताएका छन्। क्लबले उनको राजीनामा स्वीकृत गरेको घलेले बताए। लिगको पहिलो लेगमा मनाङ १५ अंकका साथ दशौँ स्थानमा छ।

श्रेष्ठको प्रशिक्षणमा मनाङ नेपाल पुलिस, खुमलटार, त्रिभुवन आर्मी, जावलाखेल, सातदोबाटो र चर्च ब्वाइजसँग पराजित भएको थियो। नेपाली राष्ट्रिय टोलीका सहायक प्रशिक्षकसमेत रहिसकेका श्रेष्ठ यसै सिजनबाट लिगकै सर्वाधिक आठपटकको विजेता मनाङको मुख्य प्रशिक्षक बनेका थिए।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

**वास्तविक कारोबार अङ्क फरक परेका (मिसम्याच) करदातालाई छुट सम्बन्धी जरूरी सूचना**

विगत आय वर्षहरुमा पुर्वानुमानित (डे01 तथा डे02) आय विवरण र कर दाखिला गरेका करदाताले आ.व. २०७७/७८ सम्मको आफ्नो कारोबार घोषणा गर्दा वास्तविक कारोबार अङ्क फरक परेको (मिसम्याच) भएमा २०७९ चैत्र मसान्तभित्र प्रत्येक आर्थिक वर्षको वास्तविक कारोबार घोषणा गरी फरक परेको विक्री रकमको १.५ प्रतिशत कर दाखिला गरेमा करदाताले घोषणा गरेको हदसम्मको कर अन्तिम हुने व्यवस्था आर्थिक ऐन, २०७९ को दफा २९ ले गरेकोमा सोको म्याद २०८० वैशाख मसान्तसम्म थप भएकोले आफू दर्ता रहेको आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा शीघ्र सम्पर्क गर्नु भई छुट सुविधाको उपयोग गर्नु हुन जानकारी गराइन्छ।

# बार्सिलोनाका कान्छा खेलाडी यामल

**म्याड्रिड**/ लमिन यामलले बार्सिलोनाका लागि आफ्नो नाममा अनौठो रेकर्ड बनाएका छन्। बार्सिलोनाबाट कम उमेरमा स्पेनिस ला लिगा फुटबल प्रतियोगितामा डेब्यु गर्ने उनी अहिलेसम्मकै कान्छा खेलाडी बनेका छन्। रियल बेटिसविरुद्ध डेब्यु गर्दा उनको उमेर १५ वर्ष दुई सय ९० दिन रह्यो। आउने जुलाईमा उनी १६ वर्षका हुनेछन्। यामल बार्सिलोनाको एकेडेमीबाट उत्पादित खेलाडी हुन्।

बार्सिलोनाका प्रशिक्षक जाभी हर्नान्डेजले यामललाई खेलको ८४औँ मिनेटमा गाभीको स्थानमा मैदान प्रवेश गरेका थिए। बार्सिलोनाको सिनियर टोलीमा डेब्यु गरेका यामल ला लिगा खेल्ने पाँचौँ कान्छा खेलाडी बने। मालोर्काका लुका रोमेरो ला लिगा खेल्ने कान्छा खेलाडी हुन्। यामलले रेकर्ड राखेको दिनै रियल बेटिसका ४१ वर्षीय विंगर जोआकिनले पनि प्रतिस्पर्धा गरेका थिए। स्पेनमा जन्मिएका यामलले सन् २०१२ देखि बार्सिलोनाको युथ टोलीबाट खेलेका थिए। उनले स्पेनको यू-१५ देखि यू-१९ राष्ट्रिय टोलीबाट खेलिसकेका छन्।

> १५ वर्ष २९० दिनमा स्पेनिस ला लिगा फुटबल प्रतियोगितामा डेब्यु गर्ने यामल बार्सिलोनाकै सबैभन्दा कान्छा खेलाडी

बार्सिलोनाले १० खेलाडीमा सीमित रियल बेटिसलाई ४-० ले हरायो। ला लिगाको बार्सिलोनाले शीर्ष स्थानमा ११ अंकको अग्रता लिएको छ। प्रशिक्षक जाभीले यामल प्रतिभावान् खेलाडी भएको जनाएका छन्। 'बेटिसविरुद्ध एउटा चुनौती लिएका थियौँ, यामललाई मैदानमा पठाएको केही गल्ती भएन,' बार्सिलोनाका प्रशिक्षक जाभीले भने, 'मैदानमा पठाउँदा सक्छौ भनेको थिएँ, यामलले आशा गरेअनुसारै प्रतिस्पर्धा गरे।'

### यामलको मेसीसँग तुलना

बार्सिलोनामा यामल विशेष खेलाडी रहेको जाभीले बताए। 'बार्सिलोनाको क्याम्पमा यामल विशेष खेलाडीका रूपमा रहेका छन्, एक किसिमले उनीसँग जादु छ,' यामलको प्रशंसा गर्दै जाभीले भने, 'मलाई विश्वास छ, युवा खेलाडी भए पनि उनले गोल गर्नेछन्।' रियल बेटिसविरुद्ध आत्मविश्वासका साथ यामलले प्रतिस्पर्धा गरेका थिए। यसबाट जाभी प्रभावित बनेका छन्। 'एक खेलाडीमा आत्मविश्वास हुनुपर्छ, जुन मैले युवा अवस्थाका यामलमा पाएको छु,' जाभीले भने, 'मैदानमा सिनियर खेलाडीलाई भनेको स्थानमा पास उपलब्ध गराए।'

प्रशिक्षक जाभीले यामललाई बार्सिलोनाका पूर्वखेलाडी लियोनल मेसीसँगै तुलना गरेका छन्। 'मेसीले पनि युवा अवस्थामा यस्तै प्रदर्शन गरेका थिए, अहिले यामल पनि मेसीकै पथमा लागेको पाएँ,' उनले भने, 'एक बहादुर खेलाडीले टोलीलाई जिताउन सक्छन्।' मेसीले बार्सिलोनाबाट सन् २००३ मा डेब्यु गरेका थिए। मेसीले बार्सिलोनामा डेब्यु गरेको चार वर्षपछि यामलको जन्म भएको थियो। मेसीले बार्सिलोनाका लागि १६ वर्षमा डेब्यु गरेका हुन्। सन् २००४ को सिजनमै मेसीले स्पेनिस ला लिगा उपाधि उचाले।






नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com